# रामप्रसादराई गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## वैकुण्ठे, भोजपुर, कोशी प्रदेश, नेपाल

# रामप्रसादराई गाउँपालिकाको कृषि विकास रणनीतिक योजना










## अन्तिम प्रतिवेदन

२०८१

## विषय सूची

**परिच्छेद १ः परिचय ........ १**
१.१. पृष्ठभूमि ........ १
१.२ कृषि विकास रणनितीक योजना तर्जुमाको उद्देश्य ........ २
१.३ विषयगत क्षेत्र ........ २
१.४. कृषि सम्बन्धी कानुनी तथा नीतिगत आधार ........ ३
१.५. योजनाको कार्यक्षेत्र तथा उद्देश्य ........ ९
१.६. योजनाको औचित्य ........ १०
**परिच्छेद २ः विधि ........ ११**
२.१. योजना तर्जुमा विधिहरु ........ ११
२.२. योजना तर्जुमाका चरणहरु ........ १२
२.२.१. स्रोत सामाग्रीको अध्ययन : ........ १२
२.२.२. प्रारम्भिक कार्यशाला गोष्ठी ........ १२
२.२.३. वडा स्तरीय छलफल तथा स्थलगत अध्ययनः ........ १२
२.२.४.विषयगत समितिमा छलफल ........ १३
२.२.५. योजना तयारी कार्याशाला गोष्ठीः ........ १४
२.२.६. योजना दस्तावेज तयारीः ........ १४
२.२.७. राय सुझाव सङ्कलन र प्रतिवेदनमा समायोजन ........ १४
२.२.८. योजना प्रमाणिकरण कार्यशाला तथा अन्तिम दस्तावेज तयारीः ........ १४
२.२.९. रणनीतिक योजना तयारीको सीमा ........ १५
**परिच्छेद ३ः गाउँपालिकाको वस्तुस्थिति ........ १७**
३.१. भौगोलिक अवस्थिति ........ १७
३.२. प्रशासनिक विभाजन ........ १९
३.३. प्राकृतिक स्रोतको अवस्था ........ २१
३.४. भू-उपयोगको अवस्था ........ २२
३.५. सामाजिक विवरण ........ ३१
३.५.१. जनसङ्ख्या विवरण ........ ३१
३.५.२. खानेपानी सुविधाका आधारमा जनसङ्ख्या ........ ३१
३.५.३. घरका प्रकार ........ ३२
३.५.४. इन्धनको प्रयोग ........ 32
३.६. आर्थिक गतिविधिका आधारमा जनसङ्ख्याको विवरण ........ ३३
३.६.१. बैङ्क तथा वित्तिय संस्थामा पहुँच ........ ३३

३.६.२. आयश्रोतका आधारमा जनसङ्ख्या ........ ३३
३.६.३. व्यवसायिक सिप र पेशागत आवद्धता : ........ ३५
३.६.४. पेशागत आधारमा जनसङ्ख्याको विवरण ........ ३६
३.७. कृषि पेशा सम्बन्धी विवरण ........ ३७
३.७.१. खाद्यान्न र खेतीयोग्य जमिनको उपलब्धता र जग्गाको स्वामित्व ........ ३७
३.७.२. उत्पादन हुने अन्नबालीको विवरण ........ ४०
३.७.३. गाउँपालिकामा उत्पादन हुने तरकारी बाली ........ ४०
३.७.४. गाउँपालिकामा उत्पादन हुने नगदेबाली ........ ४१
३.७.५. गाउँपालिकामा उत्पादन हुने फलफूल ........ ४२
३.७.६. गाउँपालिकामा चौपाया तथा पशुपन्छी सम्बन्धी विवरण ........ ४३
३.८. कृषि उत्पादनका मुख्य क्षेत्र ........ ४५
३.९. गाउँपालिकामा जोखिमको अवस्था ........ ५४
**परिच्छेद ४: रामप्रसादराई गाउँपालिकाको कृषि विकास योजना ........ ५६**
४.१. पृष्ठभूमि ........ ५६
४.२. समस्या तथा चुनौती ........ ५६
४.३. अवसर ........ ५७
४.४. लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति ........ ५८
४.५. योजना तथा बजेट ........ ६७
४.६. अपेक्षित उपलब्धि ........ ६८
**परिच्छेद ५: योजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन ........ ६९**
५.१. स्रोत परिचालन रणनीति ........ ६९
५.१.१. नीजि क्षेत्रको स्रोत परिचालन नीति ........ ६९
५.१.२. सहकारी क्षेत्रको स्रोत परिचालन नीति ........ ६९
५.१.३. जनसहभागिता परिचालन नीति ........ ६९
५.१.४. सङ्घ संस्थाको स्रोत परिचालन नीति ........ ७०
५.१.५. आन्तरिक श्रोत परिचालन नीति ........ ७०
५.२. रणनीतिक योजना कार्यान्वयन ........ ७०
५.३. अनुगमन तथा मूल्याङ्कन योजना ........ ७१

सन्दर्भ सामाग्री
अनुसूची

# चित्र सूची


*चित्र १ :कृषि विकास रणनीतिको विधि तथा प्रक्रिया* ....... ९

*चित्र २ :कृषि विकास रणनीतिको विधि तथा प्रक्रिया (श्रोत :कृषि विकास रणनीति, सन् २०१५-२०३५)* .... ९

*चित्र ३ :योजना तर्जुमा विधिहरु* ....... ११

*चित्र ४ :रणनीति तर्जुमाको विधि* ....... १५

*चित्र ५ :गाउँपालिकाको अवस्थिति नक्सा* ....... १७

*चित्र ६ :गाउँपालिकाको नदी सञ्जाल नक्सा* ....... १८

*चित्र ७ :गाउँपालिकाको प्रशासनिक विभाजन नक्सा* ....... १९

*चित्र ८ :गाउँपालिकाको भिरालोपना नक्सा* ....... २०

*चित्र ९ :गाउँपालिकाको Aspect नक्सा* ....... २०

*चित्र १० :गाउँपालिकाको DEM नक्सा* ....... २१

*चित्र ११ :रामप्रसादराई गाउँपालिकाको भू-उपयोग* ....... २२

*चित्र १२ :वडा नं .१ को भू-उपयोग अवस्था* ....... २३

*चित्र १३ :वडा नं .२ को भू-उपयोग अवस्था* ....... २४

*चित्र १४ :वडा नं .३ को भू-उपयोग अवस्था* ....... २५

*चित्र १५ :वडा नं .४ को भू-उपयोग अवस्था* ....... २६

*चित्र १६ :वडा नं .५ को भू-उपयोग अवस्था* ....... २७

*चित्र १७ :वडा नं .६ को भू-उपयोगको अवस्था* ....... २८

*चित्र १८ :वडा नं .७ को भू-उपयोगको अवस्था* ....... २९

*चित्र १९ :वडा नं .८ को भू-उपयोगको अवस्था* ....... ३०

*चित्र २० :कृषि उपजका मुख्य क्षेत्रको वडागत विवरण* ....... ४५

*चित्र २१ :वडा नं .१ को कृषि उपजका मुख्य क्षेत्रको विवरण* ....... ४६

*चित्र २२ :वडा नं .२ को कृषि उपजका मुख्य क्षेत्रको विवरण* ....... ४७

*चित्र २३ :वडा नं .३ को कृषि उपजका मुख्य क्षेत्रको विवरण* ....... ४८

*चित्र २४ :वडा नं .४ को कृषि उपजका मुख्य क्षेत्रको विवरण* ....... ४९

*चित्र २५ :वडा नं .५ को कृषि उपजका मुख्य क्षेत्रको विवरण* ....... ५०

*चित्र २६ :वडा नं .६ को कृषि उपजका मुख्य क्षेत्रको विवरण* ....... ५१

*चित्र २७ :वडा नं .७ को कृषि उपजका मुख्य क्षेत्रको विवरण* ....... ५२

*चित्र २८ :वडा नं .८ को कृषि उपजका मुख्य क्षेत्रको विवरण* ....... ५३

# तालिका सूची

*तालिका १ : आवधिक योजनाले समेटेको क्षेत्र र उपक्षेत्र* ........ ३
*तालिका २ :रामप्रसादराई गाउँपालिकामा सिंचाइका लागि उपलब्ध खोला तथा मुहानको वडागत विवरण*१८
*तालिका ३ :रामप्रसादराई गाउँपालिकाको भू-उपयोग अवस्था* ........ २२
*तालिका ४ :वडा नं . १ को भू-उपयोग अवस्था* ........ २३
*तालिका ५ :वडा नं . २ को भू-उपयोग अवस्था* ........ २४
*तालिका ६ :वडा नं . ३ को भू-उपयोग अवस्था* ........ २५
*तालिका ७ :वडा नं . ४ को भू-उपयोग अवस्था* ........ २६
*तालिका ८ :वडा नं . ५ को भू-उपयोग अवस्था* ........ २६
*तालिका ९ :वडा नं . ६ को भू-उपयोगको अवस्था* ........ २७
*तालिका १० :वडा नं . ७ को भू-उपयोगको अवस्था* ........ २८
*तालिका ११ :वडा नं . ८ को भू-उपयोगको अवस्था* ........ २९
*तालिका १२ :गाउँपालिकामा जनसङ्ख्याको वडागत विवरण* ........ ३१
*तालिका १३ :खानेपानीको स्रोत प्रयोग गर्ने परिवार सङ्ख्याको विवरण (प्रतिशतमा)* ........ ३२
*तालिका १४ :बैङ्क तथा वित्तिय संस्थामा खाता भएको परिवार सङ्ख्या* ........ ३३
*तालिका १५ :परिवारको वार्षिक आम्दानी* ........ ३४
*तालिका १६ :गाउँपालिकामा पछिल्लो ५ वर्षमा व्यवसायिक सिप तालिम प्राप्त गर्ने व्यक्तिको सङ्ख्या* ..... ३५
*तालिका १७ :गाउँपालिकामा व्यक्तिहरुले अपनाएको पेशाको आधारमा जनसङ्ख्या विवरण* ........ ३६
*तालिका १८ :गाउँपालिकाको व्यापार व्यवसाय विवरण* ........ ३७
*तालिका १९ :खाद्यान्नको उपलब्धता र जग्गाको स्वामित्व विवरण* ........ ३८
*तालिका २० :गाउँपालिकामा आफ्नै उत्पादनले वर्षभरि खान पुग्ने र नपुग्ने परिवारको विवरण* ........ ३९
*तालिका २१ :गाउँपालिकाको खेतीयोग्य जमिनको विवरण* ........ ३९
*तालिका २२ :गाउँपालिकामा उत्पादन हुने अन्नबालीको विवरण* ........ ४०
*तालिका २३ :गाउँपालिकामा उत्पादन हुने तरकारीको विवरण* ........ ४१
*तालिका २४ :गाउँपालिकामा उत्पादन हुने नगदेबालीको विवरण* ........ ४२
*तालिका २५ :गाउँपालिकामा उत्पादन हुने फलफुलको विवरण* ........ ४२
*तालिका २६ :गाउँपालिकामा चौपाया तथा पशुपन्छी तथा पशुजन्य उत्पादनको विवरण* ........ ४३
*तालिका २७ :गाउँपालिकामा चौपाया तथा पशुपन्छीको विवरण* ........ ४३
*तालिका २८ :गाउँपालिकामा वार्षिक रुपमा उत्पदादन हुने गाई भैंसीको दुध र घ्यू* ........ ४४
*तालिका २९ :बाख्रा पकेट विकास कार्यक्रम सञ्चालन गरिएका फार्महरु* ........ ४४
*तालिका ३० :गाउँपालिकामा माछा, मौरीपालन गर्ने परिवार सङ्ख्या* ........ ४४
*तालिका ३१ :जोखिममा रहेको घरहरुको विवरण* ........ ५४
*तालिका ३२ :प्रकोपको स्तरीकरण* ........ ५५

*तालिका ३३ :गाउँपालिकाको कृषि रणनीति तथा कार्यनीति ........................................................ ६१*
*तालिका ३४ :बाली पकेट क्षेत्रको वडागत विवरण............................................................... ६६*
*तालिका ३५ :अनुमानित बजेट तथा योजना..................................................................... ६७*
*तालिका ३६ :योजना कार्यान्वियन तालिका .................................................................... ७१*
*तालिका ३७ :अनुगमन तथा मूल्याङ्कनको प्रक्रिया र ढाँचा................................................... ७३*

## फोटो सूची

*फोटो १: स्थलगत भ्रमण तथा छलफल गर्दाका झलकहरु ....................................................... १३*
*फोटो २ : गाउँपालिकामा उत्पादन हुने नगदेबालीहरु ........................................................ ३९*
*फोटो ३ : गाउँपालिकाको खेतीयोग्य जमिनहरु................................................................ ४०*
*फोटो ४ : गाउँपालिकामा कृषि उत्पादन......................................................................... ४४*
*फोटो ५ : गाउँपालिकाको कृषि क्षेत्रहरु ......................................................................... ५५*

# परिच्छेद १: परिचय

## १.१. पृष्ठभूमि

नेपाल एक कृषि प्रधान देश हो । यहाँ अधिकांश मानिसहरुको जिविकोपार्जनको श्रोत कृषि रहेको छ । देशको विकासको मुख्य आधार भएता पनि कृषि क्षेत्रको विकासमा निर्भर छ तथापि उत्पादन र उत्पादकत्वमा क्षमता भने कम रहेको छ । देशमा योजनावद्ध विकासको क्रमसँगै कृषि क्षेत्रलाई प्राथमिकता राखिदै आएको छ र पन्ध्रौं योजना सम्म आउँदा मिश्रित उपलब्धि हासिल भएका छन् । विगतका उपलब्धिलाई संस्थागत गरी कृषि क्षेत्रलाई विकास र रुपान्तरण गरी आर्थिक वृद्धि गर्नु अवको लक्ष्य हो । कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व नबढ्नुको कारण कृषि प्रविधिको सिमित प्रयोग, जलवायुजन्य परिवर्तन, कृषिको व्यवसायिकरण, सिंचाइ समस्या, आदि कारणहरु छन् । तथापि देशका केही स्थानमा भने कृषि पेशालाई व्यवसायिकरण गरी लाभ समेत लिइराखेको देख्न सकिन्छ । कृषिका केही उपक्षेत्रहरु जस्तै दुग्ध प्रशोधन, कुखुरापालन, तरकारी खेती, आदिमा भने उत्साहजनक संकेतहरु देखिएका छन् ।

अहिलेका कृषि विकासका कार्यक्रमहरु तीनै तहका सरकारहरुबाट सञ्चालन हुँदै आएका छन् । नेपालको संविधानले कृषि विकासको दायित्व सङ्घ, प्रदेश र स्थानीय तीनै तहमा विभाजन गरेता पनि कृषि विकासलाई मूलत स्थानीय तहको जिम्मेवारीको रुपमा परिभाषित गरेको छ । कृषि क्षेत्रको विकासको लागि पालिकाहरुमा दीर्घकालिन सोच सहितको योजनावद्ध विकासका कार्यक्रम सञ्चालन हुन सकेको छैन । कृषि क्षेत्रको उत्पादन, उत्पादकत्व र व्यवसायिकरणको लागि एकातर्फ खण्डीकरण रोक्नुपर्ने, व्यवसायिकरण गर्ने, कृषिको यान्त्रिकीकरण गर्नु चुनौती छ भने अर्कोतर्फ जग्गा बाँझो राख्ने र कृषि पेशा प्रतिको वितृष्णालाई कम गरी कृषि मार्फत् आर्थिक विकास गर्नुपर्ने छ ।

नेपालको संविधान, २०७२ को अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ (ण) अनुसार स्थानीय सरकारको अधिकार क्षेत्रभित्र स्थानीय योजना र परियोजनाको विकासका साथै पर्दछन् । नेपालको संवैधानिक व्यवस्था अनुसार कृषि विकासको जिम्मेवारी स्थानीय तहमै रहेकोले स्थान विशेष, भौगोलिक विशिष्टताका आधारमा आफ्नो पालिकाको योजना तयार गरी कार्यान्वयन गर्दा बढी प्रभावकारी हुन्छ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ ले स्थानीय निकायहरुले स्थानीय तहको आवधिक, वार्षिक रणनीतिगत अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन विकास योजना तर्जुमा गरी यसको कार्यान्वयन गर्ने अधिकार स्पष्ट गरेको छ ।

कोशी प्रदेश अन्तर्गत भोजपूर जिल्लामा अवस्थित यस रामप्रसादराई गाउँपालिका कृषि क्षेत्रमा उच्च सम्भावना बोकेको गाउँपालिका हो । यहाँ तरकारी, पशुपालन, अन्नबाली, नगदेबाली, दलहन लगायतका बालीहरुको उत्पादनका अथाह सम्भावना रहेको छ साथै केही स्थानमा उत्पादन पनि भई रहेका छन् । भौगोलिक रुपमा केही विकट भएता पनि खोलानालाको उपलब्धता, उर्वर जमिन तथा उपयुक्त हावापानी भएका कारण यस पालिकामा कृषि तथा पशुपालन साथै यससँग सम्बन्धित उद्योग व्यवसायहरुको प्रचुर सम्भावना रहेको छ । यस सन्दर्भमा कृषि क्षेत्रको सर्वोपरि विकासका लागि कृषि विकास रणनीतिक योजना तर्जुमा तथा नीतिगत विकास अपरिहार्य भएका कारण यो योजना तयार गरिएको छ । रामप्रसादराई गाउँपालिकाको एकीकृत कृषि विकास मार्फत कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गरी दिगो खाद्य तथा पोषण सुरक्षा सुनिनिश्चता गर्ने, गाउँपालिकाको कृषि क्षेत्रको व्यवसायिकरण गर्दै रोजगारीका अवसरहरु सिर्जना गरी जनताको आयस्तर र जिविकोपार्जनमा सुधार सहित कृषि उपजमा आत्मनिर्भर बनाउन सहयोग पुऱ्याउनका लागि कृषिको यो योजना अपरिहार्य छ ।

## १.२ कृषि विकास रणनितीक योजना तर्जुमाको उद्देश्य

स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा २४ को व्यवस्था बमोजिम स्थानीय निकायहरुले आफ्नो अधिकार क्षेत्र र जिम्मेवारी भित्रको विषयमा स्थानीय स्तरको समग्र र एकीकृत विकासको लागि आवधिक, वार्षिक, मध्यम र दिर्घकालिन क्षेत्रगत रणनैतिक योजना तर्जुमा गरी यसको कार्यान्वयन गर्ने अधिकार स्पष्ट गरेको छ । साथै नेपालको संविधान २०७२ को धारा ५१ (ङ) मा राज्यका नीतिहरु अन्तर्गत कृषि र भूमिसुधार सम्बन्धी नीति, (च) मा विकास सम्बन्धी नीति, (छ) मा प्राकृतिक साधन स्रोतको संरक्षण, सम्वर्द्धन र उपयोग सम्बन्धी नीतिको समेत व्यवस्था गरिएको छ ।

यस रामप्रसादराई गाउँपालिका कृषि, लघुव्यावसाय, पशुपालन तथा मत्स्यपालनका हिसाबले सम्भावना बोकेको स्थान हो जहाँ कृषि पेशा अँगाल्ने घरपरिवारको सङ्ख्या अधिक छ । यहाँको खेतीयोग्य जमिन तरकारी, फलफुल, दुग्ध उत्पादन, अलैची, तरकारी साथै अनाज समेत उत्पादन गर्न सकिन्छ तर एकातिर आधुनिक कृषि औजार, मल, बिउ, आदि समस्याको रुपमा रहेको छ भने अर्कातिर उपलब्ध जमिनको पनि वैज्ञानिक उपयोग हुन सकेको छैन । जडिबुटी, दुग्ध उत्पादन, अन्नबाली, तथा पशुजन्य उत्पादनका योजनावद्ध विकास एवम् विस्तारका खाकाहरु पनि व्यवस्थित कृषि रणनीतिको अभावमा तयार हुन सकेका छैनन् । विभिन्न आर्थिक, सामाजिक एवम् भौतिक पूर्वाधारका कारणले यस गाउँपलिकाबाट अन्य जिल्लामा बसाइँ सरेर जानेहरुको सङ्ख्या बढ्दो क्रममा छ । जलवायु परिवर्तनको असर स्वरुप कृषि क्षेत्रमा रोगकीरा, खडेरी, प्राकृतिक प्रकोप, सिंचाइ सुविधाको अभाव आदिका कारण उत्पादन तथा उत्पादकत्वमा ह्रास आइरहेको छ । कृषिको विकासकालागि आवश्यक मल, बीउ, सिंचाइ सुविधा, भौतिक पूर्वाधारहरुको अभाव लगायतका कारणले कृषि पेशा प्रति मानिसहरुको आकर्षण कम हुँदै गएकाले खेतीयोग्य जमिन बाँझो छोड्ने प्रवृति बढ्दो छ । ठुलो भू-भाग खेतीयोग्य भएतापनि कृषि उत्पादनले वर्ष भर खान पुग्ने घर परिवारको सङ्ख्या भने न्युन छ । त्यसकारण मानिसहरु वैकल्पिक उपार्जनका लागि विदेशिनुपर्ने बाध्यता छ । प्राकृतिक श्रोतका धनी यस गाउँपालिकामा बसाइँसराइको क्रमलाई रोक्न, कृषि पेशाबाट आर्थिक समुन्नति हासिल गर्न तथा कृषिको व्यावसायिकरण गर्दै आत्मनिर्भर गाउँपालिका निर्माण गर्न कृषि क्षेत्रको योजनागत विकासको अपरिहार्यता महशुस गरिएको छ । यस योजनाले कृषि क्षेत्रको विषयगत वस्तुस्थिति, प्रवृत्ति विश्लेषण, क्षेत्रगत सबल पक्ष, दुर्वल पक्ष, अवसर तथा चुनौती विश्लेषण लगायत स्थानीय आवश्यकतामा आधारित कृषि क्षेत्रका योजना, नीति तथा कार्यक्रमको प्राथमिकीकरण गरेको छ ।

समग्रमा यस रामप्रसादराई गाउँपालिकाको कृषि विकास रणनीतिक योजनाको उद्देश्य भनेको कृषि क्षेत्रको समस्या, चुनौती तथा अवसरको पहिचान गर्दै विगत तथा वर्तमान अवस्थाको समीक्षामा आधारित रही यस गाउँपालिकाको ३ वर्ष, ३ देखि ५ वर्ष र ५ देखि १० वर्षको कार्ययोजना सहितको कृषि विकासको समष्टिगत रणनीतिक योजना तयार गर्नु हो ।

## १.३ विषयगत क्षेत्र

राष्ट्रिय योजना आयोग, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७५ ले आवधिक योजना तर्जुमा गर्नको लागि विभिन्न विषय क्षेत्रहरु पहिचान गरी विषयगत क्षेत्र र समिति गठन गर्नुपर्ने व्यवस्था गरेको छ । विषयगत समितिले विषयगत योजना तथा कार्यक्रम तयारीका लागि सहजीकरण गर्ने, निर्देशक समितिलाई आफ्नो विषयसँग सम्बन्धित समस्याको विस्तृत जानकारी गराउने, समस्या पहिचान, योजना छनोट र प्राथमिकीकरणमा सहयोग गर्ने, सरोकारवाला निकायहरुसँगको छलछफलमा सहभागिता जनाई सक्रिय सहयोग गर्ने, विषयगत अग्रणी क्षेत्र पहिचान गरी सो सम्बन्धी मस्यौदा योजना तयारीमा सहयोग गर्ने, लक्ष्य तथा उद्देश्यलाई कार्यशाला गोष्ठी तथा अन्य परामर्श छलफल मार्फत सुचनाहरु सङ्कलन तथा विश्लेषण गर्न सहयोग गर्ने दायित्व बोकेको हुन्छ ।

*तालिका १ : आवधिक योजनाले समेटेको क्षेत्र र उपक्षेत्र*

| **प्रमुख क्षेत्र** | **उपक्षेत्र** |
|---|---|
| आर्थिक | कृषि, सिंचाइ, उद्योग, व्यापार, व्यवसाय, पर्यटन तथा संस्कृति, भूमि व्यवस्था, सहकारी एवम् वित्तीय सेवा, श्रम, रोजगारी तथा गरिबी निवारण |
| सामाजिक | स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाइ, महिला, बालबालिका तथा सामाजिक समावेशीकरण, युवा, खेलकुद तथा नवप्रवर्द्धन, सामाजिक सुरक्षा तथा पन्जीकरण |
| पूर्वाधार | भवन, आवास तथा बस्ती विकास, सडक, पुल तथा यातायात, जलश्रोत, विद्युत तथा स्वच्छ ऊर्जा, सुचना तथा सञ्चार प्रविधि |
| वन तथा वातावरण एवम् विपद व्यवस्थापन | वन, भू-संरक्षण तथा जैविक विविधता, वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन, विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन |
| सुशासन तथा संस्थागत विकास | नीति, कानुन तथा न्याय, सुशासन, संगठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह, राजस्व तथा श्रोत परिचालन, तथ्याङ्क प्रणाली, योजना र विकास व्यवस्थापन |

प्रत्येक विषयगत समितिमा निम्नानुसारका पदाधिकारीहरु रहने प्रावधान रहेको छ:

- कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य — संयोजक
- गाउँ सभाका कम्तीमा १ जना महिला तथा १ जना दलित सदस्य सहित ३ जना — सदस्य
- समितिले तोकेको सम्बन्धित विषय हेर्ने शाखाका प्रमुख — सदस्य सचिव
- सम्बन्धित विषय क्षेत्रका अन्य शाखा प्रमुख — आमन्त्रित सदस्य
- स्थानीय बुद्धिजीवी, समाजसेवीबाट १ जना — सदस्य

यस योजनाले आर्थिक क्षेत्र अन्तर्गत समेटिने गरी रामप्रसादराई गाउँपालिकाको कृषि तथा सिंचाइलाई समेटेको छ जसमा कृषि र सिंचाइ क्षेत्रको वर्तमान अवस्था, समस्या र चुनौती, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, योजना तथा कार्यक्रम एवम् अपेक्षित उपलब्धिलाई समेटेको छ भने योजना सञ्चालनार्थ आवश्यक अनुमानित बजेट पनि प्रस्तुत गरेको छ ।

## १.४. कृषि सम्बन्धी कानुनी तथा नीतिगत आधार

यो कृषि विकास रणनीतिक योजना निश्चित कानुनी तथा नीतिगत आधारमा रहेर निर्माण गरिएको छ । नेपालको संविधान २०७२ ले नागरिकका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति, सङ्घीय तथा प्रदेशको कानुन र नीति, स्थानिय तहको कानुन नीति तथा कार्यक्रमबाट मुख्य रुपमा निर्देशित छ । स्थानिय सरकार सञ्चालन ऐन २०७४ ( परिमार्जित २०७५), परिच्छेद ६ दफा २४ को उपदफा १ अनुसार स्थानिय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा आधारित रहेर स्थानिय स्तरको विकासका लागि दीर्घकालिन, मध्यकालीन र वार्षिक योजना, विषय क्षेत्रगतका योजना तर्जुमा गरि तयार गर्नु पर्ने प्राबधान रहेको छ । स्थानिय तहले आफ्नो योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकारको सोच, लक्ष्य उद्देश्य, नीति तथा कार्यक्रम तथा समय सिमा सँग समायोजन हुने गरि तथा दीगो विकासका लक्ष्यले तय गरेका लक्ष्य, उद्देश्य र सूचकमा आधारित रहि तयार गनुपर्ने हुन्छ । यस योजनाका नीतिगत र कानुनी आधारलाई निम्नानुसार प्रस्तुत गरिन्छ ।

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- पन्धौ पञ्चवर्षीय योजना

- सिंचाइ नीति २०७०
- भू-उपयोग नीति, २०७२
- कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३
- राष्ट्रिय कृषि नीति २०६१
- कोशी प्रदेशको प्रथम आवधिक योजना (२०७६/०७७-२०८०/२०८१)
- कृषि विकास रणनीति (सन् २०१५-२०३५)

**नेपालको संविधान २०७२**

नेपालको संविधान २०७२ प्रत्येक नागरिकलाई खाद्य सुरक्षा सम्बन्धी हक हुने, खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने र कानून बमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ भनी निर्दिष्ट गरेको छ । त्यस्तै प्रत्येक किसानलाई कानून बमोजिम कृषि कार्यका लागि भूमिमा पहुँच, परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बीउ बिजन र कृषि प्रजातिको छनौट र संरक्षणको हक हुनेछ भनेको छ । संविधानले कृषि र भूमिसुधार सम्बन्धी नीति : (१) भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमिसुधार गर्ने, (२) अनुपस्थित भू-स्वामित्वलाई निरुत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, (३) किसानको हक हित संरक्षण र सम्वर्द्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भू-उपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायिकरण, औद्योगिकीकरण, विविधिकरण र आधुनिकीकरण गर्ने, (४) भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने, (५) कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने विषयवस्तुहरु समेटेको छ ।

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य तथा अधिकार अन्तर्गत १) कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ, सहकारी सम्बन्धी व्यवस्था गरेको छ जस अन्तर्गत स्थानीय निकायको निम्न अनुसारका अधिकार क्षेत्र पर्दछ :

- स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन
- कृषि तथा हाटबजार सुचना, पूर्वाधार निर्माण, साना सिंचाइ निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामाग्री आपूर्ति, कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन, अनुगमन र नियमन,
- कृषि तथा पशुपन्छी प्राकृतिक प्रकोप महामारी नियन्त्रण
- पशुपन्छी चिकित्सा सेवा व्यवस्थापन
- कृषि वातावरण र जैविक विविधता संरक्षण
- पशुनश्ल सुधार
- कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास र बजारीकरण
- स्थानीय चरन, खर्क व्यवस्थापन
- पशु आहार गुणस्तर व्यवस्थापन
- पशुपन्छी तथ्याङ्क व्यवस्थापन
- पशु वधशाला तथा शीत भण्डार व्यवस्थापन
- पशु बीमा आदि

त्यस्तै स्थानीय कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण अन्तर्गतका अधिकार क्षेत्रहरुः

- कृषि प्रसार सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन, अनुगमन र नियमन
- कृषि प्रसार तथा जनशक्ति प्रक्षेपण, व्यवस्थापन र परिचालन,
- कृषकको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, सीप विकास र सशक्तिकरण
- कृषि बीउ बिजन, नश्ल, मलखाद र रसायन तथा औषधीको आपूर्ति, उपयोग र नियमन
- कृषक समूह, कृषि सहकारी र कृषि सम्बन्धी स्थानीय सङ्घ संस्थाको समन्वय, व्यवस्थापन र नियमन
- स्थानीय स्तरमा कृषि सम्बन्धी प्रविधिको संरक्षण र हस्तान्तरण
- कृषि सम्बन्धी सुचनाको प्रचारप्रसार
- स्थानीय स्तरका श्रोतकेन्द्रको विकास र व्यवस्थापन
- प्राङ्गारिक खेती प्रवर्द्धन, प्रचारप्रसार

## पन्धौ पञ्चवर्षीय योजना

पन्धौ पञ्चवर्षीय योजनाले प्रतिस्पर्धी जलवायु अनुकुलन, आत्मनिर्भर एवम् निर्यातमुखी उद्योगको रुपमा कृषि क्षेत्रलाई रुपान्तरण गर्दै समावेशी र दीगो आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राखेको छ । यस योजनाले कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वको वृद्धि गरी खाद्य र पोषण सुरक्षा सुनिश्चित गर्नु, कृषिमा आधारित उद्योगको विकास गरी रोजगारी र आम्दानी वृद्धि गर्नु, व्यवसायिकरण तथा प्रतिस्पर्धात्मक क्षमता विकास गरी कृषि क्षेत्रको व्यापार सन्तुलन गर्ने उद्देश्य तय गरेको छ । यी उद्देश्य हासिल गर्न निम्न लिखित रणनीति तय गरिएको छः

## कृषि रणनीति

- सङ्घ, प्रदेश, स्थानीय तह तथा सम्बन्धित सरोकारवालासँगको समन्वय र सहकार्यमा कृषि सम्बन्धी नीति, कानुन तथा योजना निर्माण गरी कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,
- कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्न अनुसन्धान र प्रसार पद्धतिलाई एकीकृत गर्दै र प्रभावकारी बनाउँदै गुणस्तरीय उत्पादन सामाग्री तथा सेवाको उपलब्धता सुनिश्चितता गर्ने,
- कृषिमा निजी क्षेत्रको लगानी वृद्धिको उचित वातावरण सिर्जना गर्न नीति तथा संरचनागत सुधार र कर्यक्रमगत सहयोग तथा सहजीकरण गर्ने
- कृषि पूर्वाधारको विकास, बजार सुचना प्रणालीको स्थापना, साना तथा मझौला कृषि उद्यमशीलताको विकास, खाद्य स्वच्छता तथा गुणस्तर अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्ने
- स्थानीय सम्भाव्यताका आधारमा उत्पादनशील कृषकहरुको प्राविधिक, व्यवसायिक तथा संस्थागत क्षमता अभिवृद्धिका साथै उनीहरुको अधिकार सुनिश्चित गर्दै उत्पादन र बजारीकरणलाई नाफामूलक बनाउने
- तुलनात्मक लाभ एवम् उच्च मूल्य बाली तथा वस्तुको बजारीकरण गरी निर्यात प्रवर्द्धन गर्ने
- जलवायु परिवर्तन र प्रकोपबाट पर्ने नकारात्मक असर न्यूनीकरण गर्दै जलवायु अनुकूलन तथा उत्थानशील प्राङ्गारिक लगायतका कृषि प्राविधिक विकास र विस्तार गर्ने

त्यस्तै गरी सिंचाइका सन्दर्भमा पन्धौं योजनाले दीगो एवम् भरपर्दो सिंचाइ सुविधा उपलब्ध गराई कृषि उत्पादन र उत्पादकत्व वृद्धिमा योगदान गर्ने सोच तथा कृषियोग्य भूमिमा दीगो एवम् भरमर्दो सिंचाइ सुविधा उपलब्ध गराउनु, सम्पन्न सिंचाइ प्रणालीको मर्मत सम्भार एवम् व्यवस्थापनलाई सुदृढ तुल्याई दीगो बनाउनु सिंचाइ सम्बन्धी मुख्य उद्देश्य हुन् । यस सन्दर्भमा सिंचाइ क्षेत्र अन्तर्गत निम्न रणनीति तथा सोही अनुरुपका कर्यनीतिहरु तय गरेको छ ।

## सिंचाइ रणनीति

- सिंचाइ विकासको गुरुयोजना र कृषि विकास रणनीति अनुसार जलवायु परिवर्तन अनुकुलन हुने गरी सिंचाइ योजनाहरुको विकास एवम् विस्तार गर्नु ।
- नयाँ प्रविधिमा आधारित सिंचाइको विकास गर्नुका साथै सिंचाइ दक्षता वृद्धि गर्नु ।
- सङ्घ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा सिंचाइ प्रणालीको विकास गर्ने तथा बाह्रै महिना सिंचाइ सेवा उपलब्ध गराउनका लागि ठुला बहुउद्देश्यीक, अन्तरजलाधार र जलाशययुक्त आयोजनालाई प्रथामिकताका साथ अघि बढाउने ।
- भूमिगत सिंचाइ योजनाको विस्तार सहित उपयोगमा जोड दिने ।
- सिंचाइ प्रणालीको मर्मत सम्भार एवम् दीगो व्यवस्थापनका लागि श्रोत सहित उपभोक्ता सहभागिता सुनिश्चित गर्ने ।
- नीतिगत सुधार एवम् विद्यमान संस्थागत संरचनाको क्षमता र जनशक्तिको दक्षता अभिवृद्धि गर्ने ।

## सिंचाइ नीति २०७०

सिंचाइ नीति २०७० ले मुलुकका सम्पूर्ण कृषियोग्य भूमिमा कृषि उत्पादकत्वमा योगदान पुग्ने गरी वर्षैभरि दीगो एवम् भरपर्दो सिंचाइ सुविधा पुऱ्याउने दृष्टिकोण राखेको छ ।

## सिंचाइ नीतिका उद्देश्य

- मुलुकमा उपलब्ध जलश्रोतको अधिकतम उपयोग गरी सिंचाइ क्षेत्रको दीगो विकास एवम् विस्तार गर्ने ।
- सिंचाइ संरचनाको उचित मर्मत सम्भार, प्रभावकारी जल व्यवस्थापन, आधुनिकीकरण तथा नयाँ सिंचाइ योजनाको निर्माण गरी वर्षभरि भरपर्दो सेवा पुऱ्याउने ।
- सिंचाइका लागि सतह तथा भुमिगत जलस्रोतलाई संयोजनात्मक रुपमा उपयोग गर्ने ।
- सम्भाव्यताका आधारमा मुलुकका सबै क्षेत्रमा सिंचाइको सन्तुलित र सामन्जस्ययुक्त विकास गर्ने ।
- बहुउद्देश्यीय जलाशय एवम् अन्तर जलाधार जल स्थानान्तरण योजना लगायत सिंचाइ सम्बन्धी प्रविधिको विकास तथा कार्यान्वयन गर्न सक्षम हुने गरी संगठनात्मक सुधार तथा जनशक्तिको क्षमता अभिवृद्धि गर्ने ।

उपरोक्त उद्देश्य हासिल गर्न सोही अनुरुपका नीति तथा कार्यनीति तयार गरिएको छ । नदी जलाधार क्षेत्रको एकीकृत विकास तथा व्यवस्थापन समेत हुने गरी राष्ट्रियस्तर तथा जिल्लास्तरमा सिंचाइ गुरुयोजना तयार गर्ने, वर्षभर सिंचाइ सुविधाको प्रत्याभूति गर्न जलाशय निर्माण, वर्षाको पानी संचय गर्ने पद्धतिको अवलम्बन र भूमिगत जलश्रोतको विकास, संरक्षण, सम्बर्द्धन र उपयोग गरिने, जलवायु परिवर्तनको प्रभावलाई सम्बोधन गर्न जलवायु जोखिम व्यवस्थापन एवम् प्रकोप जोखिम व्यवस्थापनसम्बन्धी कायर्क्रमहरु सञ्चालन गर्नुका साथै अनकुलन र अल्पीकरणमा पनि जोड दिइने लगायतका नीति लिएको छ । कार्यनीति अन्तर्गत आयोजना पहिचान, अध्ययन र छनोट, आयोजना कार्यान्वयन कार्यविधि, उपभोक्ता संस्था, श्रोत परिचालन र जनसहभागिता, प्रणाली व्यवस्थापन, सिंचाइ सेवा शुल्क र आयश्रोतका अन्य उपाय, मर्मत सम्भार र प्रणाली सञ्चालन, व्यक्ति, समूह र गैर सरकारी सङ्घसंस्था, जवाफदेहीता र जिम्मेवारी, वातावरण संरक्षण एवम् जल गुणस्तर व्यवस्थापन, लैंगिक समानता र समावेशी विकास, गरीवी न्युनीकरण र महिला विकास, प्रविधि विकास र प्राविधिक जनशक्ति व्यवस्थापन, अनुसन्धान र विकास, प्रोत्साहन र सहुलियत आदि जस्ता विषय क्षेत्र अन्तर्गतका विभिन्न प्रावधानहरुको व्यवस्था गरिएको छ ।

### भू-उपयोग नीति, २०७२

भू-उपयोग नीति २०७२ ले उपलब्ध भूमि श्रोतको समुचित उपयोग गरी दीगो रुपमा सामाजिक, आर्थिक र वातावरणीय समृद्धि हासिल गर्ने दीर्घकालीन दृष्टिकोण तथा भू-उपयोग पद्धतिको विकास गर्दै भूमिको दीगो व्यवस्थापन गर्ने लक्ष्य राखेको छ ।

### भू-उपयोग नीति २०७२ का उद्देश्यहरु

- राष्ट्रको समग्र भूमिलाई विभिन्न भू-उपयोगका क्षेत्रमा वर्गीकरण गर्ने ।
- तहगत भू-उपयोग योजना तर्जुमा गर्ने ।
- भू-उपयोग योजनाका आधारमा भूमि तथा भूमिश्रोतको उपयोग सुनिश्चित गर्ने ।
- प्राकृतिक तथा मानव सिर्जित प्रकोपजन्य जोखिमहरुको न्युनीकरण गर्ने ।
- कित्तामा आधारित भूमि लगत तयार गरी उपयोगका आधारमा मूल्याङ्कन र कर प्रणाली कार्यान्वयन गर्ने ।

भू-उपयोग नीति २०७२ ले भूमिको बनोट, क्षमता, उपयुक्तता, उपयोग र आवश्यकताको आधारमा भूमिलाई कृषि, आवासीय, व्यवसायिक, औद्योगिक, खानी तथा खनिज क्षेत्र, वन क्षेत्र, नदीताल तलैया, सार्वजनिक उपयोग तथा खुला क्षेत्र, निर्माण सामाग्री उत्खनन् क्षेत्र, सांस्कृतिक र पुरातात्विक महत्वको क्षेत्र, र अन्य क्षेत्र भनी वर्गीकरण गरेको छ । भू-उपयोग योजनाका आधारमा भूमिश्रोतको उपयोग गर्ने, सोही अनुकुल हुने गरी भौतिक पूर्वाधार योजना तर्जुमा तथा कार्यान्वयन गर्ने आदि लगायतका विभिन्न व्यवस्थाहरु गरेको छ ।

### कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३

स्थानीयस्तरमा कृषकले उत्पादन गरेका कृषि योग्य वस्तुहरुले निश्चित बजार पाउन नसकिरहेको अवस्थामा कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३ लागू भएको हो । यस नीतिले “बजारमुखी र प्रतिस्पर्धात्मक कृषि उत्पादन गर्न सघाउ पुऱ्याउने, कृषिजन्य उद्योगको विकास गरी आन्तरिक बजार तथा निर्यात प्रवर्द्धनमा योगदान पुऱ्याउने र कृषिको व्यावसायिकरण गरी गरिबी निवारणमा सहयोग पुऱ्याउने उद्देश्य राखेको छ । नीतिगत सुधार, बजार व्यवस्था तथा कृषि उद्योगहरुको वीमा, सार्वजनिक-निजी साझेदारीमा पूर्वाधार विकास गर्ने प्रणालीको विकास, कृषि व्यवसाय प्रवर्द्धन कोष स्थापना, वैदेशिक बजारको मागको खोजी, वैदेशिक प्रत्यक्ष लगानी प्रोत्साहित गरिने, कृषिवस्तुहरूको गुणस्तर प्रमाणीकरण गरी कृषि व्यवसायलाई प्रवर्द्धन गरिने, सिंचाई, कृषि सडक, सङ्कलन केन्द्र, शीत भण्डार, ग्रामीण विद्युतीकरण, उपयुक्त कृषि प्रविधिको विकास, परीक्षण सेवा जस्ता पूर्वाधारहरु विस्तार गर्ने” लगायतका नीति लिएको छ । (श्रोतः कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३)

### राष्ट्रिय कृषि नीति, २०६१

कृषि क्षेत्रको समग्र विकासको लक्ष्य लिई दीर्घकालीन कृषि योजनाका मूलभूत पक्षलाई कायम राखी तत्कालीन श्री ५ को सरकारले कृषि नीति, २०६१ जारी गरेको थियो । राष्ट्रिय कृषि नीति २०६१ ले कृषिको व्यवसायिकरण गरी उच्च एवम् दिगो आर्थिक वृद्धि हासिल गरी खाद्य सुरक्षा तथा गरीबी निवारणमा योगदान गर्नका लागि कृषि उत्पादन एवम् उत्पादकत्व बढाउने, प्रतिस्पर्धात्मक बनाउने तथा प्राकृतिक श्रोत, वातावरण र जैविक विविधताको संरक्षण, सम्वर्द्धन एवम् सदुपयोग गर्ने उद्देश्य लिएको छ ।

### कोशी प्रदेशको प्रथम आवधिक योजना (२०७६/०७७-२०८०/२०८१)

कोशी प्रदेशको प्रथम आवधिक योजनाले कृषि क्षेत्र अन्तर्गत “समुन्नत कृषि, सम्पन्न किसानः समृद्ध प्रदेश” को क्षेत्रगत सोच राखेको छ भने कृषि क्षेत्रको गार्हस्थ उत्पादनमा वृद्धि हुने लक्ष्य राखेको छ । कृषिको उत्पादन तथा

उत्पादकत्व वृद्धि गर्नु, तुलनात्मक लाभ भएका बाली तथा पशुपन्छीजन्य उत्पादनको विकास एवम् विस्तार गर्नु यस योजनाका उद्देश्यहरु रहेका छन् । यी उद्देश्य हासिल गर्न निम्न अनुसारका रणनीति तय गरेको छ जसका आधारमा विविध कार्यनीति निर्धारण गरिएको छ :

- भूउपयोग नीति अनुरुप कृषि जमिनको संरक्षण र उपयोग गर्ने ।
- कृषिको व्यावसायिकरणमा निजी क्षेत्र, सहकारी तथा अन्तर सरकार समन्वय र सहकार्य गर्ने ।
- प्राङ्गारिक खेती, आधारभूत खाद्यवस्तु तथा तुलनात्मक लाभ भएका बाली र पशुपन्छी उत्पादनमा वृद्धि गर्ने ।
- कृषक र कृषि सम्बद्ध निकायको क्षमता विकास एवम् प्रविधि हस्तान्तरण गर्ने ।
- उत्पादित वस्तुको बजारीकरण गर्ने ।
- कृषि एवम् पशुपन्छी उद्योगको संरक्षण, विकास र विस्तार गर्ने ।


त्यस्तै आवधिक योजनाको अन्त सम्ममा कृषि क्षेत्रको वार्षिक वृद्धिदर ५.६ प्रतिशत पुगेको हुने अपेक्षा गरिएको छ । कृषि तथा कृषिजन्य उद्योगमा १५ प्रतिशतले वृद्धि भएको हुने तथा तरकारी, धान, माछा, मकै, लगायत पशुपन्छीजन्य उत्पादनमा वृद्धि हुने, कृषिजन्य उपजको मुल्य अभिवृद्धि भएको हुनु, स्वस्थकर खाद्यान्नको उपलब्धता, जैविक बालीको अनुपातमा वृदि र रैथाने जातका कृषि तथा पशुपन्छी उत्पादनमा वृद्धि भएको हुने आँकलन गरिएको छ ।

त्यस्तै सिंचाइ क्षेत्र अन्तर्गत "व्यवस्थित सिंचाइ, उन्नत कृषि समृद्ध प्रदेश, सुखी प्रदेशबासी" भन्ने क्षेत्रगत सोच र कृषियोग्य भूमिमा दीगो र भरपर्दो सिंचाइ सुविधाको विस्तार गर्ने लक्ष्य सहित सिंचित क्षेत्रको विस्तार, विद्यमान सिंचाइ आयोजनाको पूर्ण उपयोग र कृषक व्यवस्थित सिंचाइ प्रणालीलाई सुदृढीकरण गर्ने उद्देश्य राखेको छ । यसकालागि संस्थागत सुदृढीकरण, सिंचाइ प्रणालीको नियमित मर्मत सम्भार र पुनस्थापना, स्थानगत हिसाबमा ठूला, मझौला तथा साना सिंचाइ आयोजना मार्फत् सिंचाइ सेवालाई सर्वसुलभ बनाउने रणनीति लिएको छ ।


त्यस्तै कृषि यान्त्रिकीकरण प्रवर्द्धन नीति, २०७१ ले कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्न र दीगो र प्रतिस्पर्धी बनाउन कृषि यन्त्र तथा उपकरणको अनुसन्धान, अनुशरण, विकास, प्रयोग, विस्तार, प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ ।

### कृषि विकास रणनीति (सन् २०१५-२०३५)

कृषि विकास मन्त्रालयले राष्ट्रिय किसान सञ्जालसँगको सहकार्यमा Asian Development Bank (ADB) को प्राविधिक टोलीको सहयोगमा कृषि विकास रणनीति (सन् २०१५-२०३५) तयार पारेको हो । यसले कृषि क्षेत्रको १० वर्षे कार्ययोजना र मार्गचित्र सहितको कृषि विकासको २० वर्षे रणनीतिक योजना तयार पारेको छ । यस रणनीतिक योजनाको लक्ष्य "कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्न र त्यसलाई दीगो र प्रतिस्पर्धी बनाउन कृषि यन्त्र तथा उपकरणको अनुसन्धान, अनुशरण, विकास, प्रयोग विस्तार एवम् प्रवर्द्धन गर्ने" रहेको छ । यस रणनीतिक योजनाका उद्देश्यहरुमा कृषिको यान्त्रिकीकरणको माध्यमबाट उत्पादकत्व वृद्धि, कृषि यन्त्र तथा उपकरणमा कृषक, उद्यमीको पहुँच विस्तार, वातावरणमैत्री कृषियन्त्र र उपकरणको पहिचान तथा प्रवर्द्धन, कृषिको यान्त्रिकीकरणका लागि संस्थागत संरचना विकास र यन्त्र तथा उपकरणको गुणस्तर निर्धारण, नियमन तथा प्रवर्द्धन गर्ने रहेका छन् ।




*चित्र १ : कृषि विकास रणनीतिको विधि तथा प्रक्रिया*




*चित्र २ : कृषि विकास रणनीतिको विधि तथा प्रक्रिया (श्रोत: कृषि विकास रणनीति, सन् २०१५-२०३५)*

## १.५. योजनाको कार्यक्षेत्र तथा उद्देश्य

यस योजनाका निम्नानुसारका उद्देश्य :

- गाउँपालिकाको विद्यमान अवस्थाको विश्लेषण गरी सबै सुचना सहितको वस्तुगत विवरण तयार पार्ने ।
- गाउँपालिकाका कृषि क्षेत्रका स्थानीय समस्या, सवाल र आवश्यकता हरुलाई पहिचान गर्ने ।
- गाउँपालिकाको कृषि सम्बन्धी स्थानीय श्रोतको पहिचान गर्ने ।

- गाउँपालिकाको कृषि क्षेत्रको विकासका लागि लक्ष्य, उद्देश्य, नीति तथा कार्यनीति सहितको कृषि विकास रणनीतिक योजना तयार गर्ने ।

### १.६. योजनाको औचित्य

गाउँपालिकाको कृषि रणनीतिक योजनाले पालिकाको समग्र कृषि विकासको खाकालाई दर्शाउँछ । सहभागितात्मक विधि अपनाएर तयार पारेको यस्तो योजनाले गाउँपालिकाको वस्तुस्थितिलाई विश्लेषण गरी योजनाको छनौट तथा प्राथमिकीकरण गर्न सजिलो बनाउँदछ । गाउँपालिकामा सङ्घीय तथा प्रदेश सरकारबाट आउने नियमित अनुदान र आफ्नो आम्दानीका स्रोतहरूको उचित परिचालनबाट मात्र स्थानीय जनताले चाहना गरे अनुसारका विकासका योजनाहरू सम्पन्न गर्न सम्भव हुन्छ । त्यसैगरी कृषि क्षेत्रको सर्वांगीण विकास मार्फत् मात्र पालिकाको आर्थिक समुन्नयनको कल्पना गर्न सकिन्छ । यसका लागि गाउँपालिकाको प्राथमिकताका आधार निर्धारण गरि वस्तुपरक ढंगले रणनीतिक योजना आवश्यक हुन्छ । नियमित स्रोत बाहेक प्रदेश सरकार, केन्द्र सरकार र अन्य स्वदेशी तथा वैदेशिक सङ्घ संस्थाहरूबाट आशा गरिएका योजनाहरू माग गर्न र आफ्नो मागलाई पुष्टि गर्न यस दस्तावेजले एउटा बलियो आधार प्रदान गर्दछ ।

रणनीतिक योजनाको माध्यमबाट पालिका भित्रका प्राथमिकताका क्षेत्र, दीर्घकालिन सोच, पाँच/तीन वर्षको लक्ष्य तथा उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम र आगामी पाँच वर्षका लागि आवश्यक अनुमानित बजेट, साथै रणनीतिक योजनाको लक्ष्य र उद्देश्यका आधारमा गाउँपालिकाको प्रभाव, असर र प्रतिफल तहका सूचकको व्यवस्था गरिने हुनाले गाउँपालिकाले सञ्चालन गर्ने योजनाबाट निस्कने प्रतिफलको अग्रिम अनुमान गर्न सकिने र प्राप्त प्रतिफललाई सहजै मापन र तुलनात्मक अध्ययन गर्न सकिन्छ । यसका अलावा रणनीतिक योजनामा योजना सञ्चालनको जिम्मेवार निकाय तोकिने, अनुगमन र मूल्याङ्कनको खाका बनाइएको हुनाले योजना तथा कार्यक्रम सञ्चालनका बेला अनुगमन तथा कार्यक्रम समाप्ति पश्चात मूल्याङ्कन गर्न सजिलो हुन्छ । यस प्रकारको योजनाले उपलब्ध भएको सिमित स्रोत साधनको अधिकतम उपयोग गर्ने गरी वार्षिक कार्यक्रमहरूलाई क्रमबद्ध र चरणबद्ध योजनाको ढांचामा ढाल्दछ जसले गर्दा गाउँपालिकाको स्रोत सङ्कलन र प्राप्त स्रोतको खर्चलाई व्यवस्थित र पारदर्शी बनाउन सहयोग पुग्दछ । तसर्थ गाउँपालिकाको सर्वागींण विकासका निम्ति कृषि विकास रणनीतिक योजना एक आधारस्तम्भका रुपमा रहने हुँदा रामप्रसादराई गाउँपालिकाको यो योजना एक महत्वपूर्ण दस्तावेज रहनेमा विश्वस्त रहन सकिने अवस्था छ ।


# परिच्छेद २: विधि

## २.१. योजना तर्जुमा विधिहरु

योजना तर्जुमाका विविध विधिहरु हुन्छन् जसमध्ये Top-down, bottom-up र सहभागितामूलक विधि प्रमुख छन् । Bottom-up approach बाट तर्जुमा गरिएका योजनाहरु कम सैद्धान्तिक तथा बढी व्यवहारिक किसिमका हुन्छन् । यस विधि अनुरुप योजना तर्जुमा गर्दा स्थानीय तथा सरोकारवालासँग गहन छलफल गरी स्थानीय भावना तथा आवश्यकतालाई सम्बोधन हुने किसिमले योजना बनाइन्छ । यस्ता विधिमा आधारित योजनाहरु कार्यान्वयन गर्न सहज तथा मितव्ययी एवम् व्यवहारिक भए पनि वैज्ञानिक अवधारणा, विज्ञका तर्कहरु तथा सैद्धान्तिक कुरासँग मेल नखाने हुनाले फितलो तथा असफल हुने हुन्छन् भनी आलोचना गर्ने पनि गरिन्छ ।

Top-down approach बाट भू-उपयोग योजना तर्जुमा गर्दा विभिन्न विधाका विज्ञहरु, सैद्धान्तिक पक्ष र अवधारणालाई प्राथमिकतामा राखिएको हुन्छ । यस्ता योजनाहरु सैद्धान्तिक हिसाबले मजबुत देखिएता पनि स्थानीयस्तरका भावना तथा आवश्यकतालाई सम्बोधन नगर्ने किसिमका हुन्छन् भनी आलोचना गरिन्छ । साथै सरोकारवाला तथा स्थानीय आवश्यकता तथा आर्थिक पक्षबाट पनि मितव्ययी नहुने हुनाले यिनीहरु दस्तावेजमा मात्र केन्द्रित हुन्छन् ।

तर सहभागितात्मक विधिमा विज्ञहरुले सैद्धान्तिक एवम् वैज्ञानिक तथ्य, सूचना तथा विधिहरुलाई आत्मसाथ गर्दै योजनाको खाका तयार गर्ने गर्दछन् जसलाई स्थानीय सरोकारवाला समक्ष छलफलका लागि प्रस्तुत गरी राय, सुझाव, सल्लाह सङ्कलन गरिन्छ । यसपछि स्थानीय स्तरमा रहेका निकायहरु मार्फत ऐन, नियम, निर्देशिका आदि आवश्यक दस्तावेज तयार गरी कानुनी प्रक्रिया पूरा गरी पारित गर्दै लागु गरिन्छ । यस विधिबाट निर्माण भएका योजनाहरुमा स्थानीय सरोकारवालाका जनभावना, आवश्यकता समेटिएका हुनाले स्थानीय स्तरमा स्वामित्व अनुभव हुने र कार्यान्वयन गर्न सहज हुने एवम् योजनाहरु दीर्घकालीन रुपमा प्रभावकारी हुने हुन्छ । यस रामप्रसादराई गाउँपालिकाको कृषि विकास रणनीतिक योजना सहभागितात्क विधि अपनाई गाउँ कार्यपालिकाबाट तयार गरिएको छ जसलाई गाउँ सभाबाट स्वीकृत गरी लागु गरिने छ ।




*चित्र ३ : योजना तर्जुमा विधिहरु*

### २.२. योजना तर्जुमाका चरणहरु

#### २.२.१. स्रोत सामाग्रीको अध्ययन :

गाउँपालिकाको कृषि विकास रणनीतिक योजना तर्जुमा गर्ने क्रममा उपलब्ध द्वितीय तथ्याङ्क जस्तै गाउँपालिकाको प्रोफाइल, गाउँपालिकाका वार्षिक योजना, नीति तथा कार्यक्रम, गाउँपालिकाका विषयमा लेखिएका लेख रचना तथा अध्ययन प्रतिवेदन, जिल्ला तथा प्रदेश तथा सङ्घीय सरकारका योजना र विकास संग सम्बन्धित ऐन नियम, कार्यविधि, निर्देशिका आदि सङ्कलन गरिएको थियो । त्यस्तै रणनीतिक योजना तयारीको ऋममा क्षेत्रगत सरकारी नीति, रणनीति, नगर विकास योजना, आदिको अध्ययन एवम् विश्लेषण गरिएको थियो । गाउँपालिकाको सामाजिक तथा आर्थिक विवरण, अभिलेख, सूचनाहरु राष्ट्रिय जनगणना, राष्ट्रिय जीवनस्तर सर्वेक्षण, दिगो विकास लक्ष्य, आर्थिक सर्वेक्षणका प्रतिवेदनहरु सन्दर्भ सामग्रीको रुपमा प्रयोग गरिएको थियो । पन्ध्रौँ योजना, राष्ट्रिय कृषि नीति, २०६१, कृषि विकास रणनीति २०१५-२०३५ दिगो विकासका लक्ष्य यस रणनीति तयारीमा मूख्य दस्ताबेजहरु रहेका थिए । प्राथमिक स्रोतहरुबाट संकलित तथ्याङ्कहरुमा गाउँपालिकाका कृषि सम्बन्धी स्थलगत जानकारी, सरोकारवालासँगको छलछफमा आधारित रही कृषि सम्बन्धित वर्तमान अवस्था, अवसर, चुनौती, आदि सङ्कलन गरी गाउँपालिकाको वस्तुगत विवरण तयार पारी सोका आधारमा यो योजना तयार पारिएको छ ।

#### २.२.२. प्रारम्भिक कार्यशाला गोष्ठी

गाउँपालिकाको आयोजनामा गाउँपालिकाको कार्यालयमा एक दिवसीय प्रारम्भिक कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । उक्त परामर्श गोष्ठीमा वडा समितिका पदाधिकारी, विषयगत शाखा/उपशाखाका प्रमुख वा प्रतिनिधि, राजनितिक दलका प्रतिनिधि, दलित, महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिकहरूको प्रतिनिधित्व रहेको थियो । योजना तयारी कार्यशालाले तयार गरेको कृषिको सम्भावना, समस्या र कार्यक्रम माथि छलफल गरी कानुनी प्रावधान र आधारहरु, योजनाको आवश्यकता, उद्देश्य, सिद्धान्त, विधी र प्रक्रिया, गाउँपालिकाको भूमिका, योजनाले समेट्ने विषयगत क्षेत्रहरु, आदि बारे छलफल गरिएको थियो ।

#### २.२.३. वडा स्तरीय छलफल तथा स्थलगत अध्ययनः

योजना तयारीका क्रममा गाउँपालिकाका प्रत्येक वडाको स्थलगत अध्ययन तथा जानकार व्यक्तिहरुसँग स्थानिय स्तरका सुचना तथा जानकारी तथा योजना तथा कार्यक्रमको सङ्कलन गरिएको थियो । वडा स्तरमा कृषि क्षेत्रसँग सम्बन्धित विषयगत जानकारी, समस्या, आवश्यकता, योजना तथा अवलम्बन गरिनुपर्ने नीति तथा कार्यक्रम, पकेट क्षेत्र विकास गर्ने सम्बन्धी जानकारीहरुबारे स्थानीय सरोकारवाला, वडा प्रतिनिधिहरु, कर्मचारी, कृषक, कृषक समुह, सहकारी र विज्ञ टोलीहरु माफ छलफल गरिएको थियो । साथै जिल्लास्थित कृषि विषय सम्बन्धी निकायहरुसँग पनि विषयगत छलफल गरिएको थियो ।






*फोटो १ : स्थलगत भ्रमण तथा छलफल गर्दाका झलकहरु*

### २.२.४.विषयगत समितिमा छलफल

योजना तयारी कार्यलाई सहभागितामुलक तथा प्रभावकारी बनाउनका निमित्त गाउँपालिकाका रहेका विषयगत समितिमा समेत व्यापक छलफल गरी क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा बजेट तयार पारिएको छ । विषयगत समितिसँग छलफल गरी सुझाव सङ्कलन गरिएको छ भने सोही सुझाव र स्थलगत अध्ययनबाट प्राप्त तथ्याङ्कलाई आधार मानेर योजना तर्जूमा प्रक्रियालाई अघि बढाइएको छ ।

### २.२.५. योजना तयारी कार्याशाला गोष्ठीः

यस पछि गाउँपालिकाको आयोजना र परामर्शदाता संस्थाको सहजिकरणमा रणनीतिक योजना तर्जुमा अभिमुखीकरण तथा योजना तर्जुमा कार्यशाला गोष्ठी सम्पन्न गरी योजना तर्जुमा कार्य अगाडि बढाइएको छ । कार्यशालामा विषयगत विज्ञको सहजिकरणमा पन्धौं योजनाले लिएका लक्ष्य तथा कोशी प्रदेश सरकारले लिएको सोच र लक्ष्य तथा दीगो विकासका लक्ष्यमा आधारित रहि गाउँपालिकाको विकासका संवाहक, प्राथमिकता, संभावना तथा समस्या विश्लेषण गरि गाउँपालिकाको कृषि विकासका प्रमुख रणनीतिहरु तयार गरिएको छ । गाउँपालिकाको वस्तुगत विवरण तथा अन्य छलफलबाट आएका जानकारीहरूका आधारमा गाउँपालिकाको विषयगत वस्तुस्थिति विश्लेषण गरिएको छ ।

### २.२.६. योजना दस्तावेज तयारीः


कार्यशाला गोष्ठी, वडागत परामर्श कार्यक्रम र योजना तर्जुमा बैठकको निचोड तथा विवरणका आधारमा कृषि विकास रणनीतिक योजना मस्यौदा दस्तावेज तयार गरिएको थियो । साथै योजनाविद् तथा विषयविज्ञहरूको सुझाब लिई प्राविधिक सहयोग टोलीद्वारा राष्ट्रिय योजना आयोगले तयार पारेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को ढाँचामा यस योजनाको दस्तावेज मस्यौदा तयार गरिएको थियो ।

### २.२.७. राय सुझाव सङ्कलन र प्रतिवेदनमा समायोजन

सहभागितामूलक वडास्तरीय कार्यशाला गोष्ठी तथा परामर्श विषयविज्ञको सुझावका आधारमा तयार गरेको योजनाको मस्यौदा दस्तावेजलाई कार्यपालिका तथा गाउँसभा, स्थानीय तहका सरोकारवाला माझ प्रमाणीकरण कार्यशालाको आयोजना गरी प्रस्तुति, छलफल तथा सुझाव लिइएको थियो । प्रमाणिकरण कार्यशालामा विषयगत रूपमा समूहगत छलफल र परामर्श गरी समूहको निष्कर्ष तथा सुझावलाई वृहत समूहमा प्रस्तुत तथा छलफल गरी रणनीतिक योजना दस्तावेजलाई अन्तिम रूप दिइएको छ ।

### २.२.८. योजना प्रमाणिकरण कार्यशाला तथा अन्तिम दस्तावेज तयारीः

यसरी कार्यशालाबाट प्राप्त सुझाब तथा पृष्ठपोषणलाई समावेश गरि गाउँपालिकाको कृषि विकास रणनीतिक योजनाको अन्तिम प्रतिवेदन तयार पारिएको छ । उक्त योजनालाई गाउँ सभामा पेश गरी दफा बारे छलफल गरी गाउँपरिषदको बैठकले स्वीकृत गरि गाउँपालिकाको आधिकारिक दस्तावेजको रुपमा स्वीकृत गरिएको छ ।




*चित्र ४ : रणनीति तर्जुमाको विधि*

### २.२.९. रणनीतिक योजना तयारीको सीमा

यस रणनीतिक योजनालाई समावेशी, पारदर्शी एवम् परिणाममुखी बनाउन सबै सरोकारवालाहरुको व्यापक सहभागिता जुटाउने एवम् गाउँपालिकाको विकासलाई सन्तुलित बनाउन सबै क्षेत्रगत विषयका लक्ष्य, उद्देश्य र उपलब्धिका सूचकहरुलाई समावेश गर्ने प्रयास गरिएको छ । साथै गाउँपालिकामा कार्यरत सबै सरकारी, गैरसरकारी संस्था तथा सरोकारवालाहरुबाट उपलब्ध भएसम्मका क्षेत्रगत योजनाहरु समावेश गर्ने प्रयास गरिएको छ । तथापि निम्न सिमाको परिधिमा रही यो योजना तयार गरिएको छ ।

- गाउँपालिकाको योजना निर्माण गर्ने प्रकृयामा प्रारम्भिक तथ्याङ्क र सूचना लिन समय तथा बजेट बढी लाग्ने भएको हुँदा प्रथम तहका सूचनाको अनुपलब्धताका कारणले सूचकहरु दोश्रो तहको सूचनाको आधारमा तय गरिएका छन् । प्राप्त सूचनाको विश्लेषणलाई आधार मानी लक्ष्य, उद्देश्य एवम् सूचकहरु निर्धारण गरिएको छ ।
- यस रणनीतिक योजना तर्जुमालाई सक्दो समावेशी, सहभागितामूलक बनाउने प्रयास हुँदा हुँदै कतिपय सरोकारवालाहरुको कार्य व्यस्तता र समय सीमाको कारणले गर्दा अपेक्षित सहभागितामा कमी आएको छ ।


- गाउँपालिकाको पार्श्वचित्रमा उल्लेखित सूचना मध्ये कतिपय अधुरा, अपूरा र कतिपय आधार वर्ष भन्दा अघिल्ला वर्षका भएको हुँदा तथा कतिपय सूचक उपलब्ध नभएमा अन्य श्रोतबाट प्राप्त सूचनाको विश्लेषणलाई आधार मानी लक्ष्य, उद्देश्य एवम् सूचकहरु निर्धारण गरिएको छ ।
- यस योजनामा साधन र श्रोतको लेखाजोखा गर्दा गाउँपालिका बाहेक अन्य निकायहरुको श्रोतको प्रक्षेपण यकिन हुन नसकेकोले अनुमानित बजेट प्रक्षेपण गरिएको छ ।
- भौगोलिक विकटता, नागरिकको कार्य व्यस्तताका कारण रणनीतिक योजना तर्जुमा गोष्ठीलाई आवश्यकता अनुसार सञ्चालन गरी पर्याप्त छलफल हुन नसकिएको हुँदा सरोकारवालाहरूको सहभागिता हुन नसकेको यथार्थ सिमाको रूपमा रहन गएको छ ।

# परिच्छेद ३: गाउँपालिकाको वस्तुस्थिति

## ३.१. भौगोलिक अवस्थिति


रामप्रसादराई गाउँपालिका कोशी प्रदेश अन्तर्गत भोजपुर जिल्लामा अवस्थित रहेको छ । नेपालको मध्य पहाडी भू-धरातल बनौट भएको यस गाउँपालिकाको कुल क्षेत्रफल १५६.२५ वर्ग कि.मि. रहेको छ । यो गाउँपालिका विश्व मानचित्रमा २७°०६'५४" उत्तरी अक्षांश र ८७°७४" पूर्वी देशान्तरमा फैलिएको छ । समुद्री सतह देखि करिब १,६४५ मिटरको उचाईमा गाउँ कार्यपालिकाको कार्यालय रहेको छ । यस पालिकाको कुल भूभाग मध्ये कृषि क्षेत्रले १०४.३१ वर्ग कि.मि.(६६.१४ प्रतिशत) भाग ओगटेको छ । त्यसैगरी वन क्षेत्रले ४९.४२ (३१.३३ प्रतिशत) वर्ग कि.मि., आवास क्षेत्रले १.०४ वर्ग कि.मि., व्यवसायिक क्षेत्रले ०.०३ वर्ग कि.मि., सार्वजनिक क्षेत्रले १.४१ वर्ग कि.मि., धार्मिक तथा सांस्कृतिक क्षेत्रले ०.०१ वर्ग कि.मि., नदि तथा ताल तलैया ले १.४१ वर्ग कि.मि., भने अन्य क्षेत्रले ०.०७ वर्ग कि.मि. क्षेत्रफल ओगटेको छ ।

यस गाउँपालिकाको हावापानी न्यानो समशीतोष्ण प्रकारको रहेको छ भने औसत अधिकतम तापक्रम २१.३ डिग्री सेल्सियस (सबैभन्दा बढी २०६७ सालमा २२.६ डिग्री सेल्सियस र सबैभन्दा कम २०५४ सालमा १९.७ डिग्री सेल्सियस) र औसत न्यूनतम तापक्रम १२.८ डिग्री सेल्सियस (सबैभन्दा बढी २०७३ सालमा १४.२ डिग्री सेल्सियस तथा सबैभन्दा कम २०६४ सालमा १०.८ डिग्री सेल्सियस) रहेको पाइएको छ । यहाँ बैशाख, जेष्ठ, आषाढ, श्रावण र भाद्र महिनामा बढी गर्मी हुने गरेको छ भने मङ्सिर, पुष र माघ महिनामा बढी जाडो हुने गरेको छ ।




*चित्र ५ : गाउँपालिकाको अवस्थिति नक्सा*

यस गाउँपालिकालाई विभिन्न खोला नालाले सिंचित गरेको छ । यस गाउँपालिका हुँदै बग्ने खोला नालाहरुमा बन्ताङ्ग खोला, असारे खोला, मकुवा खोला, आरी खोला, जोगी खोला, खैना खोला, बेहरे खोला, बागखोरा खोला, धोत्ले खोला, मन्साराम खोला, देउले खोला, कटुञ्जे खोला, हिमाङ्ग खोला, विभोले खोला, अँधेरी खोला, आदि छन् ।




*चित्र ६ : गाउँपालिकाको नदी सञ्जाल नक्सा*

गाउँपालिका भएर बग्ने स्थानीय खोलाहरु तथा मुख्य पानीका मूलको विवरणलाई निम्न तालिकामा देखाइएको छ ।


*तालिका २ : रामप्रसादराई गाउँपालिकामा सिंचाइका लागि उपलब्ध खोला तथा मुहानको वडागत विवरण*

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
|---|---|---|---|---|---|---|---|
| सिकतेल खोला | बाघखोरा खोला | लम्खाल मूहान | सिकतेल खोला | छिहिरे मूहान (पिखुवा खोला) | मूहान दुवीको फेद (खर्कखोला) | खानेपानीको मूहान (चुकुवा खोला) | पैरेनी मूहान (पोखरी) |
| ओइराङ्ग खोला | धोतले खोला | दाहाल धारा मूल | सानबुवा खोला | मूहान (पिखुवा खोला) | मूहान (गंगा खोला) | मूल (कावा खोला) | मूहान (कावा खोला) |
| खैना खोला | बेहेरे खोला | भूल्के मुहान | बेहेरे खोला | ज्यामिरे मूहान (पिखुवा खोला) | मूहान (मकुवा खोला) | | |
| बाघखोरा खोला | कटुञ्जे खोला | पाँचधारे मूहान | लाकुरेखोला | कटहरे मूहान ( बेहेरे खोला) | साम्के मूहान (बेहेरे खोला) | | |
| बन्ताङ्ग खोला | बाघखोरा खोला | ठूलोगैरे खोला | | छिहिरे मूहान( पिखुवा खोला) | | | |


| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सिकतेल खोला | बाघखोरा खोला | | | मूहान (पिखुवा खोला) | | | |
| | सागबाला कटुञ्जे खोला | | | मूहान (बेहेरे खोला) | | | |
| | हर्बु बाघखोरा खोला | | | | | | |

### ३.२. प्रशासनिक विभाजन


नेपाल सरकारको मिति २०७३ फागुन २२ गतेको निर्णयानुसार २०७३ साल फागुन २७ गते नेपाल राजपत्रमा सूचना प्रकाशित गर्दै साविकका ओखे, धोद्लेखानी, भुल्के, दलगाउँ, मानेभञ्ज्याङ, वैकुण्ठे र वासिखोरा गरी ७ वटा गाविसहरुलाई समाहित गरी यस गाउँपालिकाको गठन गरिएको थियो । यो गाउँपालिका ८ वडाहरुमा विभाजन गरिएको छ । यस गाउँपालिकाको सिमाना पूर्वतर्फ पौवादुङमा, पश्चिममा खोटिहाङ, उत्तरतर्फ भोजपुर नगरपालिका, ट्याम्केमैयुम गाउँपालिका र आमचोक र हतुवागढी गाउँपालिकासँग जोडिएको छ । यो गाउँपालिका जिल्ला सदरमुकामबाट करिब २९.६० किलोमिटर टाढा रहेको छ ।





*चित्र ७ : गाउँपालिकाको प्रशासनिक विभाजन नक्सा*




*चित्र ८ : गाउँपालिकाको भिरालोपना (स्लोप) नक्सा*




*चित्र ९ : गाउँपालिकाको Aspect नक्सा*




*चित्र १० : गाउँपालिकाको DEM नक्सा*

## ३.३. प्राकृतिक स्रोतको अवस्था

रामप्रसादराई गाउँपालिका जैविक विविधताले भरिपूर्ण पालिका हो । यस गाउँपालिकामा मुख्य गरी साल, खयर, गोब्रे सल्ला, खोटे सल्ला, चिलाउने, उत्तीस, गुराँस काफल, ओखर, मौवा, दुनी, अमला, पात्ले, अङ्गेरी आदि रुखका प्रजातिहरु पाइन्छन् । यस गाउँपालिकाको ४८.७३ प्रतिशत क्षेत्रफलको भाग वनले ओगटेको छ । वडागत हिसाबले हेर्दा वडा ५ मा सबैभन्दा धेरै (१८,१६० हेक्टर; २४.०४ प्रतिशत) र वडा ३ मा सबैभन्दा कम (३,२२० हेक्टर; ४.३० प्रतिशत) वन क्षेत्र रहेको छ । यस गाउँपालिकामा पछिल्लो समय कान्छी फूल, चरी अमिलो, रत्नाउलो, इलामे, मोथे, घोडे दुबो, सेतो वनमारा, कालो वनमारा (कालिमुन्टे) झटपटे झार, सेतो हाबी, लहरे काँडा, हाँडे लसुन आदिजस्ता विभिन्न प्रकारका मिचाहा प्रजातिहरू देखा परी फैलिरहेका छन । यिनीहरूले खेतीयोग्य बाली तथा रुखविरुवासँग खाद्यान्न तथा पानीको लागि प्रतिस्पर्धा गर्ने हुनाले कृषि उत्पादन तथा वनको पुनरुत्पादन क्रमश घट्ने क्रममा रहेको देखिन्छ ।

यस गाउँपालिकामा मृग, घोरल, थार, चितुवा, बाघ, दुम्सी, स्याल, बाँदर, मुसा, लोखर्के, खरायो, वन बिरालो आदि जस्ता विभिन्न प्रजातिका स्तनधारी वन्यजन्तुहरू पाइन्छन् । यस गाउँपालिकामा पाइने मुख्य चराचुरुङ्गीहरुमा डाँफे, मुनाल, कालिज, मैना, चिबे, तित्रा, कोइली, ढुक्र, बकुल्ला, चिल, काग, जुरेली, गौंथली, हुचिल, भँगेरा, लुँइचे, लाटोकोसेरो, मयुर, सुगा, काँडे भ्याकुर आदि रहेका छन् । त्यसेगरी यहाँ छेपारो, सर्प, अजिङ्गर, गोहोरो, सालक, आदि पाइन्छन् ।


यस गाउँपालिकामा पाइने विभिन्न जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावारहरूमा चिराइतो, पाखनवेद, सतुवा, पाँचऔंले, भुइँचम्पा, तीतेपाती, हर्रो, बर्रो, अमला, गुर्जो, बोझ्रो, टिमुर, लौठसल्ला, ठूलो ओखती, अलैंची आदि रहेका छन् ।

### ३.४. भू उपयोगको अवस्था

रामप्रसादराई गाउँपालिकाको भू-उपयोग अवस्थालाई हेर्दा पालिकाले कुल १५७.७१ वर्ग कि.मि. ओगटेको छ । जसमा कृषि क्षेत्रले १०४.३१ वर्ग कि.मि. भाग ओगटेको छ । त्यसैगरी वन क्षेत्रले ४९.४२ वर्ग कि.मि., आवास क्षेत्रले १.०४ वर्ग कि.मि., व्यवसायिक क्षेत्रले ०.०३ वर्ग कि.मि., सार्वजनिक क्षेत्रले १.४१ वर्ग कि.मि., धार्मिक तथा सांस्कृतिक क्षेत्रले ०.०१ वर्ग कि.मि., नदि तथा ताल तलैयाले १.४१ वर्ग कि.मि. तथा अन्य क्षेत्रले ०.०७ वर्ग कि.मि., क्षेत्र ओगटेको छ ।

*तालिका ३ : रामप्रसादराई गाउँपालिकाको भू-उपयोग अवस्था*

| **भू-उपयोग** | **क्षेत्रफल (वर्ग कि.मि.)** |
|---|---|
| कृषि क्षेत्र | १०४.३१ |
| व्यवसायिक क्षेत्र | ०.०३ |
| धार्मिक तथा सांस्कृतिक क्षेत्र | ०.०१ |
| वन क्षेत्र | ४९.४२ |
| नदी तथा ताल तलैया क्षेत्र | १.४१ |
| औद्योगिक क्षेत्र | ०.०० |
| अन्य क्षेत्र | ०.०७ |
| सार्वजनिक क्षेत्र | १.४१ |
| आवास क्षेत्र | १.०४ |
| **जम्मा** | **१५७.७१** |





*चित्र ११ : रामप्रसादराई गाउँपालिकाको भू-उपयोग*

*तालिका ४ : वडा नं. १ को भू-उपयोग अवस्था*

| **भू-उपयोग** | **क्षेत्रफल (वर्ग कि.मि.)** |
|---|---|
| कृषि क्षेत्र | १३.२९ |
| व्यवसायिक क्षेत्र | ०.०१ |
| वन क्षेत्र | ६.१३ |
| नदी तथा ताल तलैया क्षेत्र | ०.११ |
| सार्वजनिक क्षेत्र | ०.१० |
| आवास क्षेत्र | ०.१३ |
| **जम्मा** | **१९.७७** |

गाउँपालिकाको वडा नं. १ को भू-उपयोगको अवस्थालाई हेर्दा कुल १९.७७ वर्ग कि.मि. ओगटेको वडा नं १ मा कृषि क्षेत्रले १३.२९ वर्ग कि.मि. भाग ओगटेको छ । त्यसैगरी वन तथा वनस्पति क्षेत्रले ६.१३ वर्ग कि.मि., आवास क्षेत्रले ०.१३ वर्ग कि.मि., व्यवसायिक क्षेत्रले ०.०१ वर्ग कि.मि., सार्वजनिक क्षेत्रले ०.१० वर्ग कि.मि., नदि तथा ताल तलैयाले ०.११ वर्ग कि.मि. क्षेत्र ओगटेको छ ।





*चित्र १२ : वडा नं. १ को भू-उपयोग अवस्था*

*तालिका ५ : वडा नं. २ को भू-उपयोग अवस्था*

| भू-उपयोग | क्षेत्रफल (वर्ग कि.मि.) |
|---|---|
| कृषि क्षेत्र | १२.०४ |
| वन क्षेत्र | २.९७ |
| नदी तथा ताल तलैया क्षेत्र | ०.१० |
| अन्य क्षेत्र | ०.०३ |
| सार्वजनिक क्षेत्र | ०.१८ |
| आवास क्षेत्र | ०.१५ |
| **जम्मा** | **१५.४८** |

वडा न. २ को कुल १५.४८ वर्ग कि.मि.क्षेत्र मध्ये कृषि क्षेत्रले १२.०४ वर्ग कि.मि. भाग ओगटेको छ। त्यसैगरी वन तथा वनस्पति क्षेत्रले २.९७ वर्ग कि.मि., आवास क्षेत्रले ०.१५ वर्ग कि.मि., अन्य क्षेत्रले ०.०३ वर्ग कि.मि., सार्वजनिक क्षेत्रले ०.१८ वर्ग कि.मि., नदि तथा ताल तलैयाले ०.१० वर्ग कि.मि. क्षेत्र ओगटेको छ।





*चित्र १३ : वडा नं. २ को भू-उपयोग अवस्था*

*तालिका ६ : वडा नं. ३ को भू-उपयोग अवस्था*

| भू-उपयोग | क्षेत्रफल (वर्ग कि.मि.) |
|---|---|
| कृषि क्षेत्र | ११.२९ |
| व्यवसायिक क्षेत्र | ०.०० |
| धार्मिक तथा सांस्कृतिक क्षेत्र | ०.०० |
| वन क्षेत्र | १.६२ |
| नदी तथा ताल तलैया क्षेत्र | ०.०५ |
| सार्वजनिक क्षेत्र | ०.१८ |
| आवास क्षेत्र | ०.१८ |
| **जम्मा** | **१३.३२** |

गाउँपालिकाको कुल १३.३२ वर्ग कि.मि. ओगटेको वडा नं ३ मा कृषि क्षेत्रले ११.२९ वर्ग कि.मि. भाग ओगटेको छ । त्यसैगरी वन तथा वनस्पति क्षेत्रले १.६२ वर्ग कि.मि., आवास क्षेत्रले ०.१८ वर्ग कि.मि., सार्वजनिक क्षेत्रले ०.१८ वर्ग कि.मि., नदि तथा ताल तलैयाले ०.०५ वर्ग कि.मि. क्षेत्र ओगटेको छ ।





*चित्र १४ : वडा नं. ३ को भू-उपयोग अवस्था*

*तालिका ७ : वडा नं. ४ को भू-उपयोग अवस्था*

| भू-उपयोग | क्षेत्रफल (वर्ग कि.मि.) |
|---|---|
| कृषि क्षेत्र | १४.६७ |
| व्यवसायिक क्षेत्र | ०.०० |
| धार्मिक तथा सांस्कृतिक क्षेत्र | ०.०० |
| वन क्षेत्र | ४.९२ |
| नदी तथा ताल तलैया क्षेत्र | ०.१८ |
| सार्वजनिक क्षेत्र | ०.१७ |
| आवास क्षेत्र | ०.१६ |
| **जम्मा** | **२०.१०** |

वडा नं. ४ को भू-उपयोगको अवस्थालाई हेर्दा कुल २०.१० वर्ग कि.मि. ओगटेको वडा नं ४ मा कृषि क्षेत्रले १४.६७ वर्ग कि.मि. भाग ओगटेको छ । त्यसैगरी वन तथा वनस्पति क्षेत्रले ४.९२ वर्ग कि.मि., आवास क्षेत्रले ०.१६ वर्ग कि.मि., सार्वजनिक क्षेत्रले ०.१७ वर्ग कि.मि., नदि तथा ताल तलैयाले ०.१८ वर्ग कि.मि. क्षेत्र ओगटेको छ ।





*चित्र १५ : वडा नं. ४ को भू-उपयोग अवस्था*

*तालिका ८ : वडा नं. ५ को भू-उपयोग अवस्था*

| भू-उपयोग | क्षेत्रफल (वर्ग कि.मि.) |
|---|---|
| कृषि क्षेत्र | ११.६५ |
| व्यवसायिक क्षेत्र | ०.०० |
| धार्मिक तथा सांस्कृतिक क्षेत्र | ०.०१ |
| वन क्षेत्र | १७.५६ |
| नदी तथा ताल तलैया क्षेत्र | ०.४८ |

| | |
|---|---|
| अन्य क्षेत्र | ०.०४ |
| सार्वजनिक क्षेत्र | ०.२७ |
| आवास क्षेत्र | ०.११ |
| **जम्मा** | **३०.१३** |

वडा नं. ५ को भू-उपयोगको अवस्थालाई हेर्दा कुल ३०.१३ वर्ग कि.मि. ओगटेको वडा नं ५ मा कृषि क्षेत्रले ११.६५ वर्ग कि.मि. भाग ओगटेको छ। त्यसैगरी वन तथा वनस्पति क्षेत्रले १७.५६ वर्ग कि.मि., धार्मिक तथा सांस्कृतिक क्षेत्रले ०.०१ वर्ग कि.मि., आवास क्षेत्रले ०.११ वर्ग कि.मि., अन्य क्षेत्रले ०.०४ वर्ग कि.मि., सार्वजनिक क्षेत्रले ०.२७ वर्ग कि.मि., नदि तथा ताल तलैयाले ०.४८ वर्ग कि.मि. क्षेत्र ओगटेको छ।





*चित्र १६ : वडा नं. ५ को भू-उपयोग अवस्था*

*तालिका ९ : वडा नं. ६ को भू-उपयोगको अवस्था*

| भू-उपयोग | क्षेत्रफल (वर्ग कि.मि.) |
|---|---|
| कृषि क्षेत्र | २०.०५ |
| व्यवसायिक क्षेत्र | ०.०१ |
| वन क्षेत्र | ७.३७ |
| नदी तथा ताल तलैया क्षेत्र | ०.१९ |
| औद्योगिक क्षेत्र | ०.०० |
| सार्वजनिक क्षेत्र | ०.१६ |
| आवास क्षेत्र | ०.१३ |
| **जम्मा** | **२७.९१** |

भू-उपयोगको वडा नं. ६ को अवस्थालाई हेर्दा कुल २७.९१ वर्ग कि.मि. ओगटेको वडा नं ६ मा कृषि क्षेत्रले २०.०५ वर्ग कि.मि. भाग ओगटेको छ । त्यसैगरी वन तथा वनस्पति क्षेत्रले ७.३७ वर्ग कि.मि., व्यवसायिक क्षेत्रले ०.०१ वर्ग कि.मि., आवास क्षेत्रले ०.१३ वर्ग कि.मि., सार्वजनिक क्षेत्रले ०.१६ वर्ग कि.मि., नदि तथा ताल तलैयाले ०.१९ वर्ग कि.मि. क्षेत्र ओगटेको छ ।





*चित्र १७ : वडा नं. ६ को भू-उपयोगको अवस्था*

*तालिका १० : वडा नं. ७ को भू-उपयोगको अवस्था*

| भू-उपयोग | क्षेत्रफल (वर्ग कि.मि.) |
|---|---|
| कृषि क्षेत्र | १३.१५ |
| व्यवसायिक क्षेत्र | ०.०० |
| धार्मिक तथा सांस्कृतिक क्षेत्र | ०.०० |
| वन क्षेत्र | ४.८२ |
| नदी तथा ताल तलैया क्षेत्र | ०.२० |
| सार्वजनिक क्षेत्र | ०.१७ |
| आवास क्षेत्र | ०.११ |
| **जम्मा** | **१८.४६** |

गाउँपालिकाको वडा नं. ७ को भू-उपयोगको अवस्थालाई हेर्दा कुल १८.४६ वर्ग कि.मि. ओगटेको वडा नं ७ मा कृषि क्षेत्रले १३.१५ वर्ग कि.मि. ओगटेको छ । त्यसैगरी वन तथा वनस्पति क्षेत्रले ४.८२ वर्ग कि.मि., आवास क्षेत्रले ०.११ वर्ग कि.मि., सार्वजनिक क्षेत्रले ०.१७ वर्ग कि.मि., नदि तथा ताल तलैयाले ०.२० वर्ग कि.मि. क्षेत्र ओगटेको छ ।





*चित्र १८ : वडा नं. ७ को भू-उपयोगको अवस्था*

*तालिका ११ : वडा नं. ८ को भू-उपयोगको*

| **भू-उपयोग** | **क्षेत्रफल (वर्ग कि.मि.)** |
|---|---|
| कृषि क्षेत्र | ८.१८ |
| व्यवसायिक क्षेत्र | ०.०० |
| धार्मिक तथा सांस्कृतिक क्षेत्र | ०.०० |
| वन क्षेत्र | ४.०० |
| नदी तथा ताल तलैया क्षेत्र | ०.११ |
| सार्वजनिक क्षेत्र | ०.१८ |
| आवास क्षेत्र | ०.०७ |
| **जम्मा** | **१२.५४** |

गाउँपालिकाको वडा नं. ८ को भू-उपयोगको अवस्थालाई हेर्दा कुल १२.५४ वर्ग कि.मि. ओगटेको वडा नं ८ मा कृषि क्षेत्रले ८.१८ वर्ग कि.मि. ओगटेको छ । त्यसैगरी वन तथा वनस्पति क्षेत्रले ४.०० वर्ग कि.मि., आवास क्षेत्रले ०.०७ वर्ग कि.मि., सार्वजनिक क्षेत्रले ०.१८ वर्ग कि.मि., नदि तथा ताल तलैयाले ०.११ वर्ग कि.मि. क्षेत्र ओगटेको छ ।




*चित्र १९ : वडा नं. ८ को भू-उपयोगको*

## ३.५. सामाजिक विवरण

### ३.५.१. जनसङ्ख्या विवरण

रामप्रसादराई गाउँपालिका पार्श्वचित्र, २०७६ अनुसार यस गाउँपालिकाको कूल जनसङ्ख्या १९,५०६ रहेको छ । जसमा महिलाको जनसङ्ख्या ९,४४६ (४८.४ प्रतिशत) र पुरुष जनसङ्ख्या १०,०६० (५०.५४ प्रतिशत) रहेको छ । वि.सं.

२०६८ मा यस गाउँपालिकाको जनसङ्ख्या १८,८८८ थियो जसमा महिला १०,१११ जना (५३.५ प्रतिशत) र पुरुष ८,७७७ जना (४६.५ प्रतिशत) रहेका थिए । २०६८ देखि २०७८ बीचको अवधिमा हेर्दा जनसङ्ख्या करिब ३.३ प्रतिशतले बढेको देखिन्छ । वडागत हिसाबले हेर्दा वडा नम्वर १ र ६ मा तुलनात्मक रुपमा बढी जनसङ्ख्या २,९६० र २,७८५ रहेका छन् भने वडा नम्वर २ र ८ वडाहरुमा कम जनसङ्ख्या १,८३७ र १,९२१ रहेको छ । क्षेत्रफलका आधारमा सबैभन्दा ठूलो वडा ५ र सानो वडा ८ रहेको छ । वि.सं. २०७५ मा जनघनत्व प्रतिवर्ग किलोमिटर करिब १२४ र वि.सं. २०६८ मा १२० थियो । वि. सं. २०६८ मा कूल घरधुरी ४,०१६ रहेकोमा वि. सं. २०७५ मा यो सङ्ख्या ३,६२९ रहेको छ जुन करिब ९.६ प्रतिशतका घटेको देखिन्छ तर औषत घरपरिवार सङ्ख्या भने वि.सं. २०६८ मा ४.७ रहेकोमा २०७५ यो सङ्ख्या ५.४ पुगेको छ, जसको औषत वृद्धिदर करीव १४.३ प्रतिशत रहेको देखिन्छ ।

*तालिका १२ : गाउँपालिकामा जनसङ्ख्याको वडागत विवरण*

| वडा नं | महिला | पुरुष | जम्मा जनसङ्ख्या | घरधुरी सङ्ख्या | क्षेत्रफल वर्ग किमि | जनघनत्व प्रति वर्ग किमि |
|---|---|---|---|---|---|---|
| १ | १,४६४ | १,४९६ | २,९६० | ५४७ | १९.८ | १४९ |
| २ | ८८४ | ९५३ | १,८३७ | ३५४ | १५.६ | ११७ |
| ३ | १,२२६ | १,२९० | २,५१६ | ४४२ | १३.३ | १८९ |
| ४ | १,१६३ | १,२५५ | २,४१८ | ५११ | २०.१ | १२० |
| ५ | १,११७ | १,२५४ | २,३७१ | ४५८ | ३०.२ | ७८ |
| ६ | १,३६५ | १,४२० | २,७८५ | ५०९ | २८.० | ९९ |
| ७ | १,३०४ | १,३९४ | २,६९८ | ४६३ | १८.५४ | १४५ |
| ८ | ९२३ | ९९८ | १,९२१ | ३४५ | १२.६४ | १५१ |
| **वि.सं. २०७५** | **९,४४६** | **१०,०६०** | **१९,५०६** | **३,६२९** | **१५६.२** | **१२४** |
| **वि.सं. २०६८** | **१०,१११** | **८,७७७** | **१८,८८८** | **४,०१६** | **१५६.२** | **१२०** |

*श्रोत : गाउँपालिका पार्श्वचित्र, २०७५*

### ३.५.२. खानेपानी सुविधाका आधारमा जनसङ्ख्या

यस गाउँपालिकामा खानेपानी सेवा सुविधा त्यति राम्रो छैन । कूल घरधुरीको करिब ४७.७ प्रतिशत अर्थात १,७०८ घरहरुमा मात्र घरमै खानेपानी सेवा उपलब्ध छन् । करिब २५.४६ प्रतिशत अर्थात ९२४ घरहरुले करिब १५ मिनेट सम्मको दुरीवाट पानी ल्याउनुपर्ने रहेको छ । ४४३ घरहरुले करिब ३० मिनेट सम्मको दुरीबाट खानेपानी ल्याउनुपर्ने र ५५४ घरहरुले सोभन्दा पनि बढीको दुरीबाट खानेपानी ल्याउनुपर्ने वाध्यता रहेको देखिन्छ ।

यस गाउँपालिकामा खानेपानीको लागि पाइपधारा प्रयोग गर्ने परिवार सङ्ख्या बढी रहेको छ । वडागत हिसाबले हेर्दा सबै भन्दा बढी खानेपानीको लागि पाइपधारा प्रयोग गर्ने परिवार वडा नं १ मा रहेका छन् भने कम वडा नं ५ मा रहेका छन् । वडागत हिसाबले हेर्दा वडा नं १ मा कुल १०० प्रतिशतमा ९८.६८ प्रतिशतले खानेपानीको लागि पाइपधारा प्रयोग गर्ने पाइएको छ । ०.७१ प्रतिशतले सार्वजनिक पाइपधारा प्रयोग गर्ने, ०.८९ प्रतिशतले कुवा प्रयोग गर्ने, ०.७१ प्रतिशतले ढुङ्गेधारा प्रयोग गर्ने गरेका छन् । त्यसैगरी वडा नं २ मा कुल १०० प्रतिशतमा ८१.१३ प्रतिशतले खानेपानीको लागि पाइपधारा प्रयोग गर्ने पाइएको छ । १४.०८ प्रतिशतले सार्वजनिक पाइपधारा प्रयोग गर्ने, १.१३ प्रतिशतले कुवा प्रयोग गर्ने, ३.६६ प्रतिशतले ढुङ्गेधारा प्रयोग गर्ने गारेका छन् । वडा नं ३ मा कुल १०० प्रतिशतमा ८७.०५ प्रतिशतले खानेपानीकोलागि पाइपधारा प्रयोग गर्ने पाइएको छ । ६.९२ प्रतिशतले सार्वजनिक पाइपधारा प्रयोग गर्ने, ३.१३ प्रतिशतले कुवा प्रयोग गर्ने, २.६८ प्रतिशतले ढुङ्गेधारा प्रयोग गर्ने गरेका छन् भने ०.२२ प्रतिशतले नदी/खोला प्रयोग गर्ने गरेका छन् । वडा नं ४ मा कुल १०० प्रतिशतमा ६७.६९ प्रतिशतले खानेपानीको लागि पाइपधारा प्रयोग गर्ने पाइएको छ । २५.९६ प्रतिशतले सार्वजनिक पाइपधारा प्रयोग गर्ने, ०.३८ प्रतिशतले कुवा

प्रयोग गर्ने, ५.९६ प्रतिशतले ढुङ्गेधारा प्रयोग गर्ने गरेका छन् । वडा नं ५ मा कुल १०० प्रतिशतमा १५.६३ प्रतिशतले खानेपानीको लागि पाइपधारा प्रयोग गर्ने पाइएको छ । ५९.६२ प्रतिशतले सार्वजनिक पाइपधारा प्रयोग गर्ने, २४.५२ प्रतिशतले कुवा प्रयोग गर्ने, ०.२४ प्रतिशतले ढुङ्गेधारा प्रयोग गर्ने गरेका छन् । वडा नं ६ मा कुल १०० प्रतिशतमा ९५.०९ प्रतिशतले खानेपानीको लागि पाइपधारा प्रयोग गर्ने गरेको पाइएको छ । १.७७ प्रतिशतले सार्वजनिक पाइपधारा प्रयोग गर्ने, १.९६ प्रतिशतले कुवा प्रयोग गर्ने, १.१८ प्रतिशतले ढुङ्गेधारा प्रयोग गर्ने गरेका छन् । वडा नं ७ मा कुल १०० प्रतिशतमा ६४.१५ प्रतिशतले खानेपानीको लागि पाइपधारा प्रयोग गर्ने पाइएको छ । ३१.९७ प्रतिशतले सार्वजनिक पाइपधारा प्रयोग गर्ने, २.३८ प्रतिशतले कुवा प्रयोग गर्ने, ०.६५ प्रतिशतले ढुङ्गेधारा प्रयोग गर्ने गरेका छन् भने ०.८६ प्रतिशतले नदी/खोला प्रयोग गर्ने गरेका छन् । वडा नं ८ मा कुल १०० प्रतिशतमा ८९.३९ प्रतिशतले खानेपानीको लागि पाइपधारा प्रयोग गर्ने पाइएको छ । ३.०७ प्रतिशतले सार्वजनिक पाइपधारा प्रयोग गर्ने, ७.५४ प्रतिशतले कुवा प्रयोग गर्ने गारेका छन् ।

*तालिका १३ : खानेपानीको स्रोत प्रयोग गर्ने परिवार सङ्ख्याको विवरण (प्रतिशतमा)*

| वडा नं | पाइपधारा प्रयोग गर्ने परिवार सङ्ख्या | सार्वजनिक पाइपधारा प्रयोग गर्ने परिवार सङ्ख्या | कुवा प्रयोग गर्ने परिवार सङ्ख्या | ढुङ्गेधारा प्रयोग गर्ने परिवार सङ्ख्या | नदी/खोला प्रयोग गर्ने परिवार सङ्ख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | ९७.६८ | ०.७१ | ०.८९ | ०.७१ | ०.०० | १०० |
| २ | ८१.१३ | १४.०८ | १.१३ | ३.६६ | ०.०० | १०० |
| ३ | ८७.०५ | ६.९२ | ३.१३ | २.६८ | ०.२२ | १०० |
| ४ | ६७.६९ | २५.९६ | ०.३८ | ५.९६ | ०.०० | १०० |
| ५ | १५.६३ | ५९.६२ | २४.५२ | ०.२४ | ०.०० | १०० |
| ६ | ९५.०९ | १.७७ | १.९६ | १.१८ | ०.०० | १०० |
| ७ | ६४.१५ | ३१.९७ | २.३८ | ०.६५ | ०.८६ | १०० |
| ८ | ८९.३९ | ३.०७ | ७.५४ | ०.०० | ०.०० | १०० |
| **जम्मा** | **७५.५९** | **१७.५३** | **४.८२** | **१.९३** | **०.१४** | **१००.००** |

स्रोतः पारिवारिक तथ्याङ्क सर्वेक्षण, २०८०

### ३.५.३. घरका प्रकार

यस गाउँपालिकामा धेरै घरहरु फुस, टायल, काठको छाना भएको र जस्तापाताले छाएका छन् । गाउँपालिकाको पाश्र्वचित्र, २०७६ अनुसार यस गाउँपालिकामा करिब ५५.६ प्रतिशत घरहरु फुसरले छाएका छन् भने टायल तथा झिगटीले छाएका घरहरु करिब १.६ प्रतिशत रहेका छन् । जस्तापातले छाएको घरहरु करिब ४२.७ प्रतिशत र काठको छाना भएका घरहरु करिब ०.१ प्रतिशत मात्रै रहेको पाइन्छ । यस गाउँपालिकामा ढलान गरी बनाइएका घरहरु भने देखिदैन ।

### ३.५.४. इन्धनको प्रयोग

यस गाउँपालिकाको अधिकांश घरमा सोलारको बत्ती प्रयोग भएको पाइन्छ । करिब ३४.६७ प्रतिशत घरहरुमा विद्युत र ०.७२ प्रतिशले मट्टितेल प्रयोग गरेको पाइन्छ । खाना पकाउन अधिकांश घरहरुमा (करिब ९८.१८ प्रतिशत) दाउरा मात्रै इन्धनको रुपमा उपभोग हुँदै आएको पाइन्छ । खाना पकाउनको लागि एलपि ग्यास प्रयोग गर्ने ०.४४ प्रतिशत र मट्टितेल प्रयोग गर्ने ०.१७ प्रतिशत मात्रै रहेका छन् ।

### ३.६. आर्थिक गतिविधिका आधारमा जनसङ्ख्याको विवरण

#### ३.६.१. बैङ्क तथा वित्तिय संस्थामा पहुँच

यस गाउँपालिकामा बैङ्क तथा वित्तिय संस्थामा खाता भएको नभएको परिवार सङ्ख्याको विवरण तालिका १४ मा देखाइएको छ । वडागत आधारमा हेर्ने हो भने कुल ५६० परिवार रहेको वडा नं १ मा ४४९ परिवारको बैङ्क खाता रहेको छ भने १११ परिवारको बैङ्क खाता नभएको पाइएको छ । त्यसैगरी कुल ३५५ परिवार रहेको वडा नं २ मा २९६ परिवारको बैङ्क खाता रहेको छ भने ५९ परिवारको बैङ्क खाता नभएको पाइएको छ । कुल ४४८ परिवार रहेको वडा नं ३ मा ३४७ परिवारको बैङ्क खाता रहेको छ भने १०१ परिवारको बैङ्क खाता नभएको पाइएको छ । कुल ५२० परिवार रहेको वडा नं ४ मा ३७३ परिवारको बैङ्क खाता रहेको छ भने १४७ परिवारको बैङ्क खाता नभएको पाइएको छ । कुल ४१६ परिवार रहेको वडा नं ५ मा ३३२ परिवारको बैङ्क खाता रहेको छ भने ८४ परिवारको बैङ्क खाता नभएको पाइएको छ । कुल ५०९ परिवार रहेको वडा नं ६ मा ४१२ परिवारको बैङ्क खाता रहेको छ भने ९७ परिवारको बैङ्क खाता नभएको पाइएको छ । कुल ४६३ परिवार रहेको वडा नं ६ मा ३३५ परिवारको बैङ्क खाता रहेको छ भने १२८ परिवारको बैङ्क खाता नभएको पाइएको छ । कुल ३५८ परिवार रहेको वडा नं ६ मा २७५ परिवारको बैङ्क खाता रहेको छ भने ८३ परिवारको बैङ्क खाता नभएको पाइएको छ ।

*तालिका १४ : बैङ्क तथा वित्तिय संस्थामा खाता भएको परिवार सङ्ख्या*

| वडा नं | बैङ्क खाता भएको परिवार | बैङ्क खाता नभएको परिवार | जम्मा | बैङ्क खाता भएको परिवार प्रतिशत | बैङ्क खाता नभएको परिवार प्रतिशत | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | ४४९ | १११ | ५६० | ८०.१८ | १९.८२ | १०० |
| २ | २९६ | ५९ | ३५५ | ८३.३८ | १६.६२ | १०० |
| ३ | ३४७ | १०१ | ४४८ | ७७.४६ | २२.५४ | १०० |
| ४ | ३७३ | १४७ | ५२० | ७१.७३ | २८.२७ | १०० |
| ५ | ३३२ | ८४ | ४१६ | ७९.८१ | २०.१९ | १०० |
| ६ | ४१२ | ९७ | ५०९ | ८०.९४ | १९.०६ | १०० |
| ७ | ३३५ | १२८ | ४६३ | ७२.३५ | २७.६५ | १०० |
| ८ | २७५ | ८३ | ३५८ | ७६.८२ | २३.१८ | १०० |
| **जम्मा** | **२,८१९** | **८१०** | **३,६२९** | **७७.६८** | **२२.३२** | **१००.००** |

*स्रोत: पारिवारिक तथ्याङ्क सर्वेक्षण, २०८०*

#### ३.६.२. आयश्रोतका आधारमा जनसङ्ख्या

यस गाउँपालिकाको परिवारको वार्षिक आम्दानी विवरण हेर्दा वडागत हिसाबमा कुल ५६० परिवार रहेको वडा नं १ मा १ लाख रुपैँयासम्म आम्दानी गर्ने परिवार सङ्ख्या ४१४ रहेका छन् । त्यस्तै १-५ लाख रुपैँयासम्म आम्दानी गर्ने परिवार सङ्ख्या १२६ रहेका छन् भने ५ लाख रुपैँया भन्दा माथि आम्दानी गर्ने परिवार सङ्ख्या २० रहेका छन् । त्यसैगरी कुल ३५५ परिवार रहेको वडा नं २ मा १ लाख रुपैँयासम्म आम्दानी गर्ने परिवार सङ्ख्या १३७ रहेका छन् । त्यस्तै १-५ लाख रुपैँयासम्म आम्दानी गर्ने परिवार सङ्ख्या १५१ रहेका छन् भने ५ लाख रुपैँया भन्दा माथि आम्दानी गर्ने परिवार सङ्ख्या ६७ रहेका छन् । कुल ४४८ परिवार रहेको वडा नं ३ मा १ लाख रुपैँयासम्म आम्दानी गर्ने परिवार सङ्ख्या ३०० रहेका छन् । त्यस्तै १-५ लाख रुपैँयासम्म आम्दानी गर्ने परिवार सङ्ख्या १३२ रहेका छन् भने ५ लाख रुपैँया भन्दा माथि आम्दानी गर्ने परिवार सङ्ख्या १६ रहेका छन् । कुल ५२० परिवार रहेको वडा नं ४ मा १

लाख रुपैँयासम्म आम्दानी गर्ने परिवार सङ्ख्या ३५१ रहेका छन् । त्यस्तै १-५ लाख रुपैँयासम्म आम्दानी गर्ने परिवार सङ्ख्या १५२ रहेका छन् भने ५ लाख रुपैँया भन्दा माथि आम्दानी गर्ने परिवार सङ्ख्या १७ रहेका छन् । कुल ४१६ परिवार रहेको वडा नं ५ मा १ लाख रुपैँयासम्म आम्दानी गर्ने परिवार सङ्ख्या ३०३ रहेका छन् । त्यस्तै १-५ लाख रुपैँयासम्म आम्दानी गर्ने परिवार सङ्ख्या ९३ रहेका छन् भने ५ लाख रुपैँया भन्दा माथि आम्दानी गर्ने परिवार सङ्ख्या २० रहेका छन् । कुल ५०९ परिवार रहेको वडा नं ६ मा १ लाख रुपैँयासम्म आम्दानी गर्ने परिवार सङ्ख्या ३९७ रहेका छन् । त्यस्तै १-५ लाख रुपैँयासम्म आम्दानी गर्ने परिवार सङ्ख्या १०५ रहेका छन् भने ५ लाख रुपैँया भन्दा माथि आम्दानी गर्ने परिवार सङ्ख्या ७ रहेका छन् । कुल ४६३ परिवार रहेको वडा नं ७ मा १ लाख रुपैँयासम्म आम्दानी गर्ने परिवार सङ्ख्या ३३५ रहेका छन् । त्यस्तै १-५ लाख रुपैँयासम्म आम्दानी गर्ने परिवार सङ्ख्या १०६ रहेका छन् भने ५ लाख रुपैँया भन्दा माथि आम्दानी गर्ने परिवार सङ्ख्या २२ रहेका छन् । कुल ३५८ परिवार रहेको वडा नं ८ मा १ लाख रुपैँयासम्म आम्दानी गर्ने परिवार सङ्ख्या २५२ रहेका छन् । त्यस्तै १-५ लाख रुपैँयासम्म आम्दानी गर्ने परिवार सङ्ख्या ८१ रहेका छन् भने ५ लाख रुपैँया भन्दा माथि आम्दानी गर्ने परिवार सङ्ख्या २५ रहेका छन् ।

*तालिका १५ : परिवारको वार्षिक आम्दानी*

| वडा नं | १ लाख रुपैँयासम्म आम्दानी गर्ने परिवार सङ्ख्या | १-५ लाख रुपैँयासम्म आम्दानी गर्ने परिवार सङ्ख्या | ५ लाख रुपैँया भन्दा माथि आम्दानी गर्ने परिवार सङ्ख्या | जम्मा | १ लाख रुपैँयासम्म आम्दानी गर्ने परिवारको प्रतिशत | १-५ लाख रुपैँयासम्म आम्दानी गर्ने परिवारको प्रतिशत | ५ लाख रुपैँया भन्दा माथि आम्दानी गर्ने परिवारको प्रतिशत | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ४१४ | १२६ | २० | ५६० | ७३.९३ | २२.५० | ३.५७ | १०० |
| २ | १३७ | १५१ | ६७ | ३५५ | ३८.५९ | ४२.५४ | १८.८७ | १०० |
| ३ | ३०० | १३२ | १६ | ४४८ | ६६.९६ | २९.४६ | ३.५७ | १०० |
| ४ | ३५१ | १५२ | १७ | ५२० | ६७.५० | २९.२३ | ३.२७ | १०० |
| ५ | ३०३ | ९३ | २० | ४१६ | ७२.८४ | २२.३६ | ४.८१ | १०० |
| ६ | ३९७ | १०५ | ७ | ५०९ | ७८.०० | २०.६३ | १.३८ | १०० |
| ७ | ३३५ | १०६ | २२ | ४६३ | ७२.३५ | २२.८९ | ४.७५ | १०० |
| ८ | २५२ | ८१ | २५ | ३५८ | ७०.३९ | २२.६३ | ६.९८ | १०० |
| **जम्मा** | **२,४८९** | **९४६** | **१९४** | **३,६२९** | **६८.५९** | **२६.०७** | **५.३५** | **१००.००** |

*स्रोत: पारिवारिक तथ्याङ्क सर्वेक्षण, २०८०*

### ३.६.३. व्यवसायिक सिप र पेशागत आवद्धता :

*तालिका १६ : गाउँपालिकामा पछिल्लो ५ वर्षमा व्यवसायिक सिप तालिम प्राप्त गर्ने व्यक्तिको सङ्ख्या*

| वडा नं | IT, इलेक्ट्रिकल र इलेक्ट्रोनिक्स (कम्प्यूटर, विद्युत, मोबाईल, घडी आदि | सिलाई, बुनाई, बुटिक, श्रृङ्गार, पार्लर आदि | निर्माण सम्बन्धी ( म्यासन, कार्पेन्ट्री आदि | इन्जिनियरिङ्ग आटोमोबाइल र मेकानिक्स | कृषि सम्बन्धी ( जेटी, जेटीए र खाद्य प्रशोधन आदि | जनस्वास्थ्य सम्बन्धी | पशुस्वास्थ्य सम्बन्धी | पर्यटन टुर गाइड, ट्राभल र सत्कार | कला सम्बन्धी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|

| | महिला | पुरुष | महिल | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ० | ११ | ९ | १ | ० | १५ | ० | ४ | ४ | ० | ४ | १ | १ | १ | ० | ० | १ | १ | ५४ |
| २ | ० | ३ | १ | १ | ० | १ | ० | ० | १ | १ | ० | ० | ० | १ | ० | ० | ० | ० | ९ |
| ३ | १ | ५ | २२ | ३ | ० | ८ | ० | ० | ६ | ४ | २ | ० | ० | १ | १ | ११ | ० | २ | ६६ |
| ४ | ० | ० | ७ | ० | ० | १ | ० | ० | ० | ४ | १ | ० | ० | १ | ० | ० | ० | ० | १४ |
| ५ | ० | २ | ६ | १ | ० | ३ | ० | ० | ० | ४ | ३ | ० | १ | ० | ० | ० | ० | ० | २० |
| ६ | ० | ० | ६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ७ |
| ७ | ० | ११ | ६ | ० | ० | ५ | ० | ० | १ | १ | ० | ० | ० | १ | ० | ० | ० | १ | २६ |
| ८ | ० | ६ | १२ | २ | ० | ३ | ० | ० | २ | ४ | ० | ० | ० | २ | ० | ० | २ | ० | ३३ |
| **जम्मा** | **१** | **३८** | **६९** | **८** | **०** | **३६** | **०** | **४** | **१४** | **१८** | **१०** | **१** | **२** | **८** | **१** | **११** | **३** | **४** | **२२९** |

*स्रोत: पारिवारिक तथ्याङ्क सर्वेक्षण, २०८०*

यस गाउँपालिकाको पार्श्वचित्र, २०७६ अनुसार पेशागत आवद्धता हेर्ने हो भने कूल जनसङ्ख्याको करिब ४५.९ प्रतिशत कृषि तथा पशुपालन, व्यापार व्यवसाय, नोकरी, ज्यालादारी, र वैदेशिक रोजगारीमा आवद्धता रहेका छन् । करिब ३६.३ प्रतिशत पशुपालन तथा खेती किसानीमा आवद्ध रहेका छन् । त्यसैगरी व्यापार उद्योग व्यवसायमा १.०६ प्रतिशत, जागिरमा १.३ प्रतिशत, दैनिक ज्यालादारीमा २.५ प्रतिशत र वैदेशिक रोजगारीमा ४.५ प्रतिशत रहेको पाइएको छ । तथ्याङ्क अनुसार हेर्ने हो भने सबैभन्दा धेरै जनसङ्ख्या कृषि पेशामा आवद्ध रहेको देखिन्छ ।

यस गाउँपालिका भित्र विभिन्न व्यवसायहरु सञ्चालनमा रहेका छन् । त्यसैगरी गाउँपालिका भित्र पानी घट्टा, चिस्यान केन्द्र, मिलहरु, कृषि तथा जडीबुटी प्रशोधन केन्द्र, कोशेलीघर आदि सञ्चालनमा रहेका छन् । यस गाउँपालिकामा प्राकृतिक स्रोतहरु खानी, वन पैदावर एवम् ढुङ्गा, गिट्टी, वालुवा आदिको निकासी सम्भवना भएपनि त्यसको उपयोग भने हुन सकेको छैन । कृषिमा आधारित फलफुल तथा तरकारी उत्पादनहरु ध्यू, मकै, आलु, सुन्तला, खसीवाखा, वंगुर किवी, अलैची आदिको निकासी सम्भावना भएपनि त्यसले व्यवसायिक रुप धारणा गर्न भने सकेको छैन ।

### ३.६.४. पेशागत आधारमा जनसङ्ख्याको विवरण

यस गाउँपालिकाको वडाको जम्मा जनसङ्ख्या १८७१० रहेको छ । यस गाउँपालिकाको सबै वडामा हेर्ने हो भने कृषि पेशा अपनाउनेको सङ्ख्या बढी रहेको छ । वडागत हिसाबले हेर्दा कुल ३०६८ जनसङ्ख्या रहेको वडा १ मा कृषि पेशा अपनाउनेको सङ्ख्या १०५१ रहेको छ । बाँकी जनसङ्ख्यामा भने ७६ जना नोकरीमा, ४५ जना व्यवपारमा, ९५ जना मजदुरीमा, २२४ जना वैदेशिक रोजगरीमा, १६ जना व्यवसायिकमा, ७०३ जना विद्यार्थी, २७५ जना गृहिणी र १५८ जना बेरोजगार रहेका छन् ।

*तालिका १७ : गाउँपालिकामा व्यक्तिहरुले अपनाएको पेशाको आधारमा जनसङ्ख्या विवरण*

| वडा नं | कृषि पेशा अपनाउने जम्मा | नोकरी गर्ने जम्मा | व्यापार गर्ने जम्मा | मजदुरी गर्ने जम्मा | वैदेशिक रोजगरीमा गएका जम्मा | व्यवसायिक काम गर्ने जम्मा | विद्यार्थी जम्मा | गृहिणी जम्मा | बेरोजगार जम्मा | पेशामा संलग्न जम्मा | वडाको जम्मा जनसङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १,०५१ | ७६ | ४५ | ९५ | २२४ | १६ | ७०३ | २७५ | १५८ | २,४८५ | ३,०६८ |
| २ | ८९७ | ४७ | १९ | ६२ | १२० | १४ | ३२६ | ३० | २५ | १,५१५ | १,८२१ |
| ३ | ७८९ | ११८ | २६ | १०१ | १४५ | २२ | ५६७ | २३५ | १५७ | २,००३ | २,३६९ |
| ४ | १,०३४ | ८३ | २२ | ३६ | १३२ | ४ | ५९० | २४३ | ११७ | २,१४४ | २,३२६ |
| ५ | ४५७ | ५९ | ४२ | ७० | १४१ | १२ | ३८५ | ३८४ | १७६ | १,५५० | २,१२३ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | १,००४ | ८९ | ४२ | ११२ | १४३ | २३ | ४२६ | २४३ | ४० | २,०८२ | २,५७८ |
| ७ | ९०१ | ६१ | १६ | १७२ | १२३ | १४ | ५५९ | १८८ | ११९ | २,०३४ | २,४४२ |
| ८ | ५४५ | ३९ | ८ | १२८ | ११४ | ० | ६४४ | ४१२ | १३ | १,८९० | १,९८३ |
| **जम्मा** | **६,६७८** | **५७२** | **२२०** | **७७६** | **१,१४२** | **१०५** | **४,२००** | **२,०१०** | **८०५** | **१५,७०३** | **१८,७१०** |

*स्रोतः पारिवारिक तथ्याङ्क सर्वेक्षण, २०८०*

यस गाउँपालिकामा ठूला उद्योगहरु सञ्चालनमा छैनन् तर साना स्केलका देनिक आवश्यकतासँग सम्बन्धित विभिन्न व्यावसायहरु भने सञ्चालनमा छन् जसलाई निम्न तालिकामा देखाइएको छ ।

*तालिका १८ : गाउँपालिकाको व्यापार व्यवसाय विवरण*

| **विवरण** | **वडाहरु** | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | **१** | **२** | **३** | **४** | **५** | **६** | **७** | **८** | **जम्मा** |
| पानी घट्टा | - | १ | - | - | - | - | - | - | १ |
| चिस्यान केन्द्र | १ | - | - | - | - | - | - | - | १ |
| पानी मिल | - | १ | - | - | - | १ | - | - | २ |
| डिजेल मिल | ५ | ५ | ३ | - | ६ | ७ | - | - | २६ |
| विद्युत मिल | - | - | २ | - | - | - | ५ | - | ७ |
| कृषि सङ्कलन तथा प्रशोधन | - | - | - | - | १ | १ | - | - | २ |
| जडिबुटी सङ्कलन तथा प्रशोधन | १ | १ | - | - | - | - | - | - | २ |
| उद्योग | १ | १ | - | - | - | - | - | - | २ |
| कोशेली घर | - | - | - | - | - | १ | - | - | १ |
| व्यवसायिक कृषि तथा पशु फार्म | १ | ३ | - | १ | - | ५ | - | - | १० |

*श्रोत : गाउँपालिका पार्श्वचित्र, २०७६*

### ३.७. कृषि पेशा सम्बन्धी विवरण

#### ३.७.१. खाद्यान्न र खेतीयोग्य जमिनको उपलब्धता र जग्गाको स्वामित्व

यस गाउँपालिकामा अन्नवाली अन्तर्गत धान, मकै, कोदो, गहुँको वार्षिक उत्पादन ८,४२,८८२ क्विण्टल हुने गरेको पाइएको छ । दलहनको (दाल, चना, रहर, सिमि, मटमास)को वार्षिक उत्पादन ७५,९५४ केजी, तेलहन (तोरी, सस्यु, आलस, तिल, सूर्यमुखी) को उत्पादन ३,२८,१०९ केजी, तरकारी (आलु, वन्दा, काउली, रायो, वोडी, गोलभेडा, फर्सी) को उत्पादन वार्षिक ५,८५,७४८ केजी, नगदेवाली (अलैंची,अदुवा, बेसार, प्याज, लसुन, च्याउ) को उत्पादन वार्षिक २८,३४९ केजी, फलफुलहरु (आँप, लिचि, मेवा, कागती, स्याउ, केरा, सुन्तला)को वार्षिक उत्पादन ७०,३७३ केजी र अलैची तथा चिराइतोको वार्षिक उत्पादन २,३०८ केजी हुने गरेको छ ।

*तालिका १९ : खाद्यान्नको उपलब्धता र जग्गाको स्वामित्व विवरण*

| **विवरण** | **वडाहरु** | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | **१** | **२** | **३** | **४** | **५** | **६** | **७** | **८** | **जम्मा** | **%** |
| घरधुरी सङ्ख्या | ५४७ | ३५४ | ४४२ | ५११ | ४५८ | ५०९ | ४६३ | ३४५ | ३,६२९ | |
| ३ महिना भन्दा कम खान पुग्ने | ५२ | ३६ | ९० | ५१ | ३९ | ९६ | १३२ | १० | ५०६ | १३.९ |
| ३-६ महिना सम्म खान पुग्ने | १९४ | ८२ | १७८ | १४६ | १८१ | २६६ | २२४ | १२७ | १,३९८ | ३८.५ |
| ६-९ महिना सम्म खान पुग्ने | १७१ | ८१ | ८१ | २२८ | १७५ | १०८ | ७३ | १३८ | १,०५५ | २९.० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९-१२ महिना सम्म खान पुग्ने | १२८ | ११९ | ८६ | ७७ | ६१ | ३९ | ३३ | ६५ | ६०८ | १९.७ |
| उत्पादन वेच्ने | २ | ३६ | ७ | ९ | २ | ० | १ | ५ | ६२ | १.७ |
| भूमिहीन परिवार सङ्ख्या | ८ | ५ | १५ | १४ | २५ | ५ | ४ | ६ | ८२ | २.२ |
| ३ रोपनी सम्म जग्गा भएको | ६१ | ४९ | ५८ | ७५ | ८६ | ८१ | १६९ | १२२ | ७०१ | १९.३ |
| ६ रोपनी सम्म जग्गा भएको | १२६ | ८९ | ७० | १६९ | १३६ | १६१ | १७२ | १०५ | १,०२८ | २८.३ |
| १३ रोपनी सम्म जग्गा भएको | १४० | ९६ | १२५ | १२९ | १२६ | १४७ | ७३ | ६५ | ९०१ | २४.८ |
| ३७ रोपनी सम्म जग्गा भएको | १७६ | ६१ | ८५ | ११३ | ७८ | ९१ | ४१ | ३७ | ६८२ | १८.८ |
| ६५ रोपनी सम्म जग्गा भएको | २२ | ११ | ७७ | ८ | ५ | ५ | ० | ६ | १३४ | ३.७ |
| ६५ रोपनी सम्म जग्गा भएको | १४ | ४३ | १२ | ३ | २ | १९ | ४ | ४ | १०१ | २.४ |

*श्रोत : गाउँपालिका पार्श्वचित्र, २०७६*

यस गाउँपालिकामा आफ्नै उत्पादनले वर्षभरि खान पुग्ने तथा नपुग्ने परिवारको सङ्ख्या १,२४३ रहेको छ भने खान नपुग्ने परिवारको सङ्ख्या २,३८६ रहेको छ जसको वडागत विवरणलाई तालिका २० मा प्रस्तुत गरिएको छ।

*तालिका २० : गाउँपालिकामा आफ्नै उत्पादनले वर्षभरि खान पुग्ने र नपुग्ने परिवारको विवरण*

| वडा नं | वर्षभरि खान पुग्ने परिवार सङ्ख्या | वर्षभरि खान नपुग्ने परिवार सङ्ख्या | जम्मा | वर्षभरि खान पुग्ने परिवार प्रतिशत | वर्षभरि खान नपुग्ने परिवार प्रतिशत | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | २६४ | २९६ | ५६० | ४७.१४ | ५२.८६ | १०० |
| २ | १८२ | १७३ | ३५५ | ५१.२७ | ४८.७३ | १०० |
| ३ | १२६ | ३२२ | ४४८ | २८.१३ | ७१.८८ | १०० |
| ४ | १५५ | ३६५ | ५२० | २९.८१ | ७०.१९ | १०० |
| ५ | १४१ | २७५ | ४१६ | ३३.८९ | ६६.११ | १०० |
| ६ | २११ | २९८ | ५०९ | ४१.४५ | ५८.५५ | १०० |
| ७ | ४७ | ४१६ | ४६३ | १०.१५ | ८९.८५ | १०० |
| ८ | ११७ | २४१ | ३५८ | ३२.६८ | ६७.३२ | १०० |
| **जम्मा** | **१,२४३** | **२,३८६** | **३,६२९** | **३४.२५** | **६५.७५** | १०० |

*स्रोतः पारिवारिक तथ्याङ्क सर्वेक्षण, २०८०*

गाउँपालिकाको पार्श्वचित्र, २०७५ अनुसार यस गाउँपालिकामा करिब २.२ प्रतिशत अर्थात् ८२ घरधुरीहरु सुकुम्वासी रहेका छन्। ३ महिना भन्दा कम समय सम्म खानपुग्ने परिवार करिब १३.९ प्रतिशत रहेका छन् भने ३८.५ प्रतिशत घरपरिवारलाई ६ महिना सम्म आफ्नै उत्पादनबाट खान पुग्ने रहेको देखिन्छ। वर्षभरी खानपुग्ने परिवार करिब १९.७ प्रतिशत रहेका छन्। २९ प्रतिशत परिवारलाई भने ९ महिना सम्म खान पुग्ने अवस्था छ। खाद्यान्न विक्री गर्ने परिवार करिब १.७ प्रतिशत मात्र रहेका छन्। ३ रोपनी भन्दा कम जग्गा भएका परिवारहरु करीव १९.३ प्रतिशत छन् भने ६ रोपनी सम्म जग्गा हुनेहरु करिब २८.३ प्रतिशत र १३ रोपनी सम्म जग्गा हुनेहरुको करिब २४.८ प्रतिशत रहेका छन्। त्यसैगरी ३७ रोपनी जग्गा हुनेहरु करिब १८.८ प्रतिशत र ६५ रोपनी जग्गा हुनेहरु करिब ३.७ प्रतिशत र त्यो भन्दा वढी जग्गा हुनेहरु करिब २.४ प्रतिशत रहेको देखिन्छ।

*तालिका २१ : गाउँपालिकाको खेतीयोग्य जमिनको विवरण*

| वडा नं | बारी (रोपनी) | खेत (रोपनी) | जम्मा | बारी (रोपनी) प्रतिशतमा | खेत (रोपनी) प्रतिशतमा | जम्मा प्रतिशतमा |
|---|---|---|---|---|---|---|
| १ | ६,५९० | ३४८ | ६,९३८ | ९४.९८ | ५.०२ | १०० |
| २ | २८,८७.२५ | १,४८८ | ४,३७५ | ६५.९९ | ३४.०१ | १०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | ९,२०१.१४ | १,७६२ | १०,९६३ | ८३.९३ | १६.०७ | १०० |
| ४ | ४,०२३.५ | १,५१५ | ५,५३९ | ७२.६५ | २७.३५ | १०० |
| ५ | ३,३१६ | ८१७ | ४,१३३ | ८०.२३ | १९.७७ | १०० |
| ६ | ३,९९८ | १,९३७ | ५,९३५ | ६७.३६ | ३२.६४ | १०० |
| ७ | २,२१८.५ | ९२२ | ३,१४१ | ७०.६४ | २९.३६ | १०० |
| ८ | २,६८८ | ३०३ | २,९९१ | ८९.८७ | १०.१३ | १०० |
| **जम्मा** | **३४,९२२** | **९,०९२** | **४४,०१४** | **७९.३४** | **२०.६६** | **१००.००** |

*स्रोतः पारिवारिक तथ्याङ्क सर्वेक्षण, २०८०*

### ३.७.२. उत्पादन हुने अन्नबालीको विवरण

यस गाउँपालिकामा उत्पादन हुने अन्नबालीमा मुख्य गरी धान, मकै, कोदो रहेको छ जसमा बढी मात्रामा मकै रहेको छ । गाउँपालिकामा जम्मा ७,४०७ क्विन्टल धान उत्पादन हुने गरेको छ, ४,०८० क्विन्टल कोदो उत्पादन हुने गरेको छ भने १३,५८७ क्विन्टल मकै उत्पादन हुने गरेको छ ।

*तालिका २२ : गाउँपालिकामा उत्पादन हुने अन्नबालीको विवरण*

| वडा नं | धान (क्विन्टलमा) | मकै (क्विन्टलमा) | कोदो (क्विन्टलमा) | जम्मा | धान उत्पादन प्रतिशतमा | मकै उत्पादन प्रतिशतमा | कोदो उत्पादन प्रतिशतमा | जम्मा प्रतिशतमा |
|---|---|---|---|---|---|---|---|---|
| १ | १,४४६ | २,१२६ | ३७९ | ३,९५१ | ३६.६० | ५३.८१ | ९.५९ | १०० |
| २ | ५७१ | १,९२० | ५०३ | २,९९४ | १९.०७ | ६४.१३ | १६.८० | १०० |
| ३ | १,३४४ | ८७१ | २६८ | २,४८२ | ५४.१३ | ३५.०७ | १०.७९ | १०० |
| ४ | १,०१४ | २,०६७ | ३२४.७ | ३,४०६ | २९.७७ | ६०.६९ | ९.५३ | १०० |
| ५ | १०,१०.५ | १,८०८ | ३०१ | ३,१२० | ३२.३९ | ५७.९६ | ९.६५ | १०० |
| ६ | १,५५४ | २,७७२ | १,८३० | ६,१५६ | २५.२४ | ४५.०३ | २९.७३ | १०० |
| ७ | ४,५३.५ | १,१८६ | २८७ | १,९२७ | २३.५४ | ६१.५६ | १४.९० | १०० |
| ८ | १४.५ | ८३७ | १८७ | १,०३९ | १.४० | ८०.६० | १८.०१ | १०० |
| **जम्मा** | **७,४०७** | **१३,५८७** | **४,०८०** | **२५,०७३** | **२९.५४** | **५४.१९** | **१६.२७** | **१००.००** |

*स्रोतः पारिवारिक तथ्याङ्क सर्वेक्षण, २०८०*

### ३.७.३. गाउँपालिकामा उत्पादन हुने तरकारी बाली

यस गाउँपालिकामा सबै भन्दा बढी उत्पादन हुने तरकारी स्कुस/लौका/फर्सी रहेको छ भने दोश्रोमा आलु रहेको छ । कम उत्पादन हुने तरकारीमा तितेकरेला/घिरौला/चिचिण्डो रहेको छ । गाउँपलिकामा वार्षिक औसत ६००९.८ क्वीन्टल स्कुस/लौका/फर्सी, ५,४६६ क्वीन्टल आलु, ४२५.९ क्वीन्टल बन्दा, काउली, १४४.५ क्वीन्टल गोलभेंडा उत्पादन हुने गर्दछ भने ८४ क्वीन्टल तितेकरेला, घिरौंला, चिचिण्डो वार्षिक रुपमा उत्पादन हुने गर्दछ । यस पालिकामा उत्पादन हुने तरकारीको वार्षिक वडागत परिमाणलाई तालिका २३ मा देखाइएको छ ।

*तालिका २३ : गाउँपालिकामा उत्पादन हुने तरकारीको विवरण*

| वडा नं | आलु (क्विन्टलमा) | बन्दा/काउली (क्विन्टलमा) | गोलभेडा (क्विन्टलमा) | स्कुस/लौका/फर्सी (क्विन्टलमा) | तितेकरेला/घिरौला/चिचिण्डो (क्विन्टलमा) | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २,१७५.५ | ३४.५ | १२.५ | २,८०२.५ | १० | ५,०३५ |
| २ | ६२५.२ | ६ | ६ | १,१३८.२ | ७.६५ | १७,८३.१ |
| ३ | ३९६.३ | ५५ | २१ | ३१८ | २ | ७९२.३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | २७७ | २२६.५ | ४७.२ | १९८.०६ | ७.४ | ७५६.१६ |
| ५ | ८१.५ | १३ | २०.५ | १५१ | ३६ | ३०२ |
| ६ | १,४३६ | ५ | १० | ६२० | २० | २,०९१ |
| ७ | २२६.५ | ८३.५ | १६ | ५२५ | ० | ८५१ |
| ८ | २४८ | २.३५ | ११.३३ | २५७ | १ | ५१९.१८ |
| **जम्मा** | **५,४६६** | **४२५.९** | **१४४.५** | **६,००९.८** | **८४** | **१२,१२९.६९** |

*स्रोतः पारिवारिक तथ्याङ्क सर्वेक्षण, २०८०*

### ३.७.४. गाउँपालिकामा उत्पादन हुने नगदेबाली

यस गाउँपालिकामा उत्पादन हुने नगदेबालीमा अलैंची, प्याज, लसुन, अदुवा प्रमुख छन् । बढी उत्पादन अलैंची रहेको छ भने अदुवा/बेसार कम उत्पादन हुने गरेको छ । गाउँपालिकामा वार्षिक औसत उत्पादन हुने नगदेबालीको वडागत विवरणलाई तालिका २४ मा देखाइएको छ । वडागत हिसाबले हेर्ने हो भने वडा नं १ मा ६,७३३ किलो नगदेबाली उत्पादन हुन्छ जसमा ४,९८६ किलो अलैंची रहेको छ भने १,४९३ किलो प्याज/लसुन र २५४ किलो अदुवा/बेसार रहेको छ । वडा नं २ मा ३,८८५ किलो नगदेबालीको उत्पादन हुने गरेको छ । यसमा २,२५६ किलो अलैंची, ८७८ किलो प्याज/लसुन र ७५१ किलो अदुवा/बेसार उत्पादन हुने गरेको छ । वडा नं ३ मा ३,४७५ किलो उत्पादन हुने नगदेबालीमा ७५६ किलो अलैंची रहेको छ भने १,४८० किलो प्याज/लसुन र १,२३९ किलो अदुवा/बेसार रहेको छ । वडा नं ४ मा ५,६२३ किलो नगदेबाली उत्पादन हुन्छ । यसमा १,६४८ किलो अलैंची रहेको छ भने ३,८१६ किलो प्याज/लसुन र १५९ किलो अदुवा/बेसार रहेको छ । वडा नं ५ मा २,२९४ किलो नगदेबाली उत्पादन हुने गर्छ जस मध्ये १६० किलो अलैंची, १,२९५ किलो प्याज/लसुन र ८३९ किलो अदुवा/बेसार रहेको छ । वडा नं ६१,७४५ किलो अलैंची, ११९ किलो प्याज/लसुन र १९५ किलो अदुवा/बेसार उत्पादन हुने गरेको छ । त्यस्तै वडा नं ७ मा ३,३४५ किलो नगदेबालीमा १२९ किलो अलैंची, १,१२३ किलो प्याज/लसुन र २,०९३ किलो अदुवा/बेसार उत्पादन हुन्छ । वडा नं ८ मा १,८६६ किलो उत्पादन हुने नगदेबालीमा ५४२ किलो अलैंची, ४९४ किलो प्याज/लसुन र ८३० किलो अदुवा/बेसार रहेको छ ।





*फोटो २ : गाउँपालिकामा उत्पादन हुने नगदेबालीहरु*

*तालिका २४ : गाउँपालिकामा उत्पादन हुने नगदेबालीको विवरण*

| वडा नं | अलैंची (किलोमा) | प्याज/लसुन (किलोमा) | अदुवा/बेसार (किलोमा) | जम्मा |
|---|---|---|---|---|
| १ | ४,९८६ | १,४९३ | २५४ | ६,७३३ |
| २ | २,२५६ | ८७८ | ७५१ | ३,८८५ |
| ३ | ७५६ | १,४८० | १,२३९ | ३,४७५ |

| | | | | |
|---|---|---|---|---|
| ४ | १,६४८ | ३,८१६ | १५९ | ५,६२३ |
| ५ | १६० | १,२९५ | ८३९ | २,२९४ |
| ६ | १,७४५ | ११९ | १९५ | २,०५९ |
| ७ | १२९ | १,१२३ | २,०९३ | ३,३४५ |
| ८ | ५४२ | ४९४ | ८३० | १,८६६ |
| **जम्मा** | **१२,२२२** | **१०,६९८** | **६,३६०** | **२९,२८०** |

*स्रोतः पारिवारिक तथ्याङ्क सर्वेक्षण, २०८०*



*फोटो ३ : गाउँपालिकाको खेतीयोग्य जमिनहरु*

### ३.७.५. गाउँपालिकामा उत्पादन हुने फलफूल

यस गाउँपालिकामा उत्पादन हुने फलफूलको विवरण अनुसार यहाँ आँप, लिची, नास्पाती, स्याउ, आरु बखडा, केरा, सुन्तला, कागती, किवी, एभोकाडो रहेका छन् । यस गाउँपालिकामा औसत बार्षिक आँप/लिची ७५२ क्विन्टल उत्पादन हुने गरेको छ । नस्पाती/स्याउ/आरु बखडा ६९८.२ क्विन्टल उत्पादन हुने गरेको छ । केरा (घरीमा) ८,६२५ उत्पादन हुने गरेको छ, सुन्तला/कागती ३,२७८ क्विन्टल उत्पादन हुने गरेको छ, किवी १२,३१३ किलो उत्पादन हुने गरेको छ भने एभोकाडो ४,२९२ किलो उत्पादन हुने गरेको छ ।

*तालिका २५ : गाउँपालिकामा उत्पादन हुने फलफुलको विवरण*

| वडा न | आँप/लिची (क्विन्टलमा) | नस्पाती/स्याउ/आरु /बखडा (क्विन्टलमा) | केरा (घरीमा) | सुन्तला/कागती (क्विन्टलमा) | किवी (किलोमा) | एभोकाडो (किलोमा) |
|---|---|---|---|---|---|---|
| १ | ० | ४१८.५ | २६६ | १,०७९ | ९,३५४ | १० |
| २ | २९ | ४७.२ | १,०२९ | ३९७.५ | १,१५९ | १२९ |
| ३ | १२.५ | ७४ | १,६२७ | ९३.१ | ३१९ | ७७६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | १७५ | १.५ | ९१० | ८४.८ | ३५ | ५ |
| ५ | १४५.५ | २६.५ | ३,२२५ | १०८ | ० | ५० |
| ६ | ० | ० | ८९२ | ३७६ | २३५ | ५ |
| ७ | ४४.५ | १२८.५ | ४८६ | ४०३ | ७०५ | ३,०९६ |
| ८ | ३४५ | २ | १९० | ७३७ | ५०६ | २२१ |
| **जम्मा** | **७५२** | **६९८.२** | **८,६२५** | **३,२७८** | **१२,३१३** | **४,२९२** |

*स्रोतः पारिवारिक तथ्याङ्क सर्वेक्षण, २०८०*

### ३.७.६. गाउँपालिकामा चौपाया तथा पशुपन्छी सम्बन्धी विवरण

यस गाउँपालिकामा चौपाया तथा पशुपन्छी पाल्ने परिवारको सङ्ख्या बढी रहेको छ । वडागत हिसाबले हेर्ने हो भने कुल ५६० परिवार रहेको वडा नं १ मा चौपाया तथा पशुपन्छी पाल्ने परिवार ५५२ रहेका छन् भने चौपाया तथा पशुपन्छी नपाल्ने परिवार ८ रहेका छन् । त्यसैगरी कुल ३५५ परिवार रहेको वडा नं २ मा चौपाया तथा पशुपन्छी पाल्ने परिवार ३४० रहेका छन् भने चौपाया तथा पशुपन्छी नपाल्ने परिवार १५ रहेका छन् । कुल ४४५ परिवार रहेको वडा नं ३ मा चौपाया तथा पशुपन्छी पाल्ने परिवार ३९९ रहेका छन् भने चौपाया तथा पशुपन्छी नपाल्ने परिवार ४६ रहेका छन् । कुल ५२० परिवार रहेको वडा नं ४ मा चौपाया तथा पशुपन्छी पाल्ने परिवार ४७० रहेका छन् भने चौपाया तथा पशुपन्छी नपाल्ने परिवार ५० रहेका छन् । कुल ४१६ परिवार रहेको वडा नं ५ मा चौपाया तथा पशुपन्छी पाल्ने परिवार ४०० रहेका छन् भने चौपाया तथा पशुपन्छी नपाल्ने परिवार १६ रहेका छन् । कुल ५०९ परिवार रहेको वडा नं ६ मा चौपाया तथा पशुपन्छी पाल्ने परिवार ४९३ रहेका छन् भने चौपाया तथा पशुपन्छी नपाल्ने परिवार १६ रहेका छन् । कुल ४६३ परिवार रहेको वडा नं ७ मा चौपाया तथा पशुपन्छी पाल्ने परिवार ४५० रहेका छन् भने चौपाया तथा पशुपन्छी नपाल्ने परिवार १३ रहेका छन् । कुल ३५८ परिवार रहेको वडा नं ८ मा चौपाया तथा पशुपन्छी पाल्ने परिवार ३३८ रहेका छन् भने चौपाया तथा पशुपन्छी नपाल्ने परिवार २० रहेका छन् ।

*तालिका २६ : गाउँपालिकामा चौपाया तथा पशुपन्छी तथा पशुजन्य उत्पादनको विवरण*

| वडा नं | चौपाया तथा पशुपन्छी पाल्ने परिवार सङ्ख्या | चौपाया तथा पशुपन्छी नपाल्ने परिवार सङ्ख्या | जम्मा परिवार सङ्ख्या | चौपाया तथा पशुपन्छी पाल्ने परिवार प्रतिशत | चौपाया तथा पशुपन्छी नपाल्ने परिवार प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ५५२ | ८ | ५६० | ९८.५७ | १.४३ |
| २ | ३४० | १५ | ३५५ | ९५.७७ | ४.२३ |
| ३ | ३९९ | ४६ | ४४५ | ८९.६६ | १०.३४ |
| ४ | ४७० | ५० | ५२० | ९०.३८ | ९.६२ |
| ५ | ४०० | १६ | ४१६ | ९६.१५ | ३.८५ |
| ६ | ४९३ | १६ | ५०९ | ९६.८६ | ३.१४ |
| ७ | ४५० | १३ | ४६३ | ९७.१९ | २.८१ |
| ८ | ३३८ | २० | ३५८ | ९४.४१ | ५.५९ |
| **जम्मा** | **३,४४२** | **१८४** | **३,६२६** | **९४.९३** | **५.०७** |

*स्रोतः पारिवारिक तथ्याङ्क सर्वेक्षण, २०८०*

यस गाउँपालिकामा गाईगोरु/बाच्छाबाछी ८,३३३ रहेका छन् । त्यसैगरी राँगाभैंसी/पाडापाडी ४,०९७, बाखा/भेडा, खसी/बोका २०,९४५, सँगुर/बंगुर ४,०२१, कुखुरा/हाँस/टर्की २४,९३९ रहेका छन् ।

*तालिका २७ : गाउँपालिकामा चौपाया तथा पशुपन्छीको विवरण*

| वडा नं | गाईगोरु/बाच्छाबाछी | राँगाभैंसी/पाडापाडी | बाखा/भेडा, खसी/बोका | सँगुर/बंगुर | कुखुरा/हाँस/टर्की | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ९५२ | ३८९ | १,५५८ | ५४२ | ४,७९६ | ८,२३७ |
| २ | ५१५ | २७७ | १,०७९ | ३३३ | २,६५२ | ४,८५६ |
| ३ | ८५० | ५३६ | २,३१४ | २७४ | २,०५२ | ६,०२६ |
| ४ | ७४६ | २०३ | १,४६१ | ३८८ | १,६०१ | ४,३९९ |
| ५ | ८४६ | २१३ | ६,८०६ | १६९ | २,२२६ | १०,२६० |
| ६ | ३,१२२ | २,१४६ | ४,८९२ | १,३२० | ७,१८५ | १८,६६५ |
| ७ | ८२१ | १६५ | १,५७१ | ५४७ | २,४८२ | ५,५८६ |
| ८ | ४८१ | १६८ | १,२६४ | ४४८ | १,९४५ | ४,३०६ |
| **जम्मा** | **८,३३३** | **४,०९७** | **२०,९४५** | **४,०२१** | **२४,९३९** | **६२,३३५** |

*स्रोतः पारिवारिक तथ्याङ्क सर्वेक्षण, २०८०*

यस गाउँपालिकामा वार्षिक रुपमा उत्पादन हुने गाई भैंसीको दूध २,७३,०३० लिटर र घ्यू १५,७०२ के.जी. रहेको छ। वडागत हिसाबमा हेर्ने हो भने सबै भन्दा बढी दूध उत्पादन वडा नं ३ मा हुने गरेको छ भने कम दूध उत्पादन वडा नं ८ मा हुने गरेको छ। त्यसैगरी घ्यू बढी वडा नं ३ मा उत्पादन हुने गरेको छ भने कम वडा नं ८ मा रहेको छ।

*तालिका २८ : गाउँपालिकामा वार्षिक रुपमा उत्पदादन हुने गाई भैंसीको दुध र घ्यू*

| वडा नं | दूध (लिटर) | घ्यू (के.जी.) |
|---|---|---|
| १ | ३०,६५७ | २,३१६ |
| २ | ३१,१४९ | १,६५५ |
| ३ | ८८,६०० | ४,४१० |
| ४ | २५,१०० | १,६९० |
| ५ | ४२,५२९ | २,१७० |
| ६ | ३८,२७० | २,०५१ |
| ७ | ९,८१० | १,१४० |
| ८ | ६,९१५ | २७० |
| **जम्मा** | **२,७३,०३०** | **१५,७०२** |

*स्रोतः पारिवारिक तथ्याङ्क सर्वेक्षण, २०८०*

यस गाउँपालिकामा केही कृषि फार्महरुमा बाखा पकेट विकास कार्यक्रम सञ्चालन गरिएको छ जसलाई निम्न तालिकामा देखाइएको छ।

*तालिका २९ : बाख्रा पकेट विकास कार्यक्रम सञ्चालन गरिएका फर्महरु*

| क.स. | नाम | ठेगाना |
|---|---|---|
| १ | भलायोखर्क कृषि तथा पशुपालन फार्म | रामप्रसादराई गाउँपालिका वडा नं ४ |
| २ | दाजुभाई कृषि तथा पशुपालन फार्म | रामप्रसादराई गाउँपालिका वडा नं ८ |
| ३ | श्री कृषि तथा पशुपालन फार्म | रामप्रसादराई गाउँपालिका वडा नं ५ |
| ४ | ताँती कृषि तथा पशुपालन फार्म | रामप्रसादराई गाउँपालिका वडा नं ६ |
| ५ | टिम्मुरे देवीथान कृषि तथा पशुपालन फार्म | रामप्रसादराई गाउँपालिका वडा नं ५ |
| ६ | चण्डि देवीथान कृषि तथा पशुपालन फार्म | रामप्रसादराई गाउँपालिका वडा नं ४ |

| | | |
|---|---|---|
| ७ | लामा एग्रिकल्चर फार्म | रामप्रसादराई गाउँपालिका वडा नं ५ |
| ८ | तिम्सिना कृषि तथा पशुपालन फार्म | रामप्रसादराई गाउँपालिका वडा नं ५ |
| ९ | जाल्पादेवी सृजनशिल म.कृ. समुह | रामप्रसादराई गाउँपालिका वडा नं ५ |
| १० | पुर्खेटार कृषि तथा पशुपालन फार्म | रामप्रसादराई गाउँपालिका वडा नं ५ |
| ११ | गैयादेवी कृषि तथा पशुपालन फार्म | रामप्रसादराई गाउँपालिका वडा नं ३ |
| १२ | पिखुवा देवी कृषि तथा पशुपालन फार्म | रामप्रसादराई गाउँपालिका वडा नं ४ |

*तालिका ३० : गाउँपालिकामा माछा, मौरीपालन गर्ने परिवार सङ्ख्या*

| वडा नं | माछा, मौरी पालन गर्ने परिवार सङ्ख्या | माछा पोखरी सङ्ख्या | वर्षिक उत्पादन (के.जी.) | मैरीघार सङ्ख्या | वर्षिक मह उत्पादन (के.जी.) |
|---|---|---|---|---|---|
| १ | १३९ | १३ | ९८ | २३० | ८३७ |
| २ | ११७ | ४ | २१० | १६२ | ६२४ |
| ३ | १३२ | १८ | ३६५ | २७९ | ३७३ |
| ४ | ५३ | ५ | ५०० | ९४ | १४९ |
| ५ | १६ | २ | ५५ | ३७ | १०३ |
| ६ | १३५ | १८ | १३० | ४५७ | ८०४ |
| ७ | ३९ | ३ | ८४ | १६४ | ३०६ |
| ८ | ४१ | २ | २५ | ९३ | १९३ |
| **जम्मा** | **६७२** | **६५** | **१,४६७** | **१,५१६** | **३,३८९** |

*स्रोतः पारिवारिक तथ्याङ्क सर्वेक्षण, २०८०*

### ३.८. कृषि उत्पादनका मुख्य क्षेत्र


यस गाउँपालिकाका विभिन्न स्थानहरु फलफूल, तरकारी, अन्नबाली, दलहन, तेलहन साथै नगदे बाली उत्पादनका हिसाबले उपयुक्त रहेका छन् ।






*फोटो ४ : गाउँपालिकामा कृषि उत्पादन*


प्रत्येक वडाका प्रमुख उत्पादन र तिनको स्थलगत विवरणलाई निम्नानुसार नक्साङ्कन गरिएको छ ।





*चित्र २० : कृषि उपजका मुख्य क्षेत्रको वडागत विवरण*





*चित्र २१ : वडा नं. १ को कृषि उपजका मुख्य क्षेत्रको विवरण*





*चित्र २२ : वडा नं. २ को कृषि उपजका मुख्य क्षेत्रको विवरण*





*चित्र २३ : वडा नं. ३ को कृषि उपजका मुख्य क्षेत्रको विवरण*





*चित्र २४ : वडा नं. ४ को कृषि उपजका मुख्य क्षेत्रको विवरण*





चित्र २५ : वडा नं. ५ को कृषि उपजका मुख्य क्षेत्रको विवरण




*चित्र २६ : वडा नं. ६ को कृषि उपजका मुख्य क्षेत्रको विवरण*




*चित्र २७ : वडा नं. ७ को कृषि उपजका मुख्य क्षेत्रको विवरण*




*चित्र २८ : वडा नं. ८ को कृषि उपजका मुख्य क्षेत्रको विवरण*

## ३.९. गाउँपालिकामा जोखिमको अवस्था

यस गाउँपालिकामा धेरै घरहरु बाढी, पहिरो, हावाहुरी, डुबान तथा कटानको जोखिम रहेका छन् । वडागत हिसाबमा हेर्ने हो भने वडा नं १ मा ४६० घर भुकम्पको जोखिममा रहेका छन् भने ११३ घर पहिरोको जोखिम र २७७ घर हावाहुरीको जोखिममा रहेका छन् । त्यसैगरी वडा नं २ मा २६० घर भुकम्पको जोखिम, ४९ घर पहिरोको जोखिममा, १७६ घर हावाहुरीको जोखिममा र २ घर बाढीको जोखिममा रहेका छन् । वडा नं ३ मा ३३७ घर भुकम्पको जोखिममा रहेका छन् भने २३ घर पहिरोको जोखिम र ८२ घर हावाहुरीको जोखिममा रहेका छन् । वडा नं ४ मा ४३४ घर भुकम्पको जोखिममा रहेका छन् भने ५८ घर पहिरोको जोखिम, ३२ घर हावाहुरीको जोखिममा र २ घर बाढीको

जोखिममा रहेका छन् । वडा नं ५ मा २८२ घर भुकम्पको जोखिममा रहेका छन् भने ११ घर पहिरोको जोखिम, १६८ घर हावाहुरीको जोखिममा, १ घर बाढीको जोखिममा र १ घर डुबान वा कटानको जोखिममा रहेका छन् । वडा नं ६ मा ४११ घर भुकम्पको जोखिममा रहेका छन् भने १०३ घर पहिरोको जोखिम, १९ घर हावाहुरीको जोखिममा र २५ घर बाढीको जोखिममा रहेका छन् । वडा नं ७ मा २८३ घर भुकम्पको जोखिममा रहेका छन् भने १०० घर पहिरोको जोखिम, १७० घर हावाहुरीको जोखिममा र २ घर बाढीको जोखिममा रहेका छन् । वडा नं ८ मा ३१७ घर भुकम्पको जोखिममा रहेका छन् भने ८४ घर पहिरोको जोखिम, २२९ घर हावाहुरीको जोखिममा र १५ घर बाढीको जोखिममा रहेका छन् ।

*तालिका ३१ : जोखिममा रहेको घरहरुको विवरण*

| वडा नं | भुकम्प जोखिम रहेको घरको सङ्ख्या | बाढीको जोखिम रहेको घरको सङ्ख्या | पहिरोको जोखिम रहेको घरको सङ्ख्या | हावाहुरीको जोखिम रहेको घरको सङ्ख्या | डुबान वा कटानको जोखिम रहेको घरको सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | ४६० | ० | ११३ | २७७ | ० |
| २ | २६० | २ | ४९ | १७६ | ० |
| ३ | ३३७ | ० | २३ | ८२ | ० |
| ४ | ४३४ | २ | ५८ | ३२ | ० |
| ५ | २८२ | १ | ११ | १६८ | १ |
| ६ | ४११ | २५ | १०३ | १९ | ० |
| ७ | २८३ | २ | १०० | १७० | ० |
| ८ | ३१७ | १५ | ८४ | २२९ | ० |
| **जम्मा** | **२,७८४** | **४७** | **५४१** | **१,१५३** | **१** |

*स्रोतः पारिवारिक तथ्याङ्क सर्वेक्षण, २०८०*

**प्रकोपहरूको पहिचान तथा स्तरीकरण**

**विपद् जोखिम अनुकूलन र न्यूनीकरण**

यस गाउँपालिकामा जलवायु परिवर्तनका असर स्वरुप विभिन्न वातावरणीय साथै कृषि क्षेत्रसँग सम्बन्धित जोखिमहरु देखिएका छन् । ती मध्ये कृषिबाली तथा पशुरोग, पहिरो, भूक्षय, असिनापानी, चट्याङ तथा हावाहुरी, आगलागी, खडेरी आदि रहेका छन् । खडेरीले प्राकृतिक, आर्थिक, मानवीय, सामाजिक वातावरणमा प्रभाव पारेको देखिन्छ । यसका लागि समुदायले स्थानीय ज्ञान सीप र अनुभवमा आधारित उपायहरु जस्तै भ्यागुताको पूजा गर्ने, मूल पुजा देवी पूजा गर्ने, बाँसको टोकरीमा पानीको जोहो गर्ने आदि अपनाउने गरेका छन् । अनुकूलन तथा विपद् जोखिम न्यूनीकरणका वैकल्पीक उपायहरु भने मुहान संरक्षण, वन संरक्षण तथा व्यवस्थापन, वृक्षरोपण व्यवस्थापन, पोखरी पुनर्भरण आदि रहेका छन् । वडागत हिसाबले हेर्दा खडेरीले वडा नं १ र ८ मा बढी असर पारेको देखिन्छ ।

बाली रोगले वडा नं ५ मा बढी असर पारेको देखिन्छ । बाली रोगले प्राकृतिक, आर्थिक अवस्था तथा गतिविधिमा प्रभाव पारेको छ । अनुकूलन लागि समुदायले अपनाएका उपायहरुमा रसायनिक औषधी र विषादीको प्रयोग गर्ने, लाही किराको लागि खरानी छर्ने, तितेपाती, सिस्नुपानी र गहुँतको प्रयोग गर्ने, रसायनिक मल प्रयोगमा निरुत्साहन, प्राङ्गरीक तथा जैविक मल प्रयोग तथा प्रोत्साहन आदि रहेका छन् ।

आगलागीले वडा नं ५ मा बढी असर पारेको देखिन्छ । आगलागीले प्राकृतिक, आर्थिक, मानवीय, भौतिक वातावरणमा प्रभावित पारेको देखिन्छ । यसका लागि समुदायले अपनाएका उपायहरुमा सूचनापाटी सहितको जनचेतनामुलक

कार्यक्रम, वन क्षेत्रमा वाहालहरु बनाउने, अग्नि रेखा निर्माण गर्ने आदि रहेका छन् । अग्नि नियन्त्रण उपकरणको प्रयोग, वन व्यवस्थापन आदि रहेका छन् ।

त्यस्तै पहिरोले प्राकृतिक, आर्थिक, मानवीय, भौतिकमा प्रभावित पारेको देखिन्छ । यसका लागि समुदायले अपनाएका उपायहरुमा वृक्षारोपण गर्ने, कुलेसो तर्काउन, तटबन्धन लगाउने आदि रहेका छन् । वडागत हिसाबले हेर्दा पहिरोले वडा नं ८ मा बढी असर पारेको देखिन्छ ।

असिनापानी, चट्याङ तथा हावाहुरीले प्राकृतिक, आर्थिक, मानवीय, भौतिक वातावरणमा प्रभावित पारेको देखिन्छ । यसका लागि वैकल्पीक अनुकूलन तथा विपद् जोखिम न्यूनीकरणका उपायहरुमा सुरुङ खेती, जनचेतना, विद्युत भूमिकरण आदि रहेका छन् । वडागत हिसाबले हेर्दा असिनापानी, चट्याङ तथा हावाहुरीले वडा नं १ मा बढी असर पारेको देखिन्छ । प्रकोपहरूको विस्तृत विवरण तालिका ३२ मा प्रस्तुत गरिएको छ ।

*तालिका ३२ : प्रकोपको स्तरीकरण*


| प्रकोपको नाम | वडा | | | | | | | | जम्मा | स्तर |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | | |
| खडेरी | १० | ५ | ७ | ६ | ९ | ६ | ८ | १० | ६१ | पहिलो |
| बाली रोग | ५ | ७ | ८ | ७ | १० | ९ | ८ | ५ | ५९ | दोस्रो |
| पशु रोग | ८ | ५ | ७ | ५ | ९ | ८ | १० | ४ | ५६ | तेस्रो |
| मिचाहा झार | ५ | १० | ८ | ८ | ९ | १० | २ | २ | ५४ | चौथो |
| आगलागी | ६ | ८ | ४ | ६ | १० | ८ | ३ | ४ | ४९ | पाँचौ |
| भू-क्षय | ८ | ३ | ६ | ३ | ५ | ७ | ५ | ३ | ४० | छैटौं |
| बाढी तथा नदी कटान | ३ | ७ | ३ | ७ | ८ | ६ | १ | ५ | ४० | छैटौं |
| मानव रोग | ५ | ६ | ६ | ३ | २ | ५ | ७ | ३ | ३७ | आठौं |
| पहिरो | ४ | ७ | २ | ४ | २ | ७ | ३ | ८ | ३७ | आठौं |
| असिनापानी, चट्याङ तथा हावाहुरी | ७ | ४ | २ | ३ | ४ | ४ | २ | ३ | २९ | दशौं |
| **जम्मा** | **६१** | **६२** | **५३** | **५२** | **६८** | **७०** | **४९** | **४७** | | |
| **स्तर** | **चौथो** | **तेस्रो** | **पाँचौ** | **छैटौं** | **दोस्रो** | **पहिलो** | **सातौं** | **आठौं** | | |

*श्रोतः स्थानीय अनुकूलन कार्ययोजना (आ.व. २०८१/०८२ - २०८५/०८६)*





*फोटो ५ : गाउँपालिकाको कृषि क्षेत्रहरु*




*चित्र २९ : गाउँपालिकाको कृषि सम्बन्धी वडागत विवरण*

# परिच्छेद ४: रामप्रसादराई गाउँपालिकाको कृषि विकास योजना

## ४.१. पृष्ठभूमि

रामप्रसादराई गाउँपालिकाको समृद्धिको मुख्य आधार कृषि हो । यस गाउँपालिकामा प्रमुख गरी अन्नबाली (धान, मकै, कोदो, गहुँ, फापर), दलहन बाली (रहर, चना, सिमी, भटमास, बोडी), तेलहन बाली (तोरी, आलस, तील, सूर्यमुखी), फलफूल (मेवा, कागती, सुन्तला, केरा, नासपाती आदि), तरकारी (आलु, बन्दा, काउली, गोलभेँडा करेला आदि) तथा नगदे बाली (अलैंची, अदुवा, बेसार, प्याज, लसुन, च्याउ आदि) उत्पादन हुने गरेको पाइएको छ । यहाँका प्राथमिकता प्राप्त बालीहरुमा मकै, धान, कोदो, तोरी, खुर्सानी, दलहन, आलु, सुन्तला, कागती, एभोकाडो, किवी, अलैंची पर्दछन् भने रैथाने बालीमा फापर, गहुँ, कपास, सिलाम, खूर्सानी, आलुपंखे, फापर, जुनेलो, सिस्नु, गुन्द्रुक, सिन्की निगुरो, मकै, स्कूस, कोदो, घनकुटे आदि छन् ।

रामप्रसादराई गाउँपालिकाले कृषि क्षेत्रलाई प्राथमिकताको क्षेत्रका रुपमा राखेको छ र सोही अनुरुप विभिन्न कार्यहरुको थालनी भएको छ । पालिकामा कृषि समूह, व्यावसायिक फर्म तथा व्यवसायिक किसानहरु पनि रहेका छन् । पालिकामा भएका व्यवसायिक फर्मको सङ्ख्या कृषि ७, कृषक समूहको सङ्ख्या ३५ तथा सदस्य सङ्ख्या ७५ रहेको छ । गाउँपालिकाले कृषकलाई कृषिसम्बन्धी सहयोग तथा तालिम दिएको छ । गाउँपालिकामा हरेक वडामा विभिन्न खोलानालाहरुबाट सिंचाइ तथा खानेपानी सेवा सञ्चालनमा छन् भने नयाँ योजना सञ्चालन समेत गर्न सक्ने अवस्था छ । स्थानीय साना ठूला खोला नदीबाट पानी ल्याएर सिंचाइ सुविधा उपलब्ध गराउन सके कृषकले उत्पादन वृद्धि गरी लाभ लिन सक्ने अवस्था रहेको छ ।

## ४.२. समस्या तथा चुनौती

मुलुकको अन्य स्थानहरुमा जस्तै यस गाउँपालिकाले कृषि क्षेत्रमा विविध समस्या भोग्नु परिरहेको छ । यस गाउँपालिकामा अन्नबाली, तरकारी तथा फलफूलमा विभिन्न प्रकारका बालीरोगहरू देखा परेका छन् । यहाँका अन्नबाली तथा तरकारीमा फौजी किरा, लाई, गभारो, पतेरो, बेरुवा, डडुवा, आँख्ले, फेद कटुवा, खबटे किरा, सिन्दुरे, खराने, फड्के कीरा, तथा खुम्ले, ढुसी, कालोपोके जस्ता समस्या तथा असरहरू रहेका छन् । यस गाउँपालिकामा खेतीपाती गरिने धेरै प्रजातिहरू अहिले लोप भइसकेका छन् भने कतिपय लोप हुने अवस्थामा पुगेका छन् । यस गाउँपालिकाबाट फिलुङ्गे, तीते फापर, टाइचिन धान, कालो मार्सी धान, पोखरेली धान, थापाचिनी धान, नागा धान, पाडदुरे कादो, जुनेलो, अटै धान आदि लोप भइसकेका छन् भने सिलाम, सुठुनी, सेतो कोदो, डल्ले मसिना धान, उवा, जौ, सेतो मकै, पहेँलो मकै, तौली धान, आदि लोपोन्मुख अवस्थामा पुगेका छन् । यहाँका प्रमुख जलवायुजन्य प्रकोपमा खडेरी, बाली रोग र पशु रोग रहेका छन्, जसले मौसमी तथा बेमौसमी कृषिबालीमा उल्लेख्य असर पारेका छन् ।

गाउँपालिकामा प्राङ्गारिक मलको अभाव, युवा जनशक्ति पलायन, प्राविधिक ज्ञानको अभाव, सिंचाइ सुविधाको अभाव, पशुका लागि सन्तुलित दानाको कमी, दक्ष जनशक्तिको कमी, बजारको समस्या, सहज यातायातको अभाव, जलवायु परिवर्तनले कृषि तथा पशुपालन व्यवसायमा परेको नकारात्मक प्रभाव, कृषि तथा पशुपालन भएका क्षेत्रमा सडक सञ्जालको व्यवस्था नहुनु आदि समस्या रहेका छन् । कृषि क्षेत्रमा लगानी भन्दा लाभ कम भएकाले मानिसहरुको यस पेशा प्रति चासो कम छ जसका कारण खेती गर्ने जग्गा बाँझो रहेको छ । वैदेशिक रोजगारीमा यूवा पलायनको क्रम बढ्दो छ । यस पालिकामा कृषिसँग सम्बन्धित दीर्घकालीन रणनीति वा आवधिक योजनाहरु निर्माण भएको छैन । सङ्घीय, प्रदेश सरकारबाट शसर्त प्राप्त हुने अनुमानित बजेट प्रदेशबाट प्राप्त छैन । पालिकामा कृषि क्षेत्रको विकासको लागि वार्षिक कार्यक्रममा बिनियोजित रकम एकदमै न्युन (कूल बजेटको २५ लाख मात्र) छ । कृषि उत्पादनको बजार मूल्य कम हुनु, प्राविधिक जनशक्तिको अभाव, कृषि बजारको व्यवस्थापन अभाव, किसानले कृषि उत्पादनको उचित मूल्य नपाउने, प्रतिफल खोज्ने प्रवृति तथा लगानी गर्ने तत्परता नहुनुले कृषि प्रति आकर्षण कम छ । कृषि बीउ,

बिजन, मल, प्राविधिक सेवा प्रदान गर्ने एग्रोभेट छैन । खेतीबालीमा लाग्ने किरा उपचारको ज्ञान छैन । कृषि सम्बन्धी व्यवसायिक सीपको अभाव, उन्नत बीउ बिजनको अभाव आदि जस्ता समस्याले कृषि क्षेत्र ग्रसित छ ।

यस गाउँपालिकाको कृषिको क्षेत्रगत विकासको अर्को महत्वपूर्ण पक्ष भनेको सिंचाइ पूर्वाधारको अवस्था पनि हो । सिंचाइका लागि पर्याप्त बजेट नहुनु, स्थानीय खोलानालाहरुबाट हुने सिंचाइको सम्भाव्यता अध्ययन नहुनु, गाउँपालिकालाई समेट्ने किसिमको सिंचाइ आयोजना नहुनु, भुमिगत सिंचाइको सम्भावना कम हुनु, हाल भएका कुलो तथा नहरहरु मर्मत सम्भार नहुनु आदि यस गाउँपालिकाको सिंचाइ क्षेत्रका समस्याहरु हुन् । हाल रहेका कुलोहरुले गाउँपालिकाका सबै कृषि क्षेत्रलाई सिंचित गर्न सक्दैन । भौगोलिक कठिनाइ, सिंचाइ पूर्वाधारको अभाव, पूर्वाधारको संरक्षण र सम्वर्द्धनको अभाव, प्रविधिक जनशक्तिको अभाव सिंचाइ क्षेत्रका समस्या हुन् । जलवायु परिवर्तनको असर तथा प्रभाव स्वरुप पानीका मुहानहरु सुक्ने क्रममा रहेका छन् भने यसका पानीका श्रोतको संरक्षण गर्दै विद्यमान समस्याको समाधान गरी सबै समय र स्थानमा सिंचाइ सेवा पुर्‍याउनु गाउँपालिकाको चुनौतीका रुपमा रहेको छ । कृषि नै यस गाउँपालिकाको आर्थिक उन्नतिको मुख्य आधार भएकाले यी विद्यमान समस्यालाई समाधान गर्दै कृषि क्षेत्रको व्यावसायिकरण गर्नु र स्थानीयको जीवनस्तर उकास्नु एक चुनौतीका रुपमा रहेको छ ।

### ४.३. अवसर

नेपालका हरेक पञ्चवर्षीय योजनाहरुमा कृषि क्षेत्रले प्राथमिकता पाउँदै आएको छ । तीनै तहका सरकारले कृषि क्षेत्रलाई उच्च प्राथमिकतामा राख्नु, कृषि विकासको स्पष्ट मार्गदर्शनका रूपमा रहेको कृषि विकास रणनीति-२०७२ कार्यान्वयन हुनु, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सञ्चालनमा रहनु, पछिल्ला वर्षहरूमा कृषि ऋण, कृषि बिमा, नयाँ प्रविधिहरूको उपयोगले समेत यस क्षेत्रमा थप अवसरहरू सिर्जना हुँदै गएको छ । यसका अलावा कृषि पर्यटन सुरुवात हुनु, कृषि क्षेत्रमा लगानी गर्न निजि क्षेत्रको चासो बढ्नु, प्रदेश सरकार तथा गाउँपालिकाले पर्यटन ब्यबसायमा स्थानिय कृषि बस्तुको उपयोग गर्नुपर्ने नीति लिनु, आदि जस्ता अवसरहरु रहेका छन् । यस गाउँपालिकामा पशुपालनका लागि उपयुक्त हावापानी, फलफूल र तरकारीको व्यावसायिक खेतीको सम्भावना रहेको छ भने कृषि क्षेत्रमा जनप्रतिनिधि तथा स्थानीयको चासो रहेको छ ।

गाउँपालिकाले कृषकलाई ट्रयाक्टर, स्प्रे डूम जस्ता कृषि औजार मेसिन सहयोग उपलब्ध गराएको छ । सरकारी, निजि क्षेत्रको समन्वय, सहकार्यको अवस्था राम्रो छ । कार्यक्रम अनुगमन र सुपरिवेक्षण प्रणाली राम्रो छ । समूह/सहकारीको मार्फत् बिउहरु वितरण कार्य हुँदैछ । थोपा सिचाईको प्रयोग हुने क्रममा छ । पालिका तथा कृषि शाखाबाट मलखाद वितरण हुँदैछ । आ.व. २०७९/०८० बाट कृषकलाई पुरस्कार तथा सम्मान कार्यक्रम शुरु गरिएको छ । यस गाउँपालिकाले **"कृषि, विद्युतीकरण र सडक विस्तार, रामप्रसादराई गाउँपालिकाको पूर्वाधार विकास"** भन्ने दूरदृष्टि राखी आफ्ना योजना तथा कार्यक्रम सन्चालन गरिरहेको छ । गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रममा व्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाइ, कृषि सडक, विद्युतीकरण, कृषि बजार, शीत भण्डार तथा गोदामघरको पूर्वाधार क्रमिक विकास गरिने, कृषकलाई व्यवसायिक तालिम प्रदान गरिने, माटो परीक्षण गराई माटो सुहाउँदो कृषिबाली लगाउन कृषकलाई सहजीकरण गर्ने, पशु नश्ल सुधार कार्यक्रम, दीर्घकालीन कृषि रणनीतिक योजना तर्जुमागर्ने जस्ता विषयवस्तु समेटिएको छ ।

वडा नं. १ को ओखेमा कृषि हाटबजार स्थापना भएको छ । कृषि उत्पादनहरुको बजारीकरणका लागि कृषि एम्बुलेन्स खरीदको प्रक्रिया अघि बढाइएको छ । लम्पीस्किन पशुरोग न्युनीकरणकालागि रु १० लाख बराबरको औषधी र खोपहरु निशुल्क वितरण गरिएको थियो । यस गाउँपालिकाका वडा नं. ३, ४, ५, ६ र ८ मा १२ वटा कृषि तथा पशुपालन फर्ममा बाख्रा पकेट विकास कार्यक्रम सञ्चालन गरिएका छन् ।

त्यस्तै सिंचाइका सन्दर्भमा पनि यस पालिकामा केही अवसरहरु रहेका छन् । विभिन्न खोलानालाहरुको उपलब्धताले गर्दा यस पालिकामा सतही पूर्वाधार निर्माण गर्न सकेको खण्डमा कृषि भूमिमा सिंचाइ सुविधा विस्तार गर्न सम्भव छ । तरकारी खेतीको सम्भावना बढी देखिएका स्थानमा थोपा सिंचाइ, प्लास्टिक पोखरी, आकासे पानी सङ्कलन पोखरी, आरसिसी पानी सङ्कलन ट्यांकी बनाई सिंचाइ गर्न सकिने सम्भावना पर्याप्त देखिन्छ । पालिकाका विभिन्न वडाका उच्च स्थानमा पोखरीहरुको निर्माण पनि भएको अवस्था छ । त्यस्तै हाल भएका कुलो तथा नहरहरु मर्मत सम्भार गरी उत्पादन बढाउन सकिने र स्थानीय खोलाबाट मध्यम स्तरका सिंचाइ योजनाहरु सञ्चालन गर्न सकिने समेत सम्भावना छ । रामप्रसादराई गाउँपालिकाको विभिन्न वडाहरुको कृषि सम्बन्धी क्षेत्रगत विशेषतालाई अनुसुची २ मा देखाइएको छ ।

## ४.४. लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति

**लक्ष्य :**

कृषि क्षेत्रको आधुनिकिकरण तथा व्यवसायिकरण गर्दै कृषिजन्य वस्तुको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्ने ।

**उद्देश्यहरु**

- कृषिको उत्पादन र उत्पादकत्वमा वृद्धि गरी गाउँपालिकाको आर्थिक उन्नतिको जग तयार गर्ने ।
- कृषि क्षेत्रको विशिष्टिकरण, बजारीकरण मार्फत दीगो एवम् व्यबसायिक प्रणाली स्थापित गर्ने ।
- पशुपन्छी पालनमा व्यावसायिकता सिर्जना गर्दै रोजगारीको सिर्जना गर्ने ।
- पुराना सिंचाइ योजनाको मर्मत सम्भार र नयाँ योजना निर्माण गरी खेती योग्य जमिनमा वर्षैभरि सिंचाइ सेवा सुविधा सुनिश्चित गर्ने ।

**रणनीति**

- गाउँपालिकामा व्यावसायिक तथा सामुहिक रुपमा कृषि तथा पशुपालन गर्न प्रोत्साहन गर्ने ।
- कृषिका पकेट क्षेत्र छुट्याई उत्पादनलाई विशिष्टीकृत गर्ने ।
- जलवायू परिवर्तनका प्रभावसँग अनुकुलित हुने किसिमको खेती प्रणाली विकास गर्ने र कृषिको यान्त्रीकरण तथा आधुनिकीकरण गर्ने ।
- रैथाने बाली उत्पादनमा प्रोत्साहन तथा प्रवर्द्धन गर्ने ।
- उच्च मूल्य बालीको उत्पादनलाई प्रोत्साहन गर्ने ।
- कृषि र पशुजन्य उत्पादनको बजार विस्तार, व्यवस्थापन एवम् प्रवर्द्धन गर्ने ।
- दुग्ध उत्पादनकालागि पालिएका गाई भैंसीको नश्ल सुधार तथा पशु पालन व्यसायलाई व्यवस्थित गर्ने ।
- व्यवसायिक बंगुर, कुखुरा, माछा, मौरी तथा बाखा पालन गर्ने किसानलाई प्रोत्साहन तथा प्रवर्द्धन गर्ने ।
- *युवा सहभागीता गाउँको विकास* भन्ने मूल मर्मका साथ कृषिमा युवा लक्षित कार्यक्रम सञ्चालन गर्ने ।
- हाल विद्यमान रहेका कुलो तथा नहरहरुको मर्मत सम्भार गर्ने ।
- नयाँ सिंचाइ आयोजनाको निर्माण गर्ने ।
- पानीका मुहानको संरक्षण गर्ने ।
- गाउँपालिकामा हुने आयात घटाउने, खाद्यान्नमा आत्मनिर्भर हुने तथा निर्यात प्रवर्द्धन गरी आर्थिक समृद्धि हासिल गर्ने ।

*तालिका ३३ : गाउँपालिकाको कृषि रणनीति तथा कार्यनीति*

| रणनीति | कार्यनीति |
|---|---|
| गाउँपालिकामा व्यावसायिक तथा सामुहिक रुपमा कृषि तथा पशुपालन गर्न प्रोत्साहन गर्ने । | • कृषि विकास नीति तथा निर्देशिका तर्जुमा गर्ने ।<br>• व्यवसायिक कृषि र पशुपालनमा आवद्ध कृषकका लागि आवश्यक तालिमको व्यवस्था गर्ने ।<br>• कृषि फार्म तथा कृषकको क्षमता वृद्धि गर्नका लागि सार्वजनिक निजी साझेदारी मार्फत् सहकार्य गर्दै सहुलियत दरमा कृषि ऋणको व्यवस्था गर्ने ।<br>• कृषक परिचय पत्र वितरण कार्यक्रम सञ्चालन गरि सोही अनुसार अनुदान र सुविधा उपलब्ध गराउने ।<br>• उत्कृष्ट किसान वा समूहलाई पुरस्कृत गरी प्रोत्साहन गर्ने ।<br>• हाइटेक नर्सरी स्थापना तथा टनेल खेती तालिम प्रदान गर्ने ।<br>• सामुहिक खेती प्रणालीलाई प्रोत्साहन गर्न जग्गा एकीकरण गर्ने तथा कृषिका लागि आवश्यक रासायनिक मल, उन्नत बीऊ समयमै उपलब्ध गराउन पहल गर्ने साथै जैविक मल प्रयोगलाई प्रोत्साहन गर्ने ।<br>• व्यवसायिक फलफूल खेती गर्ने किसानलाई विरुवा वितरण गर्ने ।<br>• तरकारी, फलफूलको नर्सरी सञ्चालन गर्ने व्यवसायीलाई लक्षित गरी नर्सरी व्यवस्थापन सम्बन्धी तालिम प्रदान गर्ने ।<br>• व्यवसायिक खेती गर्ने कृषकका लागि कलमी औजारमा अनुदान सहयोग प्रदान गर्ने । |
| कृषिका बाली पकेट क्षेत्र छुट्याई उत्पादनलाई विशिष्टिकृत गर्ने ।<br>(बाली पकेट क्षेत्रको वडागत अवस्थालाई तल तालिका ३४ मा देखाइएको छ ।) | • वडा नं. २, ३, ४, ५ का प्रमुख रुपमा धान उत्पादन हुने स्थानहरुलाई धान पकेट क्षेत्रका रुपमा विकास गर्ने ।<br>• वडा नं. १, २, ४, ७, ८ का प्रमुख रुपमा मकै उत्पादन हुने स्थानहरुलाई मकै पकेट क्षेत्रका रुपमा विकास गर्ने ।<br>• वडा नं. २, ४, ६ का सुन्तला, कागती उत्पादन हुने स्थानहरुलाई सुन्तला, कागती पकेट क्षेत्रका रुपमा विकास गर्ने ।<br>• वडा नं.३, ४, ५ का कोदो उत्पादन हुने स्थानहरुलाई कोदो पकेट क्षेत्रका रुपमा विकास गर्ने ।<br>• वडा नं. ४ का गहुँ, अकबरे खुर्सानी उत्पादन हुने स्थानहरुलाई गहुँ, अकबरे खुर्सानी पकेट क्षेत्रका रुपमा विकास गर्ने ।<br>• वडा नं. ४, ५, ६, ७ मा एभोकाडो उत्पादन हुने स्थानहरुलाई एभोकाडो पकेट क्षेत्रका रुपमा विकास गर्ने ।<br>• वडा नं. १, ३ अलैंचीका अलैंची उत्पादन हुने स्थानहरुलाई अलैंची पकेट क्षेत्रका रुपमा विकास गर्ने ।<br>• वडा नं. १, ३, ८ का किवी उत्पादन हुने स्थानहरुलाई किवी पकेट क्षेत्रका रुपमा विकास गर्ने ।<br>• वडा नं. १, २, ७, ८ का आलु उत्पादन हुने स्थानहरुलाई आलु पकेट क्षेत्रका रुपमा विकास गर्ने ।<br>• वडा नं. ३, ४, ५ ६ का अदुवा, बेसार उत्पादन हुने स्थानहरुलाई अदुवा, बेसार पकेट क्षेत्रका रुपमा विकास गर्ने ।<br>• वडा नं. ४, ५, ६, का दलहन उत्पादन हुने स्थानहरुलाई दलहन पकेट क्षेत्रका रुपमा विकास गर्ने । |

| | |
|---|---|
| | • वडा नं. ३, ४, ६, लाई तरकारी पकेट क्षेत्रका रुपमा विकास गर्ने ।<br>• वडा नं. १, ४, ६ लाई तेलहन पकेट क्षेत्रका रुपमा विकास गर्ने ।<br>• वडा नं. १, २, ६, ७, ८ का विभिन्न स्थानलाई जडिबुटी पकेट क्षेत्रका रुपमा विकास गर्ने ।<br>• वडा नं. ४, ५, ७, ८ लाई बाखा पालनको पकेट क्षेत्रका रुपमा विकास गर्ने ।<br>• वडा नं. १, ४, ७ र ८ सुँगुर पालनको पकेट क्षेत्रका रुपमा विकास गर्ने । |
| जलवायू परिवर्तनका प्रभावसँग अनुकुलित हुने किसिमको खेती प्रणाली विकास गर्ने र कृषिको यान्त्रिकीकरण तथा आधुनिकीकरण गर्ने । | • जलवायू परिवर्तनको असर स्वरुप खेतीपातीमा लाग्ने रोगकीरा न्युनीकरणका लागि जैविक विषादी वितरण गर्ने गर्ने ।<br>• कम पानी आवश्यक पर्ने बालीको बीउ वितरण गर्ने ।<br>• गाउँपालिका भित्रका सुख्खा क्षेत्रमा सिंचाइका लागि स्प्रिन्कल सिंचाइ, थोपा सिंचाइ, लिफ्ट सिंचाइ, प्लाष्टिक पोखरी, उच्च स्थानमा रिचार्ज पोखरी, तथा घरघरमा वर्षायामको पानी सङ्कलन गर्न टयांकीको निर्माण गर्ने र माछापालन समेत पालन गर्ने ।<br>• बाली विविधिकरण र बेमौसमी तरकारी सम्बन्धी तालिम प्रदान गर्ने ।<br>• जैविक तथा प्राङ्गारिक मल, गड्यौला आदिको व्यवसायिक रुपमा व्यापक उत्पादन गर्ने तथा प्राङ्गारिक खेती प्रणाली विकास गर्ने ।<br>• लागत न्युनीकरण र उत्पादन वृद्धि गर्नका लागि कृषिको यान्त्रिकीकरण कार्यक्रम अन्तर्गत हाते ट्रयाक्टर वितरण गर्ने ।<br>• मकै गोड्ने हाते मेसिन, ससाना गह्राहरुमा खनजोत गर्नकालागि खन्ने साधन, मकै, गहुँ, धान लगायतका बाली व्यवस्थापन गर्नका लागि सजिलो तथा कम खर्च लाग्ने कृषि औजार तथा यन्त्र निर्माण गर्न राष्ट्रिय आविष्कार केन्द्रसँग समन्वय तथा सहकार्य गर्ने ।<br>• टनेल खेती तालिम अभियान सञ्चालन गर्ने ।<br>• हाइटेक नर्सरी स्थापना गरी फलफूल, तरकारी, लगायतका विरुवा उपलब्ध गराउने ।<br>• १ वडामा १ दक्ष प्राविधिक कर्मचारीको व्यवस्थापन गर्ने ।<br>• कृषि तथा पशु बीमा एवम् पशु खोप कार्यक्रम लागू गर्ने ।<br>• एक घर, एक करेसाबारीको अवधारणालाई प्रोत्साहन गर्ने । |
| रैथाने बाली उत्पादनमा प्रोत्साहन तथा प्रवर्द्धन गर्ने । | • स्थानीय स्तरमा उत्पादन हुने गहुँ, कपास, सिलाम, खूर्सानी, आलुपंखे, फापर, जुनेलो, कागुनो, सिस्नु, मकै, स्कूस, कोदो, घनकुट जस्ता रैथाने बालीको संरक्षणमा जोड दिइने ।<br>• रैथाने प्रजातिका अन्न बाली उत्पादन गर्ने किसानलाई बीउमा अनुदान दिने ।<br>• रैथाने प्रजातिका कृषि उत्पादनको लेबलिंग तथा ब्रान्डिंग गरी बजारीकरण गर्ने । |
| उच्च मूल्य बालीको उत्पादनलाई प्रोत्साहन गर्ने । | • अलैची, अदुवा, वेसार, एभोकाडो जस्ता उच्च बजार मूल्य भएका खेतीबाली पकेट क्षेत्र निर्धारण गरी कृषकहरुलाई प्रोत्साहन गर्ने ।<br>• अलैंचीमा देखिने जुर्जुरे, गानो कुहिने, पात डढ्ने, फल नलाग्ने तथा बोट मर्ने जस्ता समस्याको समाधान गरी अलैंची उत्पादनलाई बढाउनका लागि प्राविधिक परामर्श दिन दक्ष प्राविधिक सेवा उपलब्ध गराउने । |

| | |
|---|---|
| | • रामसाई, गोलसाइ, भार्लांग, सेरेना, सलकपुरे जस्ता प्रजातिका धेरै उत्पादन दिने अलैंचीका बेर्ना उत्पादन तथा वितरण गर्न प्रोत्साहन गर्ने ।<br>• अलैंची प्रशोधनका लागि आवश्यक सुधारिएको भट्टी निर्माण गर्न अनुदान सहयोग प्रदान गर्ने ।<br>• अल्लो उत्पादनलाई प्रोत्साहन गरी यस सम्बन्धित उद्योग व्यवसायलाई बढावा दिने ।<br>• एभोकाडो उत्पादनलाई प्रवर्द्धन गरी बजारीकरण गर्ने ।<br>• उच्च मूल्य बालीको बजारीकरण गर्ने क्रममा विचौलियाको भूमिका कम गर्न तथा दरभाउमा एकरुपता र पारदर्शीता कायम गर्न मोबाइल एपमा आधारित कृषि सुचना प्रणाली विकास गर्ने । |
| दुग्ध उत्पादनकालागि पालिकाका गाई भैंसीको नश्ल सुधार तथा पशुपालन व्यसायलाई व्यवस्थित गर्ने । | • स्थानीय गाईको नश्ल सुधारका लागि जर्सी साँडे वितरण गर्ने ।<br>• स्थानीय भैंसीको नश्ल सुधारका लागि मुर्रा राँगा वितरण गर्ने ।<br>• कृतिम गर्भाधान सेवा विस्तार, पशुसुत्केरी सेवा कार्यक्रम आदिलाई प्रभावकारी बनाउन पहल गर्ने ।<br>• उन्नत जातका गाई र भैंसीका क्रस बाच्छाबाच्छी र पाडापाडी हुर्काउने कार्यक्रम ।<br>• प्रत्येक वडामा पोषिला डालेघाँस तथा भूई घाँसका वेर्ना तथा बीउ वितरण गर्ने ।<br>• प्रत्येक वडामा पालिएका गाई तथा भैंसीलाई खोरेत, भ्यागुत्ते तथा चर्चरे रोग विरुद्धको खोप सञ्चालन गर्ने । |
| कृषि र पशुजन्य उत्पादनको बजार विस्तार, व्यवस्थापन एवम् प्रवर्द्धन गर्ने | • मोबाइल एप मार्फत् कृषि सुचना, कृषि उपजको मुल्य, मौसमी प्रक्षेपण, विषयगत ज्ञान, मूल्य सुचना आदिको जानकारी गराउन कृषि तथा पशुजन्य उत्पादनको खरिदबिक्री गर्न एक स्थानीय हाटबजारको व्यवस्थापन गर्ने ।<br>• वडा नं. १ को ओखे र वडा नं. ६ को वैकुण्ठेमा, वडा नं. ४ को दलगाउँमा र वडा न. ३ को भुल्केमा तथा अन्य वडाको उपयुक्त स्थानमा कृषि सङ्कलन केन्द्र स्थापना गर्ने ।<br>• १ वडा १ एग्रोभेट सञ्चालन गर्ने ।<br>• वडा नं. ४ को दलगाउँ र वडा नं. ५ को भञ्ज्याङमा वधशाला निर्माण गर्ने ।<br>• गाउँपालिकाका प्रत्येक वडामा दुग्ध सङ्कलन केन्द्र स्थापना गर्ने ।<br>• वडा नं. १ को ओखे र वडा न. ३ को भुल्केमा चिस्यान केन्द्र स्थापना गर्ने ।<br>• दुधबाट बन्ने परिकार (मिठाइ, घिउ, चीज, छुर्पी, पनिर) उत्पादन गरी बजारीकरण गर्ने ।<br>• कृषि सडक निर्माण गर्ने ।<br>• कृषि शीत भण्डार केन्द्र स्थापना गर्ने ।<br>• कोशेली घर स्थापना गरी स्थानीय उत्पादनलाई बजारीकरण तथा प्रवर्द्धन गर्ने । |
| व्यवसायिक बंगुर, कुखुरा, माछा, मौरी तथा बाखा पालन गर्ने किसानलाई प्रोत्साहन तथा प्रवर्द्धन कार्यक्रम । | • व्यावसायिक बंगुर, कुखुरा, माछा, मौरी तथा बाखापालन गर्ने किसानलाई तालिम प्रदान गर्ने ।<br>• व्यवसायिक बंगुरपालनका लागि छानिएका किसानलाई खोर निर्माणमा ५० प्रतिशत अनुदान तथा बंगुरका ४ वटा पाठा पाठी |

| | |
|---|---|
| | प्रदान गर्ने ।<br>● व्यवसायिक बाख्रा पालनका लागि छानिएका किसानलाई खोर निर्माणमा ५० प्रतिशत अनुदान तथा एउटा बोका वितरण गर्ने ।<br>● बाख्रापालन किसानलाई ४० प्रतिशत अनुदानमा बोयर जातका बोका वितरण गर्ने ।<br>● माछापालन, कुखुरापालन तथा मौरीपालनलाई प्रोत्साहन गर्दै पोखरी, खोर तथा घार निर्माणमा सहयोग गर्ने र आवश्यक तालिम प्रदान गर्ने ।<br>● गाउँपालिकाका प्रत्येक वडामा पालिएका बाख्रालाई PPR खोप तथा जुकाको औषधी निशुल्क प्रदान गर्ने । |
| *युवा सहभागीता गाउँको विकास* भन्ने मूल मर्मका साथ कृषिमा युवा लक्षित कार्यक्रम सञ्चालन गर्ने । | ● ४० वर्ष सम्मका युवा तथा वैदेशिक रोजगारबाट फर्केका युवालाई कृषिमा आकर्षित गर्न विशेष कार्यक्रम र आवश्यक तालिमको व्यवस्था गरिने ।<br>● पलिकामा उत्पादन हुने कृषि बालीहरुमा वैदेशिक रोजगारबाट फर्केका तथा अनुभव भएका युवालाई सहभागी गराई आधुनिक खेती प्रणाली विकास गर्ने ।<br>● आलुबाट पिठो बनाउने मेसिन उपलब्ध गराई आलुको पिठो बजारीकरण गर्ने ।<br>● कृषि सहकारी मार्फत किवीबाट अचार तथा क्यान्डी, दुधजन्य उत्पादनमा आधारित साना तथा घरेलु उद्योग सञ्चालन गर्ने ।<br>● कृषि उपजको बजार प्रवर्द्धन एवम् संरक्षणका लागि ब्रान्डिंग गर्ने, सामुहिक व्यापार चिन्ह, भौगोलिक संकेत लिने व्यवस्था मिलाइने ।<br>● कृषि तथा पशुपालनमा आवद्ध युवा किसानहरुलाई तालिम तथा सिकाइका लागि अन्य व्यवसायिक खेती तथा पशुपालन गरिएका स्थानमा अध्ययन भ्रमणको व्यवस्था गर्ने ।<br>● विद्यालयको स्थानीय पाठ्यक्रममा कृषि पेशाको अवसर, आर्थिक सम्भावना तथा आकर्षण झल्काउने किसिमको विषयवस्तु समावेश गर्ने ।<br>● कृषि तथा पशुपालनमा सम्बन्धी गतिविधि, उद्योग व्यवसाय आदिको सहज सञ्चालनका लागि आवश्यक वित्तीय व्यवस्थापनका लागि सस्तो व्याजदरमा ऋण उपलब्ध गराउन स्थानीय वितिय सङ्घसंस्थासँग समन्वय तथा सहकार्य गर्ने । |
| हाल विद्यमान रहेका कुलो तथा नहरहरुको मर्मत सम्भार गर्ने । | ● बाढी, पहिरो, नदी कटान व्यवस्थापनका लागि योजना तर्जुमा गर्ने ।<br>● बिग्रिएका कुलो तथा नहरको मर्मत सम्भार गर्ने ।<br>● नदी किनार तथा पहिरो जोखिम स्थानहरुमा वृक्षारोपण गर्ने । |
| नयाँ सिंचाइ आयोजनाको निर्माण गर्ने । | ● प्रत्येक वडामा मझौला, साना तथा थोपा सिंचाइ तथा प्लाष्टिक पोखरी निर्माण तथा स्प्रिन्कल, लिफ्ट जस्ता प्रविधि जडान गरी सिंचाइ सेवा सुनिश्चित गर्ने ।<br>● गाउँपालिका भित्रका सुख्खा क्षेत्रमा सिंचाइका लागि उच्च स्थानमा रिचार्ज पोखरी, तथा घरघरमा वर्षायामको पानी सङ्कलन गर्न टयांकीको निर्माण गर्ने ।<br>● सिंचाइ आयोजना निर्माण गर्न स्थानीय श्रोत, साधन तथा सीपलाई प्राथमिकतामा राख्ने ।<br>● निम्न स्थानीय खोला नदीबाट सतही सिंचाइ नहर निर्माण गर्न |

| | |
|---|---|
| | पहल गर्ने ।<br>○ वडा नं. १ को खेना, सिकतेल, बाघखोरा, बन्टाङ, ओइराङ्ग खोला<br>○ वडा नं. २ बाघखोरा खोला, धोतले खोला, बेहेरे खोला, कटुन्जे खोला, बाघखोरा खोला<br>○ वडा नं. ३ को लम्खाल मूहान दाहाल धारा मूल, भूल्के मुहान, पाँचधारे मूहान, ठूलोगैरे खोला<br>○ वडा नं. ४ सिकतेल खोला, बेहेरे खोला , लाकुरे खोला<br>○ वडा न ६ को गां गा र मकुवा खोला<br>○ वडा नं. ७ र ८ मा को कावा खोला |
| पानीका मुहानको संरक्षण गर्ने । | • स्थानीय सिमसार, नदी, पोखरी लगायत पानीका मुहानको संरक्षण गर्ने ।<br>• पानीका मुहानका आसपासमा वृक्षारोपण र बायोइन्जिनियरिंग तथा सबै वडाहरुमा थोपा सिंचाइ, मूल संरक्षण, आकासे पानी संरक्षण, प्लाष्टिक पोखरीका लागि स्थान पहिचान गरी निर्माण गर्ने ।<br>• प्रत्येक वडाहरुमा उच्च स्थानमा भएका रिचार्ज पोखरी संरक्षण, सम्भार तथा आवश्यकता अनुसार निर्माण गर्ने तथा मत्स्यपालन गर्न प्रोत्साहन तथा सहयोग गर्ने । |
| गाउँपालिकामा हुने आयात घटाउने, खाद्यान्नमा आत्मनिर्भर हुने तथा निर्यात प्रवर्द्धन गरी आर्थिक समृद्धि हासिल गर्ने । | • स्थानीयस्तरमा उत्पादन हुने चीज वस्तु, खाद्यान्न तथा सामाग्रीको प्रयोग र खपतमा जोड दिने ।<br>• बजारे तथा पत्रु खाना (चाउचाउ, विस्कुट, चिसो पेय पदार्थ) को आयातलाई निरुत्साहित गर्ने ।<br>• स्थानीय स्तरमा उत्पादन हुने चीजवस्तुबाट बनेका परिकारलाई ब्रान्डिंग गरी बजारीकरण गर्ने । |

रामप्रसादराई गाउँपालिकाको कृषि सम्बन्धी वडागत विवरण अनुसुची ३ मा देखाइएको छ । यस गाउँपालिकामा अलैंची, एभोकाडो, चिराइतो, अदुवा, पाखनवेद जस्ता धेरै बजारमूल्य भएका जडिबुटी, नगदेबाली तथा फलफूलहरु उत्पादन हुने गर्दछन् । साथै उपयुक्त हावापानी, माटो तथा जमिनको उपलब्धाताका कारण यी बालीहरुको उत्पादन अझ बढाउन सकिने अवस्था छ । त्यसैगरी स्थानीय सीप र उत्पादनमा आधारित अन्य सामानहरुमा निगालोबाट तयार गरिने डोका, डालो, नांग्ला, स्थानीय जातको आलु, धान, मकै, फलफूल र ती अनाजबाट परिकार बनाएर देशका विभिन्न भागमा साथै विदेशी बजारमा पनि पुर्‍याउन सक्ने सम्भावना रहेको छ । स्थानीय स्तरमा उत्पादन हुने रैथाने जातका अर्गानिक उत्पादनमा आधारित चीजबस्तुको उत्पादन, प्रवर्द्धन गर्ने साथै उद्योग व्यवसाय सञ्चालन गर्ने व्यक्तिहरुलाई पुरस्कृत गरी प्रोत्साहित गर्न सकिन्छ जसले चीजवस्तु उत्पादन तथा सेवा प्रदान गर्ने व्यक्तिहरुको मनोबल उच्च हुन्छ । उत्पादित यस्ता कृषि उपजको लेबलिंग तथा ब्रान्डिंग गरी बजारीकरण गर्न सकेको खण्डमा उल्लेख्य लाभ लिन सकिन्छ ।

## ४.५. योजना तथा बजेट

*तालिका ३५ : अनुमानित बजेट तथा योजना*

| **कार्यक्रम, आयोजना** | **एकाइ** | **अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु हजारमा)** | **श्रोत** |
|---|---|---|---|
| **कृषि सङ्कलन केन्द्र र विकी केन्द्रको स्थापना** | | | |
| | | | |

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

## ४.६. अपेक्षित उपलब्धि

योजना कार्यान्वयनको अन्तिम वर्षमा रामप्रसादराई गाउँपालिकाको कृषि क्षेत्रको समष्टिगत विकास भएको हुनेछ । आधारभूत खाद्य बस्तुको उत्पादन र उत्पादकत्वमा वृद्धि भई आयात कम भएको हुनेछ भने कृषि तथा पशुजन्य उत्पादनमा आत्मनिर्भर भइ निर्यात समेत गर्न गाउँपालिका सफल भएको हुनेछ । व्यवसायिक कृषिमा आवद्ध तथा अन्य कृषकका लागि तालिमको व्यवस्था भएको हुनेछ । गाउँपालिकाका खेतियोग्य जमिनमा सिंचाई सुविधा उपलब्ध भएको हुनेछ । कृषि क्षेत्रमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रको लगानी अभिवृद्धि गरी निर्यात प्रवर्द्धनतर्फ उन्मुख भएको हुनेछ । तुलनात्मक लागत लाभ हुनसक्ने बाली, पशुपंक्षिजन्य तथा जडिबुटीजन्य बस्तुहरुको व्यवसायिकरण भएको हुनेछ । कृषि तथा पशुपन्छी पकेट क्षेत्रको विकास भएको हुनेछ । कृषि उत्पादनहरुको सङ्कलन केन्द्र निर्माण भएको हुनेछ । कृषकको वित्तीय र कृषि सामाग्रीमा सहज पहुँच स्थापित भएको हुनेछ । कृषि उत्पादन भण्डारण केन्द्र, चिस्यान केन्द्र तथा बजार व्यवस्थापन भएको हुनेछ । कृषि पेशाबाट मानिसहरु आत्मनिर्भर भएका हुनेछन् भने उत्पादित खाद्यान्नले वर्षभर निर्वाह हुनुका साथै निर्यात समेत गर्न सक्ने अवस्थामा पुग्ने अनुमान गर्न सकिन्छ । कृषकहरुले व्यवसायिक तालिमबाट प्राविधिक ज्ञान हासिल गरी, कृषि बाली तथा पशु बीमा एवम् मलबीउ, कृषि औजार आदि प्राप्त गरी लाभान्वित भएका हुनेछन् । रणनीतिक योजनाको अपेक्षित उपलब्धिलाई निम्नानुसार बुँदामा प्रस्तुत गरिएको छ ।

**नतिजा १ः गाउँपालिकामा व्यावसायिक तथा सामुहिक रुपमा कृषि तथा पशुपालन प्रवर्द्धन भएको हुनेछ ।**

१.१. कृषि विकास नीति तथा योजना तर्जुमा भएको हुनेछ ।

१.२. व्यवसायिक कृषि र पशुपालनमा आवद्ध कृषकका लागि आवश्यक तालिमको व्यवस्था भएको हुनेछ ।

१.३. कृषि फार्म तथा कृषकको क्षमता वृद्धि गर्नका लागि सार्वजनिक निजी साझेदारी मार्फत् सहकार्य गर्दै सहुलियत दरमा कृषि ऋणको व्यवस्था भएको हुनेछ ।

१.४. कृषकले परिचय पत्र प्राप्त गरी सोही अनुसार अनुदान र सुविधा पाएका हुनेछन् ।

१.५. उत्कृष्ट किसान वा समूहलाई पुरस्कृत गरिनाले कृषकहरु प्रोत्साहित भएका हुनेछन् ।

१.६. हाइटेक नर्सरी स्थापना भएको हुनेछ भने कृषकले टनेल खेती तालिम पाएका हुनेछन् । टुक्रा जग्गा एकीकरण गरी व्यवसायिक तथा सामुहिक खेती शुरु भएको हुनेछ । किसानले कृषिका लागि आवश्यक रासायनिक मल, उन्नत बीउ समयमै भाएका हुनेछन् भने जैविक मल प्रयोग वृद्धि भएको हुनेछ ।

१.७. तरकारी, फलफूलको नर्सरी सञ्चालन गर्ने व्यवसायीहरुले नर्सरी व्यवस्थापन सम्बन्धी तालिम प्रदान प्रदान गरिएको हुनेछ ।

१.८. व्यवसायिक खेती गर्ने कृषकका लागि कलमी औजारमा अनुदान सहयोग प्राप्त भएको हुनेछ ।

१.९.व्यवसायिक फलफूल खेती गर्ने किसानले विरुवा पाएका हुनेछन् ।

**नतिजा २ः कृषि बाली पकेट क्षेत्र छुट्याई उत्पादनलाई विशिष्टीकृत भएको हुनेछ ।**

२.१. यस गाउँपालिकाभित्र धान मकै, सुन्तला, कागती कोदो, अकबरे खुर्सानी, एभोकाडो, अलैंची, किवी,आलु, अदुवा, बेसार दलहन, तरकारी तेलहन, जडिबुटी उतपादनका पकेट क्षेत्र निर्धारण भई उत्पादकत्वमा विशिष्टिकरण एवम् वृद्धि भएको हुनेछ ।

**नतिजा ३ः जलवायू परिवर्तनका प्रभावसँग अनुकुलित हुने किसिमको खेती प्रणाली विकास र कृषिको यान्त्रीकरण तथा आधुनिकीकरण भई उत्पादन र उत्पादकत्व वृद्धि भएको हुनेछ ।**

नतिजा ३.१ जैविक तथा प्राङ्गारिक मल, गड्यौला आदिको व्यवसायिक रुपमा व्यापक उत्पादन भई प्राङ्गारिक खेती प्रणाली विकास भएको हुनेछ ।

नतिजा ३.२ जलवायू परिवर्तनको असर स्वरुप खेतीपातीमा लाग्ने रोगकीरा न्युनीकरणका लागि जैविक विषादी वितरण भएको हुनेछ ।

नतिजा ३.३ कम पानी आवश्यक पर्ने बालीको बीउ वितरण गरिएको हुनेछ ।

नतिजा ३.४ गाउँपालिका भित्रका सुख्खा क्षेत्रमा सिंचाइका लागि स्प्रिन्कल सिंचाइ, थोपा सिंचाइ, लिफ्ट सिंचाइ, प्लाष्टिक पोखरी, उच्च स्थानमा रिचार्ज पोखरी, तथा घरघरमा वर्षायामको पानी सङ्कलन गर्न टयांकीको निर्माण लगायत विकल्पहरु मार्फत सिंचाइ सुविधा सुनिश्चित भएको हुनेछ ।

नतिजा ३.५ बाली विविधिकरण र बेमौसमी तरकारी सम्बन्धी तालिम प्रदान भएको हुनेछ ।

नतिजा ३.६ टनेल खेती तालिम सञ्चालन भएको हुनेछ जसले किसान लाभान्वित भएका हुनेछन् ।

नतिजा ३.७ हाइटेक नर्सरी स्थापना भएर फलफूल, तरकारी, लगायतका विरुवा उपलब्ध भएको हुनेछ ।

नतिजा ३.८. प्रत्येक वडामा १ दक्ष प्राविधिक कर्मचारीको व्यवस्थापन भएको हुनेछ ।

नतिजा ३.९. कृषि तथा पशु बीमा एवम् पशु खोप कार्यक्रम लागू भएको हुनेछ ।

नतिजा ३.१०. लागत न्युनीकरण र उत्पादन वृद्धि गर्नका लागि कृषिमा हाते ट्रयाक्टर वितरण भएको हुनेछ । कृषिको यान्त्रिकीकरण कार्यक्रम अन्तर्गत मकै गोड्ने हाते मेसिन, ससाना गह्राहरुमा खनजोत गर्नका लागि खन्ने साधन, मकै

गहुँ, धान लगायतका बाली व्यवस्थापन गर्नका लागि सजिलो तथा कम खर्च लाग्ने कृषि औजार तथा यन्त्र राष्ट्रिय आविष्कार केन्द्रसँग समन्वय तथा सहकार्यमा निर्माण भई किसानलाई वितरण भएको हुनेछ ।

नतिजा ३.११. जैविक तथा प्राङ्गारिक मल, गड्यौला आदिको व्यवसायिक रुपमा व्यापक उत्पादन गर्ने तथा प्राङ्गारिक खेती प्रणाली विकास भएको हुनेछ ।

नतिजा ३.१२. गाउँपालिका भित्रका सुख्खा क्षेत्रमा सिंचाइका लागि प्लाष्टिक पोखरी, उच्च स्थानमा रिचार्ज पोखरी, तथा घरघरमा वर्षायामको पानी सङ्कलन गर्न टयांकीको निर्माण भएको हुनेछ । ती पोखरीमा माछापालन भई किसानहरु लाभान्वित भएका हुनेछन् ।

**नतिजा ४: रैथाने बाली उत्पादनमा प्रोत्साहन तथा प्रवर्द्धन भएको हुनेछ ।**

नतिजा ४.१. स्थानीयस्तरमा उत्पादन हुने गहुँ, कपास, सिलाम, खूर्सानी, आलुपंखे, फापर, जुनेलो, कागुनो, सिस्नु, मकै, स्कूस, कोदो, घनकुट जस्ता रैथाने बालीको संरक्षण भएका हुनेछन् ।

नतिजा ४.२. रैथाने प्रजातिका कृषि बाली उत्पादन गर्ने किसानलाई बीउमा अनुदान दिइनेको हुनेछ भने उत्पादित बालीको लेबलिंग तथा ब्रान्डिंग गरी बजारीकरण गरिएको हुनेछ ।

**नतिजा ५: उच्च मूल्य बालीको उत्पादनमा वृद्धि भई किसानको आयआर्जनमा वृद्धि भएको हुनेछ ।**

नतिजा ५.१. अलैची, अदुवा, वेसार, किवी, एभोकाडो लगायत अन्य उच्च बजार मूल्य भएका खेतीबालीको पकेट क्षेत्र निर्धारण भई उत्पादन विशिष्टिकृत भएको हुनेछ तथा उत्पादकत्व बढेको हुनेछ ।

नतिजा ५.२. किसानले दक्ष प्राविधिक परामर्श सेवा प्राप्त गरी लाभ प्राप्त गरेका हुनेछन् ।

नतिजा ५.३. धेरै उत्पादन दिने अलैंचीका बेर्ना वितरण भई उत्पादन र उत्पादकत्व वृद्धि भएको हुनेछ भने अलैंची प्रशोधनका लागि आवश्यक सुधारिएको भट्टी निर्माण भएको हुनेछ ।

नतिजा ५.४. दरभाउमा एकरुपता र पारदर्शीता कायम गर्न मोबाइल एपमा आधारित कृषि सुचना प्रणाली विकास भएको हुनेछ ।

**नतिजा ६: दुग्ध उत्पादनकालागि पालिएका गाई भैंसीको नश्ल सुधार तथा पशु पालन व्यसायलाई व्यवस्थित भई दुग्ध उत्पादनमा वृद्धि भएको हुनेछ ।**

**नतिजा** ६.१. जर्सी साँडे र मुर्रा राँगा वितरण भएको हुनेछ जसले धेरै दूध दिने गाई भैंसी साथै पाडापाडी र बाच्छाबाच्छी उत्पादन भई किसानहरु लाभान्वित भएका हुनेछन् ।

**नतिजा** ६.२. पोषिला डालेघाँस तथा भूई घाँसका वेर्ना तथा बीउ वितरण भई गाई बस्तुका लागि आवश्यक घाँस प्रशस्त उपलब्ध भएको हुनेछ ।

**नतिजा** ६.३. प्रत्येक वडामा पालिएका गाई तथा भैंसीलाई खोरेत, भ्यागुत्ते तथा चर्चरे रोग विरुद्धको खोप प्रदान गरिएको हुनेछ ।

**नतिजा** ६.४. दुग्ध उत्पादनमा वृद्धि भएको हुनेछ । गाउँपालिकाका प्रत्येक वडामा दुग्ध सङ्कलन केन्द्र तथा पालिकाको केन्द्रमा एउटा चिस्यान केन्द्रको स्थापना भएको हुनेछ ।

**नतिजा** ६.५.कृतिम गर्भाधान सेवा विस्तार, पशुसुत्केरी सेवा कार्यकम प्रभावकारी रुपमा कार्यान्वयन भएको हुनेछ ।

**नतिजा ७: कृषि र पशुजन्य उत्पादनको बजार विस्तार, व्यवस्थापन एवम् प्रवर्द्धन भएको हुनेछ।**

नतिजा ७.१: मोबाइल एप प्रभावकारी रुपमा सञ्चालनमा आएको हुनेछ जसबाट कृषि सुचना, कृषि उपजको मुल्य, मौसमी प्रक्षेपण, विषयगत ज्ञान, मूल्य सुचना आदिको जानकारी पाउन सकिएको हुनेछ।

नतिजा ७.२: कोशेली घरको स्थापना भई यहाँ उत्पादन हुने रैथाने उत्पादन तथा दुध्धजन्य उत्पादन लाई बाहिरी बजारमा पुऱ्याइएको हुनेछ।

नतिजा ७.३: कृषि तथा पशुजन्य उत्पादनको खरिदबिक्री गर्न स्थानीय हाटबजारको व्यवस्थापन भएको हुनेछ।

नतिजा ७.४: प्रत्येक वडामा दुग्ध सङ्कलन केन्द्र कृषि उत्पादनको सङ्कलन केन्द्र स्थापना भएको हुनेछ।

नतिजा ७.५: वधशाला, चिस्यान केन्द्र आदिको स्थापना भएको हुनेछ ।

नतिजा ७.६: दुधबाट बन्ने परिकार (मिठाइ, घिउ, चीज, छुर्पी, पनिर) उत्पादन गरी बजारीकरण भएको हुनेछ।

**नतिजा ८: व्यवसायिक बंगुर, कुखुरा, माछा, मौरी तथा बाख्रा पालन मार्फत् माछामासु, महमा आत्मनिर्भर भएको हुनेछ भने त्यस्ता उत्पादनको विक्रीबाट मनग्य आम्दानी हासिल भएको हुनेछ।**

नतिजा ८.१. व्यावसायिक बंगुर, कुखुरा, माछा, मौरी तथा बाख्रापालन गर्ने किसानले तालिम प्राप्त गरी लाभान्वित भएका हुनेछन्।

नतिजा ८.२. व्यवसायिक बंगुर र बाख्रापालनका लागि किसानलाई खोर निर्माणमा अनुदान तथा बोका एवम् पाठा वितरण गरिनाले पूँजी कम भएका तर इच्छा भएका किसानले लाभ उठाउन सक्ने अवस्था बन्नेछ।

नतिजा ८.३. बोयर जातका बाख्राको व्यवसाय बढ्नाले यो गाउँपालिका मासुमा आत्मनिर्भर बनेको हुनेछ भने किसानले मासु विक्रीबाट यथेष्ठ आम्दानी लिएका हुनेछन्।

नतिजा ८.४. गाउँपालिकाका प्रत्येक वडामा पालिएका बाख्रालाई खोप तथा जुकाको औषधी निशुल्क प्रदान गरिएको हुनेछ।

**नतिजा ९: कृषिमा युवा सहभागीता तथा आकर्षण बढेको हुनेछ भने वैदेशिक रोजगारीबाट फर्केका युवाहरु कृषि पेशामा संलग्न भएका हुनेछन।**

नतिजा ९.१. गाउँपालिकामा रहेका युवा जनशक्ति तथा तथा वैदेशिक रोजगारबाट फर्केका युवा कृषिमा सक्रिय भएका हुनेछन् भने कृषि तालिम समेत प्राप्त गरेका हुनेछन्।

नतिजा ९.२. आलुबाट पिठो, किवीबाट अचार तथा क्यान्डी, दुधबाट बन्ने परिकारहरु उत्पादन भई बजारीकरण गरिएको हुनेछ।

नतिजा ९.३. यस गाउँपालिकामा उत्पादन हुने कृषि तथा पशुजन्य उत्पादनको ब्रान्डिंग भई बजारीकरण भएको हुनेछ।

नतिजा ९.४. कृषि तथा पशुपालनमा आवद्ध युवा किसानहरुलाई तालिम तथा सिकाइका लागि अन्य व्यवसायिक खेती तथा पशुपालन गरिएका स्थानमा अध्ययन भ्रमणको आदानप्रदान तथा सञ्जालीकरण भएर ज्ञान, सीप तथा अनुभवको आदानप्रदान भएको हुनेछ।

नतिजा ९.५. विद्यालयको स्थानीय पाठ्यक्रममा कृषि पेशाको अवसर, आर्थिक सम्भावना तथा आकर्षण झल्काउने किसिमको विषयवस्तु समावेश गरिएको हुनेछ।

नतिजा ९.६. कृषि तथा पशुपालनमा सम्बन्धी गतिविधि, उद्योग व्यवसाय आदिको सहज सञ्चालनका लागि आवश्यक वित्तीय व्यवस्थापन सहज भएको हुनेछ ।

नतिजा ९.७. उत्कृष्ट किसान पुरस्कृत भएका हुनेछन् जसले कृषिप्रति केही हदसम्म उत्साह थपेको हुनेछ ।

नतिजा ९.८. अल्लोबाट कपडा बनाउने घरेलु उद्योगबाट कपडा उत्पादन भएको हुनेछ ।

**नतिजा १०: हाल विद्यमान रहेका कुलो तथा नहरहरुको मर्मत सम्भार भएको हुनेछ ।**

नतिजा १०.१: बाढी, पहिरो, नदी कटानको कारण हुने क्षति व्यवस्थापनका लागि योजना तर्जुमा गरिएको हुनेछ ।

नतिजा १०.२: भत्किएको अवस्थामा रहेका कुलो तथा नहरहरुको मर्मत सम्भार गरिएको हुनेछ ।

नतिजा १०.३: नदी किनार तथा पहिरो जोखिम स्थानहरुमा वृक्षारोपण गरिएको हुनेछ जसले भू-क्षयका कारण हुने सिंचाइ योजना तथा नहर एवम् कुलोमा क्षति न्युनीकरण भएको हुनेछ ।

**नतिजा ११: नयाँ सिंचाइ आयोजनाको निर्माण भएको हुनेछ ।**

११.१. प्रत्येक वडामा मझौला, साना तथा थोपा सिंचाइ तथा प्लाष्टिक पोखरी, स्प्रीन्कल, लिफ्ट निर्माण तथा जडान भएका हुनेछन् ।

११.२. प्रत्येक वडाका स्थानीय खोला हरुबाट सतही सिंचाइका लाीग नहर तथा कुलो निर्माण गरिएको हुनेछ ।

**नतिजा १२: पानीका मुहानको संरक्षण भएको हुनेछ ।**

नतिजा १२.१: स्थानीय सिमसार, नदी, पोखरी लगायत पानीका मुहानको संरक्षण भएका हुनेछन् ।

नतिजा १२.२. वडाहरुमा थोपा सिंचाइ, मूल संरक्षण, आकासे पानी संरक्षण, प्लाष्टिक पोखरीकालागि स्थान पहिचान भई निर्माण समेत भएको हुनेछ ।

नतिजा १२.३. प्रत्येक वडाहरुमा उच्च स्थानमा भएका रिचार्ज पोखरी संरक्षण, सम्भार तथा आवश्यकता अनुसार निर्माण भएका हुनेछन् भने हाल विद्यमान पोखरी संरक्षण भएका हुनेछन् ।

**नतिजा १३: गाउँपालिकामा हुने आयात घटाउने, खाद्यान्नमा आत्मनिर्भर हुने तथा निर्यात प्रवर्द्धन गरी आर्थिक समृद्धि हासिल गरिएको हुनेछ ।**

नतिजा १३.१. स्थानीयस्तरमा उत्पादन हुने चीज वस्तु, खाद्यान्न तथा सामाग्रीको प्रयोग र खपतमा जोड दिइएको हुनेछ ।

नतिजा १३.२. बजारे तथा पत्रु खाना (चाउचाउ, विस्कुट, चिसो पेय पदार्थ) को आयात घटेको हुनेछ ।

नतिजा १३.३.स्थानीय स्तरमा उत्पादन हुने चीजवस्तुबाट बनेका परिकारलाई ब्रान्डिंग गरी बजारीकरण गर्नले निर्यातमा वृद्धि भएको हुनेछ ।

# परिच्छेद ५: योजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

## ५.१. स्रोत परिचालन रणनीति

### ५.१.१. नीजि क्षेत्रको स्रोत परिचालन नीति

हरेक स्थानीय निकायको विकास प्रक्रियामा निजि क्षेत्रको महत्वपूर्ण भूमिका हुन्छ । यस गाउँपालिकाको कृषि विकास रणनीतिक योजनाको कार्यान्वयन गर्न र योजना बमोजिम लक्ष्य तथा उद्देश्य हासिल गर्न तथा लगानीमैत्री वातावरण अभिवृद्धि गरी स्थानीय तहको आर्थिक-सामाजिक विकासमा सहयोग र सहकार्य गर्ने निजी क्षेत्र लाई पनि आकर्षित गर्ने रणनीति लिइनेछ । निजी क्षेत्रले प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्दै सार्वजनिक-निजी साझेदारी अवधारणा अनुरुप कृषि विकासका कार्यक्रमहरु सञ्चालन गर्ने, पूर्वाधार विकास गर्ने, उत्पादित बस्तुको सङ्कलन तथा बजारीकरण गर्नेछ । रामप्रसादराई गाउँपालिकाको कृषि क्षेत्रको उत्पादन अभिवृद्धि, कृषि पूर्वाधार निर्माण, कृषि उपजको सहज बजारीकरण, कृषिमा आधारीत उद्योग निर्माण गरी रोजगारी सिर्जना गर्दै कृषक तथा समग्र गाउँपालिकाको विकासको लागि निजि क्षेत्रको परिचालन गर्न सकिनेछ ।

### ५.१.२. सहकारी क्षेत्रको स्रोत परिचालन नीति

रामप्रसादराई गाउँपालिकाको कृषि क्षेत्रको बिकासमा सहयोगी भूमिका निर्वाह गर्नेछ । रामप्रसादराई गाउँपालिकाको कृषि क्षेत्रको सर्वोपरी विकास गरी स्थानीय स्तरमा रोजगारी तथा आय वृद्धि र गरिबी निवारण गर्न सहकारी क्षेत्रको सहयोग रहनेछ । यस रामप्रसादराई गाउँपालिकामा दुग्धजन्य बस्तु उत्पादन, बिउबिजन केन्द्र स्थापना गर्न तथा कृषि उपजको सङ्कलन तथा बजारीकरण गर्न सहकारी क्षेत्रलाई परिचालन गर्न सकिनेछ ।

### ५.१.३. जनसहभागिता परिचालन नीति

यस गाउँपालिकाको कृषि विकास रणनीतिक योजना तर्जुमा गर्दा सहभागितामूलक तवरबाट गरिएको छ जसले गर्दा आम मानिसमा विकास प्रति अपनत्व प्रदान भई छिटो छरितो तथा दीगो ढंगले कार्य सम्पन्न गर्न सम्भव भएको छ । यस पालिकामा कृषि विकासको कार्यक्रम अन्तर्गत तयार गरिएका योजनाको तर्जुमा प्रक्रियामा नै स्थानीय सरोकारवाला हरुका आवस्यकता अनुभब तथा सल्लाह सुझाबहरुलाई प्राथमिकतामा राखी चरणवद्ध छलफल गरी योजनामा समाहित गरिएको छ । त्यस्तै भौतिक पूर्वाधार निर्माण क्रियाकलापहरु जस्तै पोखरी निर्माण, सिंचाई परियोजना निर्माण, कृषि बिकासको नीति तर्जुमा तथा कृषि कार्यसँग सम्बन्धित हरेक क्रियाकलापमा स्थानीय जनसहभागिता लाई सुनिस्चित गरिने छ ।

यसका अलावा, कृषि उत्पादकमा आधारित लघु उद्योग तथा बचत कार्यक्रमहरुमा जनताको रुचीलाई ध्यान दिई कार्यक्रमहरु सञ्चालन गर्ने, तरकारी खेती तथा नगदेवालीको लागि कृषकहरुलाई प्रोत्साहित गर्दै उनीहरुको आम्दानीको अवसर वृद्धि गर्ने जस्ता सहभागितामूलक कार्यक्रमहरु सञ्चालन गरी स्थानीयवासीको सहभागितालाई बढाउन सकिने देखिन्छ । यस्तो किसिमको लागत सहभागिता कार्यक्रमहरुमा निजी क्षेत्र तथा अन्य संस्थाहरुलाई समेत सहभागि गराएर लाभ लिन सकिन्छ ।

### ५.१.४. सङ्घ संस्थाको स्रोत परिचालन नीति

सहभागितामूलक रणनीतिक योजना तर्जुमा तथा कार्यान्वयन गर्ने क्रममा गाउँपालिकामा रहेका विभिन्न संघ संस्था, गैरसरकारी संस्था, नागरिक समाज र सामुदायिक संस्थालाई संग्लन गर्ने नीति रहेको हुन्छ । कृषि विकास रणनीतिक

योजना  कार्यान्वयन गर्दा पनि स्थानीय संघ संस्थाहरुसंग समन्वय र सहकार्य गरी त्यस्ता संस्थाहरुसँग उपलब्ध भएको प्राबिधिक तथा आर्थिक एवम् मानवीय श्रोत साधनको उपयोग गरी लाभ लिन सकिने छ ।

### ५.१.५. आन्तरिक श्रोत परिचालन नीति

गाउँपालिकाको कृषि विकास रणनीतिक योजना  कार्यान्वयन गर्न आर्थिक श्रोतहरुको पनि सही तवरले व्यवस्थापन गर्न जरुरी छ । यसका लागि गाउँपालिकाको आम्दानी वृद्धि गरी सो आम्दानीलाई विकासमा लगानी गर्न सकेमा विकासले गति लिने निश्चित छ । यसको लागि पालिकामा राजस्व सुधारका कार्यक्रमहरु सञ्चालन गर्दै जानुपर्ने देखिन्छ । आन्तरिक राजस्व वृद्धि गर्नका लागि व्यवसाय करलाई व्यवस्थित गरी लागु गर्ने, राजस्वका श्रोतहरु विविधिकरण गर्ने, प्रशासनिक खर्च कम गर्ने, कृषि क्षेत्रमा निजि लगानी आकर्षित गर्ने किसिमका योजना अगाडी बढाउने, जनसहभागितामा आधारित योजना सञ्चालन गर्ने आदि कामहरु गर्न सकिन्छ ।

## ५.२. रणनीतिक योजना कार्यान्वयन

यस गाउँपालिकाको कृषिको यस रणनीतिक योजनामा आधारित भएर  वार्षिक योजना तथा बजेट तर्जुमा गरिने छ । यसरी वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा यस रणनीतिक योजनाको समग्र लक्ष्य, रणनीति तथा प्राथमिकता, नीति तथा कार्यक्रम एवम् कार्यनीतिलाई आधार लिईने छ ।

## ५.३.  कार्यान्वयन विधि निर्धारण

कृषि विकास रणनीतिक योजना कार्यान्वयन गर्नका लागि आवश्यक पूर्वाधार सृजना गर्नुपर्ने तथा सरोकारवालाहरुबिच समन्वय एवम् साझेदारी गर्नुपर्ने भएकोले उल्लेखित योजनाको सार्वजनिक निर्माण एवम् सेवा खरिद सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन २०७४, सार्वजनिक खरिद ऐन २०६३, साथै गाउँपालिकाले संविधान तथा अन्य प्रचिलत कानूनको अधिकार क्षेत्रभित्र रहि निर्माण गरेका ऐन, नियम अनुसार  कार्यान्वयन गर्नुपर्ने छ । यसरी कार्यान्वयन विधि निर्धारण गर्दा ठेक्कापट्टा, उपभोक्ता समिति, सेवा करार, संयुक्त व्यवस्थापन वा साझेदार, गैरसरकारी संस्थामार्फत गर्ने सम्बन्धमा सार्वजनिक खरिद ऐनको परिधिभित्र रही योजना वा कार्यक्रम सञ्चालन  गर्नुपर्ने निश्चित गरिने छ ।

## ५.४. कृषि विकास रणनीतिक योजनाको कार्यान्वयन तालिका

यस गाउँपालिकाले कृषि विकास सँग सम्बन्धित योजनाको  कार्यान्वयन गर्न  कुन काम कहिले शुरु गर्ने, कहिले सम्पन्न गर्ने समय किटान गरिएको कार्यतालिका बनाई कार्यान्वयनको व्यवस्था गर्नुपर्ने छ । योजना कार्यान्वयन गर्दा सम्वद्ध निकाय र व्यक्तिलाई तोकिएका कार्य जिम्मेवारी र क्रियाकलापप्रति उत्तरदायी बनाउन उपलब्धि परिणाम सूचक सहित कार्यसम्पादन करार प्रणाली अपनाउनुपर्ने छ । योजना कार्यान्वयन तालिका निम्न बमोजिम रहेको छः

तालिका ३६ : योजना कार्यान्वयन तालिका

| क्र.स. | आयोजना | उपलब्धि सूचक परिणाम तहको | बजेट | जिम्मेवार निकाय | प्रारम्भ मिति | सम्पन्न गर्नुपर्ने अवधि |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |

### ५.३. अनुगमन तथा मूल्याङ्गन योजना

### ५.५. अनुगमन तथा मूल्याङ्कन योजना

कृषि विकास रणनीतिक योजना कार्यन्वयनको क्रममा निर्धारित गुणस्तर र समय सिमाको सुनिश्चितता गर्न तथा, विकास निर्माणसंग सम्बन्धित सबै सरोकारवालालाई अनुशासित, मर्यादित, जिम्मेवार र कर्तव्यनिष्ठ बनाउने कार्यको लागि आयोजनाको नियमित अनुगमन तथा मूल्याङ्न गर्नुपर्ने हुन्छ । ३ वर्षमा, ५ वर्षमा र ५ देखि १० वर्षमा सम्पन्न हुनुपर्ने योजनाहरु सोहि अनुरुप समयमा र श्रोत साधनको अधिकतम उपयोग गरी सञ्चालन भई रहेका छन् वा छैनन् भनी अनुगमन तथा मुल्यांकन गरिनेछ ।

संगसंगै यस योजनाले पहिचान र प्राथिमिकीकरण गरेका आयोजनाहरुको कार्यान्वियनबाट लक्षित उद्देश्य प्राप्त भयो भएन यकिन गर्न नियमित रुपमा अध्ययन तथा बिश्लेषण गरिनेछ । योजनाको मूल्याङ्कनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ बमोजिम गाउँ कार्यपालिकाले अनुगमन समिति, उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ । कार्यक्रम तथा आयोजना कार्यान्वियन प्रकृया अनुगमन गर्ने जिम्मेवारी कार्यपालिका र सुपरिवेक्षण तथा अनुगमन समितिको हुनेछ ।

गाउँ पालिकाले आयोजनाको मूल्याङ्कन देहाय वमोजिम तीन प्रकारबाट गर्न सक्नेछ ।

१) आयोजनाको कार्यान्वियन चरणमा गरिने आयोजनाको लेखाजोखा ।
२) आयोजनाको कार्यान्वनको समाप्ति पछि आयोजनाको लक्ष्य, उद्देश्य अनुरुप काम भए नभएको लेखाजोखा गरिने
३) आयोजना समाप्त पछि त्यसको सञ्चालनको केही वर्ष पछि गरिने प्रभाव मूल्याङ्कन ।

**अनुगमन तथा मूल्याङ्कन प्रक्रिया**

कृषि रणनीतिक योजनाको अनुगमन तथा मूल्याङ्कनका साधन तथा विधि देहाय अनुसार हुनेछ ।

क) योजना अनुगमन तथा मुल्यांकन कार्यविधि तयार गर्ने
ख) कृषि प्राविधिक तथा विज्ञहरुबाट आयोजनाहरुको स्थलगत अनुगमन, अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन गर्ने ।
ग) योजना तथा आयोजनाको निर्धारित गुणस्तर र समय सिमाको मूल्याङ्कन गर्ने ।
घ) अनुगमन र मुल्यांकन गरिएको ७ दिन भित्र योजनाको साइड पुस्तिकामा उल्लेख गर्ने र मूल्यांकनको प्रतिबेदन गयर गरी तयार भएको मिति ले ३ दिन भित्र गाउँ पालिका मा पेश गर्ने
ङ) कार्ययोजना र प्रगति बिच तुलनात्मक मापन गर्ने
च) आवश्यक परेमा योजनाहरुको सार्वजनिक सुनवाई र सामाजिक लेखापरिक्षण गरी प्रतिवेदनहरु पेश गर्ने ।
छ) नतिजामा आधारित ढाँचा अनुसार योजनाको वार्षिक वा मध्य अवधिमा योजना समीक्षा गर्ने
ज) नतिजामूलक ढाँचा अनुसार तेस्रो पक्षबाट सहभागितामूलक अन्तिम समीक्षा गर्ने ।

रणनीतिक योजनाको अनुगमन तथा मूल्याङ्कनको प्रक्रिया र ढाँचा देहाय वमोजिम प्रस्ताव गरिएको छः

तालिका ३७ : अनुगमन तथा मूल्याङ्कनको प्रक्रिया र ढाँचा

| कुन तहमा अनुगमन गर्ने | के अनुगमन गर्ने | कहिले र कस्ले अनुगमन गर्ने | कुन तहको सूचक राख्ने | मापन गर्ने आधार |
|---|---|---|---|---|
| लक्ष्य | परेको प्रभाव | ▪ कार्यपालिकाद्वारा नियुक्त स्वतन्त्र संस्था वा विज्ञले रणनीतिक योजनाको अन्त्यमा<br>▪ कार्यपालिकाद्वारा योजना कार्यन्वयनको मध्यकालमा | ▪ प्रभाव तहको<br>▪ असर तहको<br>▪ जनभावनामा परिवर्तन | ▪ पालिकाको वार्षिक अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनहरु<br>▪ स्थलगत अनुगमन<br>▪ कार्य योजनाहरुको प्रगति |
| परिणाम | देखिने असर<br>▪ उत्पादकत्वमा परिवर्तन<br>▪ पूर्वाधार निर्माण | ▪ गाउँपालिकाद्वारा गठित अनुगमन तथा सुपरिवेक्षण समिति<br>▪ वार्षिक | ▪ परिणाम तहको<br>▪ प्रतिशत बृद्धि | ▪ सहभागितामूलक<br>▪ नतिजामूलक अनुगमन खाका अनुसार<br>▪ नमूना सर्वेक्षण गर्ने<br>▪ योजना र लक्ष्यको तुलनात्मक अध्ययन |
| योजना | निर्मित परिणामहरु<br>▪ उत्पादन परिणाम<br>▪ कृषि पूर्वाधार निर्माण | ▪ पालिकाद्वारा गठित अनुगमन तथा सुपरिवेक्षण समिति शाखा , कार्यालयहरु र प्रमुख प्रशासकिय अधिकृत | ▪ परिणाम तहको<br>▪ सङ्ख्यात्मक बृद्धि | ▪ नतिजामूलक अनुगमन खाका अनुसार<br>▪ स्थलगत अनुगमन<br>▪ सार्वजनिक परीक्षण , सामाजिक परीक्षण तथा सार्वजनिक सुनवाई |

## सन्दर्भ सामाग्री


राष्ट्रिय योजना आयोग (२०७८), स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, नेपाल सरकार, सिंहदरबार, काठमाण्डौ, नेपाल

राष्ट्रिय योजना आयोग, नेपाल सरकारको पन्ध्रौं योजना, (आर्थिक वर्ष, २०७६/०७७-२०८०/०८१), नेपाल सरकार, सिंहदरबार , काठमाण्डौ, नेपाल

नेपालको संविधान, २०७२, नेपाल सरकार, सिंहदरबार, काठमाण्डौ, नेपाल

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, नेपाल सरकार, सिंहदरबार, काठमाण्डौ, नेपाल

सिंचाइ नीति २०७०, नेपाल सरकार, सिंहदरबार, काठमाण्डौ, नेपाल

भू उपयोग नीति, २०७२, नेपाल सरकार, सिंहदरबार, काठमाण्डौ, नेपाल

कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३, नेपाल सरकार, सिंहदरबा , काठमाण्डौ, नेपाल

राष्ट्रिय कृषि नीति २०६१, नेपाल सरकार, सिंहदरबार, काठमाण्डौ, नेपाल

कोशी प्रदेशको प्रथम आवधिक योजना (२०७६/०७७-२०८०/२०८१), प्रदेश सरकार, प्रदेश योजना आयोग, विराटनगर, कोशी

कृषि विकास रणनीति (सन् २०१५-२०३५), नेपाल सरकार, सिंहदरबार, काठमाण्डौ, नेपाल

CBS, 2021, National Population and Housing Census, Central Bureau of Statistics, Kathmandu, Nepal ,

MoLRM, 2015. National Land use policy, Ministry of Land Reform and Management, Government of Nepal, Kathmandu, Nepal.

गाउँपालिका पारिवारिक तथ्याङ्क सर्वेक्षण, २०८०

रामप्रसादराई गाउँपालिका पार्श्वचित्र, २०७६, रामप्रसादराई गाउँ कार्यपालिकाको कार्यालय, वैकुण्ठे, भोजपुर

रामप्रसादराई गाउँपालिका वेभसाइट https://ramprasadraimun.gov.np/

## अनुसूची १

तालिका १: स्थानीय तह अनुसार कृषक परिवार सङ्ख्या, क्षेत्रफल, कित्ता सङ्ख्या, औषत कित्ता सङ्ख्या तथा सिंचित क्षेत्रफल

| क्र.सं. | जिल्ला अनुसार स्थानीय तह | जम्मा कृषक परिवार सङ्ख्या | कृषक परिवारले चलन गरेको जग्गाको जम्मा क्षेत्रफल (हेक्टर) | जम्मा कित्ता सङ्ख्या | औषत कित्ता सङ्ख्या | सिंचाई सुविधा प्रयोग गर्ने कृषक परिवारको सङ्ख्या | सिंचित क्षेत्रफल (हेक्टर) |
|---|---|---|---|---|---|---|---|
| ६ | भोजपुर | ३४७८४ | २५७२६.९ | ८६२६९ | २.५ | १७७११ | ६८८८.२ |
| ७ | रामप्रसादराई गाउँपालिका | ३५४३ | १९२४.४ | ७८०८ | २.२ | १५१५ | ४१०.९ |

तालिका २: स्थानीय तह तथा जग्गाको स्वामित्व अनुसार जग्गा कमाउने परिवार सङ्ख्या तथा कमाएको जग्गाको क्षेत्रफल

| क्र. सं. | जिल्लाअनुसार स्थानीय तह | जम्मा कृषक परिवार सङ्ख्या | कृषक परिवारले चलन गरेकोजग्गाको जम्मा क्षेत्रफल (हेक्टर.) | एक प्रकारको स्वामित्व | | | | | | एकभन्दा बढी प्रकारको स्वामित्व | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिवारको हकको जग्गामात्र कमाउने | | अरुको हकको जग्गामात्र कमाउने | | अन्य प्रकारको उपभोग अन्तरगत | | | |
| | | | | परिवार सङ्ख्या | क्षेत्रफल (हेक्टर) | परिवार सङ्ख्या | क्षेत्रफल (हेक्टर) | परिवार सङ्ख्या | क्षेत्रफल (हेक्टर) | परिवार सङ्ख्या | क्षेत्रफल (हेक्टर) |
| | भोजपुर | ३४७८४ | २५७२६.९ | २७०६६ | १९४३३.७ | ११४५ | ५१९.० | ४४ | ४१.८ | ६५३० | ५७३२.४ |
| 1 | रामप्रसादराई गाउँपालिका | ३५४३ | १९२४.४ | २८१२ | १४६१.९ | ५४ | ३३.० | ० | | ६७७ | ४२९.४ |

तालिका ३: स्थानीय तह अनुसार कृषिचलनले चलन गरेको जग्गाको उपयोग

| क्र. सं. | जिल्ला अनुसार स्थानीय तह | जम्मा कृषक परिवार सङ्ख्या | कृषक परिवारले चलन गरेकोजग्गाको जम्मा क्षेत्रफल (हेक्टर) | जम्मा खेतीयोग्य जग्गा | | अस्थायी बाली लागेको जग्गा | | अन्य खेतीयोग्य जग्गा | | स्थायी बाली लागेको जग्गा | | अन्य जग्गा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिवार सङ्ख्या | क्षेत्रफल (हेक्टर) | परिवार सङ्ख्या | क्षेत्रफल (हेक्टर) | परिवार सङ्ख्या | क्षेत्रफल (हेक्टर) | परिवार सङ्ख्या | क्षेत्रफल (हेक्टर) | परिवार सङ्ख्या | क्षेत्रफल (हेक्टर) |
| | भोजपुर | ३४७८४ | २५७२६.९ | ३४०६५ | १८६३१.४ | ३४००५ | १७२२२.४ | ८२४३ | १४०८.९ | १४४२५ | २६८०.७ | ३४७८४ | ४४१४.९ |
| १ | रामप्रसादराई गाउँपालिका | ३५४३ | १९२४.४ | ३५१६ | १५४६.२ | ३५१६ | १३७१.३ | १५९६ | १७४.८ | ८४७ | ९८.० | ३५४३ | २८०.२ |

तालिका ४: स्थानीय तह अनुसार विभिन्न अस्थायी बालीको क्षेत्रफल तथा कृषक परिवार सङ्ख्या

| क्र. सं. | जिल्लाअनुसार स्थानीय तह | खाद्यान्न बाली | | कोसे/दाल बाली | | कन्दमूल बाली | | तेल बाली | | तरकारी बाली | | अन्य अस्थायी बाली | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिवार सङ्ख्या | क्षेत्रफल (हेक्टर) | परिवार सङ्ख्या | क्षेत्रफल (हेक्टर) | परिवार सङ्ख्या | क्षेत्रफल (हेक्टर) | परिवार सङ्ख्या | क्षेत्रफल (हेक्टर) | परिवार सङ्ख्या | क्षेत्रफल (हेक्टर) | परिवार सङ्ख्या | क्षेत्रफल (हेक्टर) |
| | भोजपुर | ३३६४५ | २१८९४.३ | १८५२३ | १५१५.७ | १८९८४ | १५३६.१ | ८८१६ | ८२०.१ | २२६१३ | ७७९.१ | २११३५ | ७६१.५ |
| १ | रामप्रसादराई गाउँपालिका | ३४९८ | १८१२.३ | २०२० | ८९.४ | १६३२ | १०४.७ | २१३७ | १७२.६ | २३४४ | ४८.४ | २०३७ | २९.० |

तालिका ४(क): स्थानीय तह अनुसार मुख्य अस्थायी बाली लागेका जग्गाको क्षेत्रफल तथा कृषक परिवार सङ्ख्या

| क्र. सं. | जिल्लाअनुसार स्थानीय तह | धान | | गहुँ | | मकै | | कोदो | | जौ/उवा | | फापर | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिवार सङ्ख्या | क्षेत्रफल (हेक्टर) | परिवार सङ्ख्या | क्षेत्रफल (हेक्टर) | परिवार सङ्ख्या | क्षेत्रफल (हेक्टर) | परिवार सङ्ख्या | क्षेत्रफल (हेक्टर) | परिवार सङ्ख्या | क्षेत्रफल (हेक्टर) | परिवार सङ्ख्या | क्षेत्रफल (हेक्टर) |
| | भोजपुर | १४८१७ | ६७३१.० | २९५८ | ३७७.७ | ३२९३६ | १०४०२.९ | २४०१५ | ४२२८.१ | १७८ | ११.६ | १६०९ | ८६.८ |
| १ | रामप्रसादराई गाउँपालिका | १३२५ | ४३२.५ | २८८ | ४२.९ | ३४८० | १०१२.२ | २९७५ | २९५.५ | ९ | ०.९ | ७५७ | २८.३ |

तालिका ५ : स्थानीय तह अनुसार बगैचाको रुपमा लगाइएका जम्मा स्थायी बालीको क्षेत्रफल, बोट सङ्ख्या, छरिएर रहेका बोट सङ्ख्या र कृषक परिवार सङ्ख्या

| क्र. सं. | जिल्लाअनुसार स्थानीय तह | जम्मा कृषक परिवार सङ्ख्या | कृषक परिवारले चलन गरेकोजग्गाको जम्मा क्षेत्रफल (हेक्टर) | स्थायी बाली | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कृषक परिवार सङ्ख्या | बगैचाको रुपमा लगाइएका जम्मा स्थायी बालीको क्षेत्रफल (हेक्टर) | बगैचाको रुपमा लगाइएका | | | | | | छरिएका बोट सङ्ख्या | |
| | | | | | | फल लाग्ने उमेरको | | | फल नलाग्ने उमेरको | | | | |
| | | | | | | परिवार सङ्ख्या | क्षेत्रफल (हेक्टर) | बोट सङ्ख्या | परिवार सङ्ख्या | क्षेत्रफल (हेक्टर) | बोट सङ्ख्या | फल लाग्ने उमेरको | फल नलाग्ने उमेरको |
| | भोजपुर | ३४७८४ | २५७२६.९ | २८७३५ | २६८०.७ | १०५८३ | १४४६.० | ५७९३९६ | ९६२९ | १२३४.७ | ४८३९४४ | ३६८८३४ | १७८०४८ |
| १ | रामप्रसादराई गाउँपालिका | ३५४३ | १९२४.४ | ३२२७ | ९८.० | ६७६ | ४६.२ | २५२०१ | ६५८ | ५१.७ | २५३३७ | ३७२४६ | २०६८१ |

तालिका ५(क) : स्थानीय तह अनुसार बगैचाको रुपमा लगाइएका मुख्य स्थायी बालीको क्षेत्रफल, बोट सङ्ख्या, छरिएर रहेका बोट सङ्ख्या र कृषक परिवार सङ्ख्या

| क्र. सं. | जिल्लाअनुसार स्थानीय तह | सुन्तला | | | | कागती | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कृषक परिवार सङ्ख्या | बगैचाको रुपमा लगाइएका | | छरिएका बोट सङ्ख्या | कृषक परिवार सङ्ख्या | बगैचाको रुपमा लगाइएका | | छरिएका बोट सङ्ख्या |
| | | | क्षेत्रफल (हेक्टर) | बोट सङ्ख्या | | | क्षेत्रफल (हेक्टर) | बोट सङ्ख्या | |
| | भोजपुर | १०९४५ | ३६५.७ | ३१७१६४ | ६६७४६ | ६७९६ | १३९.७ | ११९३३६ | २७००४ |
| १ | रामप्रसादराई गाउँपालिका | १८३९ | २५.६ | १९२२२ | ११११९७ | १०१९ | ८.० | ३८५९ | ३७९६ |

तालिका ५(ख) : स्थानीय तह अनुसार बगैचाको रुपमा लगाइएका मुख्य स्थायी बालीको क्षेत्रफल, बोट सङ्ख्या, छरिएर रहेका बोट सङ्ख्या र कृषक परिवार सङ्ख्या

| क्र.सं. | जिल्लाअनुसार स्थानीय तह | आँप | | | | केरा | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कृषक परिवार सङ्ख्या | बगैचाको रुपमा लगाइएका | | छरिएका बोट सङ्ख्या | कृषक परिवार सङ्ख्या | बगैचाको रुपमा लगाइएका | | छरिएका बोट सङ्ख्या |
| | | | क्षेत्रफल (हेक्टर) | बोट सङ्ख्या | | | क्षेत्रफल (हेक्टर) | बोट सङ्ख्या | |
| | भोजपुर | ३८२३ | ४२.२ | १२७३८ | १३०९७ | ८१७७ | ६८.१ | ९७८९५ | ५३५६४ |
| १ | रामप्रसादराई गाउँपालिका | ४०६ | १.३ | २८९ | १३४४ | १०३७ | २.२ | २११० | ८८५६ |

तालिका ६: स्थानीय तह अनुसार प्रमुख बालीहरुमा कृषि सामग्री (बीउबीजन, विषादी, मल) प्रयोग गर्ने कृषक परिवार सङ्ख्या

| क्र.सं. | जिल्लाअनुसार स्थानीय तह | जम्मा कृषक परिवार सङ्ख्या | धान | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कृषक परिवार सङ्ख्या | बीजनको किसिम प्रयोग गर्ने कृषक परिवार सङ्ख्या | | | कीटनाशक विषादी को प्रयोग गर्ने कृषक परिवार सङ्ख्या | मलको प्रयोग कृषक परिवार सङ्ख्या | | |
| | | | | स्थानीय | उन्नत | वर्णशंकर (हाइब्रिड) | | स्थानीय/ जैविक मल | खनिज/ रासायनिक मल | दुवै |
| | भोजपुर | ३४७८४ | १४८१७ | १४७५९ | ४९ | ८ | २६७५ | ९३११ | ८५३ | ४६५३ |
| १ | रामप्रसादराई गाउँपालिका | ३५४३ | १३२५ | १३२५ | ० | ० | ३४३ | ७९४ | २१६ | ३१५ |

तालिका ६(क): स्थानीय तह अनुसार प्रमुख बालीहरुमा कृषि सामग्री (बीउबीजन, विषादी, मल) प्रयोग गर्ने कृषक परिवार सङ्ख्या

| क्र.सं. | जिल्लाअनुसार स्थानीय तह | जम्मा कृषक परिवार सङ्ख्या | मकै | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कृषक परिवार सङ्ख्या | बीजनको किसिम प्रयोग गर्ने कृषक परिवार सङ्ख्या | | | कीटनाशक विषादीको प्रयोग गर्ने कृषक परिवार सङ्ख्या | मलको प्रयोग कृषक परिवार सङ्ख्या | | |
| | | | | स्थानीय | उन्नत | वर्णशंकर (हाइब्रिड) | | स्थानीय/ जैविक मल | खनिज/ रासायनिक मल | दुवै |
| | भोजपुर | **३४७८४** | **३२९३६** | **३२५८४** | **३१२** | **४०** | **५६७३** | **१८४६८** | **४७२** | **१३९९६** |
| १ | रामप्रसादराई गाउँपालिका | ३५४३ | ३४८० | ३४५३ | १८ | ९ | ६३१ | ९६६ | १८ | २४९६ |

तालिका ६(ख): स्थानीय तह अनुसार प्रमुख बालीहरुमा कृषि सामग्री (बीउबीजन, विषादी, मल) प्रयोग गर्ने कृषक परिवार सङ्ख्या

| क्र.सं. | जिल्लाअनुसार स्थानीय तह | जम्मा कृषक परिवार सङ्ख्या | गहुँ | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | कृषक परिवार सङ्ख्या | बीजनको किसिम प्रयोग गर्ने कृषक परिवार सङ्ख्या | | कीटनाशक विषादीको प्रयोग गर्ने कृषक परिवार सङ्ख्या | मलको प्रयोग कृषक परिवार सङ्ख्या | | |
| | | | | स्थानीय | उन्नत | | स्थानीय/ जैविक मल | खनिज/ रासायनिक मल | दुवै |
| | भोजपुर | ३४७८४ | २९५८ | २९५८ | ० | ११ | २४६९ | ० | ४८९ |
| १ | रामप्रसादराई गाउँपालिका | ३५४३ | २८८ | २८८ | ० | ० | २५२ | ० | ३६ |

तालिका ७: स्थानीय तह अनुसार पाल्तु चौपाया तथा पन्छीको सङ्ख्या र कृषक परिवार

| क्र.सं. | जिल्लाअनुसार स्थानीय तह | जम्मा कृषक परिवार सङ्ख्या | पाल्तु चौपाया | | | | | | | | | | | | | | पाल्तु पन्छी | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पशु चौपाया पाल्ने कृषक परिवारको जम्मा सङ्ख्या | गाई/गोरु | | राँगा/भैंसी | | बाख्रा/च्याङ्ग्रा | | भैंडा/भैंडी | | सुगुँर/बंगुर | | अन्य पशु | | कुखुरा | | अन्य पन्छी | |
| | | | | कृषक परिवार सङ्ख्या | गाई/गोरु सङ्ख्या | कृषक परिवार सङ्ख्या | राँगा/भैंसी सङ्ख्या | कृषक परिवार सङ्ख्या | बाख्रा/च्याङ्ग्रा सङ्ख्या | कृषक परिवार सङ्ख्या | भैंडा/भैंडी सङ्ख्या | कृषक परिवार सङ्ख्या | सुगुँर/बंगुर सङ्ख्या | कृषक परिवार सङ्ख्या | अन्य पशु सङ्ख्या | कृषक परिवार सङ्ख्या | कुखुरा सङ्ख्या | कृषक परिवार सङ्ख्या | अन्य पन्छी सङ्ख्या |
| | भोजपुर | ३४७८४ | ३३६०६ | २६७८८ | ८०७६१ | १२६४२ | २३९०२ | २१५५१ | १५८९८८ | ९६६ | ३८७० | १८३९२ | ४६५१६ | ७८७ | १९१९ | ३१८२० | ४५३०६१ | ४४३६ | २६२९८ |
| १ | रामप्रसाराई गाउँपालिका | ३५४३ | ३४७१ | २९७५ | ८८३६ | १६३२ | २६०५ | २६५९ | १९२९४ | १८ | १०८ | २०८२ | ३९३० | १८ | २७ | ३२७३ | ३९७५६ | ९११ | ४९७१ |

तालिका ८: स्थानीय तह तथा कृषि कामदारको किसिमअनुसार कामदारहरुको सङ्ख्या र कामदार प्रयोग गर्ने कृषक परिवार सङ्ख्या

| **क्र.सं.** | **जिल्ला अनुसार स्थानीय तह** | **जम्मा कृषक परिवार सङ्ख्या** | **स्थायी कामदार** | | | | **अस्थायी कामदार** | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | **कामदार प्रयोग गर्ने कृषक परिवार सङ्ख्या** | **स्थायी कामदार सङ्ख्या** | | | **कामदार प्रयोग गर्ने कृषक परिवार सङ्ख्या** | **अस्थायी कामदारको व्यक्ति दिन** | | |
| | | | | **जम्मा** | **पुरुष** | **महिला** | | **जम्मा** | **पुरुष** | **महिला** |
| | भोजपुर | ३४७८४ | १८७ | ३२५ | १७३ | १५३ | ११०२३ | ३९९१४८ | १९०५९१ | २०८५५७ |
| १ | रामप्रसादराई गाउँपालिका | ३५४३ | ० | | | | ७३० | १८२२१ | ७७०४ | १०५१७ |

तालिका ९: स्थानीय तह तथा कृषि कामदारको किसिम अनुसार कामदारहरुको सङ्ख्या र कामदार प्रयोग गर्ने कृषक परिवार सङ्ख्या

| क्र.सं. | जिल्लाअनुसार स्थानीय तह | जम्मा कृषक परिवार सङ्ख्या | पर्ममा लगाएका कामदार | | | | ठेक्कामा लगाएका कामदार | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कामदार प्रयोग गर्ने कृषक परिवार सङ्ख्या | पर्ममा लगाएका कामदारको व्यक्ति दिन | | | कामदार प्रयोग गर्ने कृषक परिवार सङ्ख्या | ठेक्कामा लगाएका कामदारको व्यक्ति दिन | | |
| | | | | जम्मा | पुरुष | महिला | | जम्मा | पुरुष | महिला |
| | भोजपुर | ३४७८४ | २५०९५ | ७०६८३४ | ३२३०४५ | ३८३७८९ | २३२ | २४३९ | १५१८ | ९२१ |
| १ | रामप्रसादराई गाउँपालिका | ३५४३ | २५७८ | ६८८८८ | ३४०८९ | ३४८०० | ० | | | |

तालिका १०: स्थानीय तह अनुसार कृषि ऋृण, थप ऋृणको आवश्यकता, बिमा तथा अनुदान प्राप्त गर्ने कृषक परिवार सङ्ख्या

| क्र.सं. | जिल्लाअनुसार स्थानीय तह | जम्मा कृषक परिवार सङ्ख्या | कृषि ऋृण लिएका कृषक परिवार सङ्ख्या | कृषि ऋृण / थप ऋृणको आवश्यकता उल्लेख गर्ने कृषक परिवार सङ्ख्या | कृषि क्रियाकलापको लागि बिमा गरेका कृषक परिवार सङ्ख्या | कृषि कार्यको लागि सरकारी अनुदान प्राप्त गरेका कृषक परिवार सङ्ख्या |
|---|---|---|---|---|---|---|
| | भोजपुर | **३४७८४** | **२५८५** | **१२६६९** | **२०८** | **५१३४** |
| १ | रामप्रसादराई गाउँपालिका | ३५४३ | १३५ | १२५३ | ० | ५६८ |

तालिका ११: स्थानीय तह तथा जलवायु परिवर्तन बारे जानकारी राख्ने र कृषि कार्यमा जलवायु परिवर्तनले पुऱ्याएको प्रभावअनुसार कृषक परिवार सङ्ख्या

| क्र.सं. | जिल्ला अनुसार स्थानीय तह | जम्मा कृषक परिवार सङ्ख्या | जलवायु परिवर्तन बारे थाहा हुने कृषक परिवार सङ्ख्या | कृषि कार्यमा जलवायु परिवर्तनले पुऱ्याएको प्रभाव उल्लेख गर्ने कृषक परिवार | कृषि कार्यमा जलवायु परिवर्तनले पुऱ्याएको प्रभावअनुसार कृषक परिवार | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | उत्पादनमा कमी | उत्पादनमा वृद्धि | फल/फसलको आकारमा परिवर्तन | स्वादमा परिवर्तन | बाली लगाउने समयमा फरक | धेरै वा कम वर्षा | रोग/किराको प्रकोपमा वृद्धि | ब्रिडिङ समयमा परिवर्तन | प्रजातिको लोप/उत्थान | अन्य |
| | भोजपुर | ३४७८४ | १९८२६ | १८३६७ | १६५७० | १००२ | ४६५८ | २१८३ | ९४९२ | ९११३ | १४४०३ | १८०३ | ७७६ | ३६ |
| १ | रामप्रसादराई गाउँपालिका | ३५४३ | ११८१ | १०९१ | १००० | १८ | ७२ | ४५ | ४५१ | ४८७ | ९७३ | २७ | ३६ | ० |

तालिक १२: स्थानीय तह अनुसार कृषि चलनबाट निस्किएका फोहोरको निम्न अनुसार व्यवस्थापन गरेका कृषक परिवार सङ्ख्या

| क्र.सं. | जिल्लाअनुसार स्थानीय तह | जम्मा कृषक परिवार सङ्ख्या | कृषि चलनबाट निस्किएका फोहोरको निम्नअनुसार व्यवस्थापन गरेका कृषक परिवार सङ्ख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | गाडेर | जलाएर | फोहोर व्यवस्थापकलाई पठाएर | कम्पोष्ट बनाएर | इन्धनको रुपमा प्रयोग गरेर | अन्य तरिकाले व्यवस्थापन गरेर | कुनै व्यवस्थापन नगरेको |
| | भोजपुर | ३४७८४ | १२०११ | २५४४९ | ८५८ | १७६४९ | २७४२ | ५२२९ | ११०१ |
| १ | रामप्रसादराई गाउँपालिका | ३५४३ | ७०३ | ३४६२ | २७ | २२६३ | १९८ | ३८८ | २७ |

तालिका १३: स्थानीय तह तथा लिङ्ग अनुसार मुख्य कृषकको सङ्ख्या तथा कृषक परिवारको जनसङ्ख्या

| क्र.सं. | जिल्लाअनुसार स्थानीय तह | जम्मा कृषक परिवार सङ्ख्या | लिङ्गअनुसार मुख्य कृषक सङ्ख्या | | कृषक परिवारको जनसङ्ख्या | |
|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | पुरुष | महिला |
| | भोजपुर | **३४७८४** | **२५७४७** | **९०३७** | **६९६६०** | **७१९४२** |
| १ | रामप्रसादराई गाउँपालिका | ३५४३ | २६५१ | ८९२ | ६७३५ | ७०७८ |

तालिका १४ स्थानीय तह तथा लिङ्ग अनुसार कृषि तालिम, कृषि कार्यसम्बन्धी निर्णयमा सहभागिता तथा कृषि क्रियाकलापमा सरदर दिएको समय उल्लेख गर्ने १० वर्ष वा सोभन्दा माथि उमेरका कृषक परिवारको जनसङ्ख्या

| क्र.सं. | जिल्लाअनुसार स्थानीय तह | औपचारिक कृषि तालिम लिएका कृषक परिवारको जनसङ्ख्या | | कृषि कार्यसम्बन्धी निर्यायमा सहभागिता जनाउने कृषक परिवारको जनसङ्ख्या | | कृषि क्रियाकलापमा सरदर दिएको समयअनुसार कृषक परिवारको जनसङ्ख्या | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | कम (<40%) | | करिब आधा (40%-59%) | | धेरै (60%-99%) | | सबै (100%) | | समय नै नदिएको | |
| | | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| | **भोजपुर** | ३२३४ | २३१५ | ४०९२७ | ३८३५७ | ११७२८ | ११३१४ | ११६३४ | १३३९९ | १७२२४ | १८२७० | १०६७३ | ९८३२ | ७४८२ | ८३६८ |
| १ | रामप्रसादराई गाउँपालिका | ३२४ | १३५ | ३६८७ | २८९४ | १०७३ | १०१० | १२२६ | १९३९ | २२९० | १६८६ | २१६ | २६१ | ८३८ | ११९९ |

तालिका १५: स्थानीय तह अनुसार कृषि चलनमा परिवारमूली र कृषि चलनको स्थिति

| क्र.सं. | जिल्लाअनुसार स्थानीय तह | जम्मा कृषक परिवार सङ्ख्या | परिवारमूली | | कृषि चलनको स्थिति | | |
|---|---|---|---|---|---|---|---|
| | | | मुख्य कृषक आफै परिवारमूली | परिवारमूली अन्य व्यक्ति | एक–चलन परिवार | बहु–चलन परिवार | साझा–चलन परिवार |
| | भोजपुर | ३४७८४ | ३१८८३ | २९०२ | ३४६०८ | १०० | ७७ |
| १ | रामप्रसादराई गाउँपालिका | ३५४३ | ३१०१ | ४४२ | ३५३४ | ० | ९ |

तालिका १६: स्थानीय तह तथा कृषि चलनको प्रमुख उत्पादन/क्रियाकलाप अनुसार कृषक परिवार सङ्ख्या

| क्र.सं. | जिल्लाअनुसार स्थानीय तह | जम्मा कृषक परिवार सङ्ख्या | कृषि चलनको प्रमुख उत्पादन/क्रियाकलापअनुसार कृषक परिवार सङ्ख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | खाद्यान्न बाली | तरकारी बाली | फलफूल बाली | नगदे बाली | पशुपालन | पन्छीपालन | अन्य |
| | भोजपुर | ३४७८४ | ३३११८ | ४९४ | २३५ | ४२८ | ३५५ | ४१ | ११३ |
| १ | रामप्रसादराई गाउँपालिका | ३५४३ | ३४६२ | २७ | २७ | ० | १८ | ९ | ० |

तालिका १७: स्थानीय तह तथा कृषि चलनबाट भएको प्रमुख उत्पादनको मुख्य प्रयोगअनुसार कृषक परिवार सङ्ख्या

| क्र.सं. | जिल्लाअनुसार स्थानीय तह | जम्मा कृषक परिवार सङ्ख्या | कृषि उत्पादनको मुख्य प्रयोगअनुसार कृषक परिवार सङ्ख्या | | | |
|---|---|---|---|---|---|---|
| | | | सबै घरायसी उपभोग | मुख्य घरायसी उपभोग र केही बिक्री | मुख्य बिक्री र केही घरायसी उपभोग | सबै बिक्री |
| | **भोजपुर** | **३४७८४** | **२९४००** | **४३५८** | **८२५** | **२०२** |
| १ | रामप्रसादराई गाउँपालिका | ३५४३ | ३१८२ | ३६१ | ० | ० |

तालिका १८: स्थानीय तह अनुसार कृषक परिवारको आम्दानीको मुख्य स्रोत, आफ्नै कृषि उत्पादनबाट भएको आम्दानीले मात्र वर्षभरी परिवारलाई खान नपुग्ने कृषि चलनको अवस्था तथा परिवारलाई खान नपुग्ने अवधि अनुसार कृषक परिवार सङ्ख्या

| **क्र. सं.** | **जिल्लाअनुसार स्थानीय तह** | **जम्मा कृषक परिवार सङ्ख्या** | **कृषक परिवारको आम्दानीको मुख्य स्रोत** | | **कृषि उत्पादनबाट भएको आम्दानीले मात्र वर्षभरी परिवारलाई खान नपुग्ने कृषक परिवार सङ्ख्या** | **परिवारलाई खान नपुग्ने अवधि अनुसार कृषक परिवार सङ्ख्या** | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | **कृषि** | **गैर कृषि** | | **१ देखि ३ महिना** | **४ देखि ६ महिना** | **७ देखि ९ महिना** | **१० देखि १२ महिना** |
| | भोजपुर | ३४७८४ | २९६४१ | ५१४४ | २५३३९ | ६६२६ | १३०८३ | ४७४१ | ८८९ |
| १ | रामप्रसादराई गाउँपालिका | ३५४३ | ३१०१ | ४४२ | २९६६ | १०७३ | १५४२ | ३१५ | ३६ |

**पशुपन्छी तथ्याङ्क**

| **क्र.स.** | **पशुको सङ्ख्या** | **स्थानीय** | **उन्नत** | **जम्मा** |
|---|---|---|---|---|
| १ | बंगुर | ५,२०५ | २,८३६ | ८,०४१ |
| २ | बाखा | १४,७५३ | ३,६०५ | १८,३५८ |
| ३ | भैंसी/राँगो | १,०४५ | २४२ | १,२८७ |
| ४ | गाई/गोरु | ८,२८८ | १,१५५ | ९,४४३ |
| ५ | हाँस | १६० | ० | १६० |
| ६ | कुखुरा | १७,९५५ | ६,७२५ | २५,६८० |

**अनुसुची २ : रामप्रसादराई गाउँपालिकाको विभिन्न वडाहरुको कृषि सम्बन्धी क्षेत्रगत विशेषता**

| वडा नं १ | वडा नं २ | वडा नं ३ | वडा नं ४ | वडा नं ५ | वडा नं ६ | वडा नं ७ | वडा नं ८ |
|---|---|---|---|---|---|---|---|
| **पखुवा** - तरकारी खेती **चेवा** - स्याउ/एभोकाडो/किवी/मकै/कोदो/अलैची **भिराले** - कागती **ओखे** - किवी, मकै, तोरी **हर्बु** - किवी, मकै **खाखौला** - आलु, मकै **फलामखानी** - आलु, किवी **रोक्टावा** - अलैची **सिकेटान** - मकै, कोदो, तरकारी **खेना** - आलु, मकै, बंगुर, किवी **वुवालुङ्ग** - किवी **भिराले** - चिराइतो, पाखनवेद **सिंचाइः** ओइराङ्ग खोला मुहान लुम्बोक कुलो दमाइ खोला कुलो सिक्तेल खोला सिंचाई | **वन्थीटाङ** - मकै, किवी **डुडलेखानी** - सुन्तला, कागती, आलु, धान **नेपालगाउँ** - कागती, सुन्तला **सागवाला** - मकै **बाघखोरा** - बाखापालन **कटुन्जे** - किवी, एभोकाडो **पापमखाम** **भञ्ज्याङ** - मकै **डिङडाङ** **जखुटे** - कोदो | **नामन्ताडाँडा** - मकै, कोदो, पोखरी **सुर्के** - मकै, आलु **ओखे** - आलु भुल्के - प्रस्तावित पोखरी/मनसरम खोला सिचाई/च्याउ खेती **स्यानो भुल्के** - तरकारी, केरा, बाखापालन, सिचाई बडेचौर - धान **मटेकोरे** - च्याउ, पोखरी, मकै, कोदो एभोकाडो, सिंचाई भोक्तेनी मूल | **खेवा** **भञ्ज्याङ** - कोदो, सुन्तला, कागती, मकै **लाकुरे खोला सिंचाई** **दिण्यणी** - किवी, अलैची **दालगाउँ** - तोरी, आँप, लिची, केरा **सहेलेगाउँ** - कोदो, मकै थालाखान - दलहन, कालो मस्याम, सिमी **भलायोखर्क** - जुनेलो **सानोबुवा खोला लिफ्टिङ** **सिक्तेल खोला मुहान** **बेहेरे खोला मुहान** | **टुनटान** - सुन्तला माने **भञ्ज्याङ** - कागती **वसुवा** - कोदो **कार्तिके** - एभोकाडो **ठूलोगाउँ** - मकै, बाखा **गुराँसे** - मकै **अर्चले** - कफी भोर्लेनी - कागती **सिंचाइ** धारा खोला लिफ्टिङ ज्यामिरे मुहान कटहरे मुहान बेहेरे खोला मुहान विभोटे खोला लिफ्टिङ | जडिबुटी, **सान्के** - स्याउ, किवी, आलु **होमतोक** - अलैची **तामालुङ** - अलैची **कन्याडाँडा** - बाखा, सुन्तला **बलेढुंगा** - कागती, धान **वागपा** - मकै, कोदो फापर, मौरी **खोलाखर्क** - अल्लो **भाम्ला** - मौरी **साकावास** - मकै **बैकुण्ठे** - सिंचाइ पोखरी, मकै, धान **कुवापानी** - तरकारी, बंगुरपालन **भलारा** - मौरी **शिरिसे** - कागती, बाखा, गाई/भैँसी **मोन्टेड** - कोदो **छापगाउँ** - सुन्तला, कोदो, फापर **डिङ्ला** - बंगुर जोगी खोला सिंचाई | **समाडकाली** - आलु खुक्ला - मकै, कोदो **सान्डीलुंग** - सुन्तला **वासीखोरा** - मकै, कोदो **ओखराङ्ग** - मकै, आलु **रक्सो** - सुन्तला **मन्टेना** - धान कावा/चुकुवा खोला मूल **लिफ्टिङ** - आरिमकुवा दोभान खानेपानी | **वार्ताङ** - मकै, कोदो, केरा, आँप, लिची, कटहर **भञ्ज्याङ गाउँ** - तरकारी, पोखरी, कोदो, मकै **छ्याँलाङ्ग** - सुन्तला, धान, मकै, मुहान **वगचखा** - किवी, मुहान, पोखरी, लिफ्टिङ **वहुरांग** - अदुवा, धान, सुन्तला, मुहान **पमाख** - सुन्तला कावाखोला मुहान |

## अनुसुची ३ः रामप्रसादराई गाउँपालिकाको कृषि सम्बन्धी वडागत विवरण

### वडा नं १

पखुवा - तरकारी खेती

चेवा - स्याउ/एभोकाडो/किवी/मकै/कोदो/अलैची

भिराले - कागती

ओखे - किवी, मकै, तोरी

हर्बु - किवी, मकै

खाखौला - आलु, मकै

फलामखानी - आलु, किवी

रोक्टावा - अलैची

सिकेटाङ्ग - मकै, कोदो, तरकारी

खेना - आलु, मकै, बंगुर, किवी

वुवालुङ्ग - किवी, आलु, मकै

भिराले - चिराइतो, पाखनवेद

समग्र वडा मकै, आलु, अलैंची र किवी पकेट क्षेत्र

**सिंचाइ**

ओइराङ्ग खोला मुहान

लुम्बोक कुलो

दमाइ खोला कुलो

सिक्तेल खोला सिंचाई

### वडा नं २

वन्थीटाङ - मकै, किवी

डुडलेखानी - सुन्तला, कागती, आलु, धान

नेपालगाउँ - कागती, सुन्तला

सागवाला - मकै

बाघखोरा - बाख्रापालन

कटुन्जे - किवी, एभोकाडो

पापमखाम भञ्ज्याङ- मकै

डिङडाङ जखुटे - कोदो

छोइलेखानी- सुन्तला, कागती/मकै

कटुन्जे - किवी/एभोकाडो/नास्पाती

खाक्ताङ्ग- आलु

वारपोटा- खसीबोका

कटुन्जे - अलैची

## वडा नं ३

नामन्ताडाँडा - मकै, कोदो,

सुर्के - मकै, आलु

ओखे - आलु

स्यानो भुल्के - तरकारी, केरा, बाख्रापालन, सिचाई

बडेचौर - धान

मटेकोरे - च्याउ, पोखरी, मकै, कोदो एभोकाडो, सिंचाई

भोक्तेनी मूल

भुल्के - प्रस्तावित पोखरी/ मनसरम खोला सिचाई/ च्याउ खेती

## वडा नं ४

खेवा भञ्ज्याङ - कोदो, सुन्तला, कागती, मकै

दिण्यणी - किवी, अलैची

दालगाउँ - तोरी, आँप, लिची, केरा

सहेलेगाउँ - कोदो, मकै

थालाखान - दलहन, कालो मस्याङ, सिमी

भलायोखर्क - जुनेलो

**सिंचाई**

नामन्ताडाँडा पोखरी

सानोबुवा खोला लिफ्टिङ

सिक्तेल खोला मुहान

बेहेरे खोला मुहान

लाकुरे खोला सिंचाई

## वडा नं ५

टुनटान - सुन्तला

माने भञ्ज्याङ - कागती

वसुवा - कोदो

कार्तिके - एभोकाडो

ठूलोगाउँ - मकै, बाख्रा

गुराँसे - मकै

अर्चले - कफी

भोर्लेनी - कागती

**सिंचाई**

धारा खोला लिफ्टिङ सिंचाई

ज्यामिरे मुहान

कटहरे मुहान

बेहेरे खोला मुहान

विभोटे खोला लिफ्टिङ

## वडा नं ६

सान्के - स्याउ, किवी, आलु

होमतोक - अलैची

तामालुङ - अलैची

कन्याडाँडा - बाख्रा, सुन्तला

बलेढुंगा - कागती, धान

वागपा - मकै, कोदो फापर, मौरी

खोलाखर्क - अल्लो

भाम्ला - मौरी

साकावास - मकै

बैकुण्ठे - सिंचाइ पोखरी, मकै, धान

कुवापानी - तरकारी, बंगुरपालन

भलारा - मौरी

शिरिसे - कागती, बाख्रा, गाई/भैँसी

मोन्टेङ - कोदो

छापगाउँ - सुन्तला, कोदो, फापर

डिङ्ला - बंगुर

**सिंचाई**

जोगी खोला सिंचाई

## वडा नं ७

समाडकाली - आलु

खुक्ला - मकै, कोदो

सान्डीलुंग - सुन्तला

वासीखोरा - मकै, कोदो

ओखराङ्ग - मकै, आलु

रक्सो - सुन्तला

मन्टेना - धान

वासीखोरा, वोगराङ -मकै

विरकाला - एभोकाडो

**सिंचाई**

कावा/चुकुवा खोला मूल

लिफ्टिङ - आरिमकुवा दोभान खानेपानी

## वडा नं ८

वार्ताङ - मकै, कोदो, केरा, आँप, लिची, कटहर

भन्ज्याङ्गगाउँ - तरकारी, पोखरी, कोदो, मकै

छ्याँलाङ्ग - सुन्तला, धान, मकै, मुहान

वगचखा - किवी

वहुरांग - अदुवा, धान, सुन्तला

पमाख - सुन्तला

याङखीम, खखला, खोक्रीम - मकै

दाक्चाख, पुङखीम, किवी-आलु

खोकहीम- तोरी

खोक्सीम, भञ्ज्याङ- कागती/सुन्तला

बराताङ्ग-लिची आँप

वाक्चाख, कापा -अलैची

वाडुराङ्ग, खोक्सीम -अइवा

वाक्चाखा- अदुवा/खुर्सानी

वाक्चाखा - किवी

पूङवीम, खखला - चिराइतो

**सिंचाई**

कावाखोला मुहान

**कार्यनीति**

- खेतीपातीमा लाग्ने रोगकीरा न्युनीकरणका लागि जैविक विषादी तालिम प्रदान गर्ने ।
- प्लास्टिक पोखरी, थोपा सिंचाइ, लिफ्ट सिंचाइ लगायत विकल्पहरु मार्फत सिंचाइ सुविधा सुनिश्चित गर्ने ।
- तरकारी तथा फलफुलको हाइटेक नर्सरी स्थापना गर्ने ।
- बाली विविधिकरण र बेमौसमी तरकारी सम्बन्धी तालिम प्रदान गर्ने ।
- कृषि तथा भेटनरी सेवा केन्द्र स्थापना गर्ने ।
- घाँस काट्ने मेसिन तथा मकै गोड्ने मेसिन सहयोग गर्ने ।
- सामुदायिक बीउ केन्द्र स्थापना गर्ने ।
- फलफुल जोन स्थापना गर्ने ।
- किसानलाई मौरी र माछापालन सम्बन्धी तालिम तथा र सामाग्री सहयोग प्रदान गर्ने ।
- गोठ सुधार कार्यक्रम सञ्चालन गर्ने ।
- नश्ल सुधार कार्यक्रम सञ्चालन गर्ने ।
- दुग्धजन्य पदार्थको व्यवस्थापनका लागि चिस्यान केन्द्र तथा डेरी व्यवस्थापन गर्ने ।
- कुखुरा तथा बंगुरपालनमा अनुदान सहयोग प्रदान गर्ने ।
- प्रत्येक वडामा कृषि उपजको सङ्कलन र बजार व्यवस्थापन गर्ने
- कृषि सडक निर्माण गर्ने ।
- वडा नं. ३ को भुल्केलाई धान, वैकुण्ठेलाई सुन्तला र ओखेलाई तरकारी पकेट क्षेत्रका रुपमा विकास गर्ने ।
- खेना, हर्वु र ओखेलाई मत्स्य उत्पादन पकेट क्षेत्रका रुपमा विकास गर्ने ।
- वडा नं. १ को ओखेमा जडिबुटी (पाखनवेद) उत्पादन प्रवर्द्धन गर्ने ।
- १ वडा १ एग्रोभेट सञ्चालन गर्ने ।
- १ वडामा १ दक्ष प्राविधिक कर्मचारीको व्यवस्थापन गर्ने ।
- अलैची, अइवा, वेस्प जस्ता मसला खेती प्रोत्साहन गर्ने ।
- सिमी, मास, राज्मा उत्पादनमा जोड दिने।
- कोशेली घर स्थापना गर्ने ।
- कृषि उपज खरिद बिक्री केन्द्र स्थापना गर्ने ।
- फ्रेस हाउस स्थापना तथा व्यवस्थापन गर्ने ।
- वडा नं. ७ वासीखोरा, वोगराङलाई मकै जोनका रुपमा विकास गर्ने ।
- वडा नं. ७ विरकालाई एभोकाडो जोनका रुपमा विकास गर्ने ।
- वडा नं. ८ को याङखीम, खखला, खोक्रीम मकै पकेट क्षेत्रका रुपमा विकास गर्ने ।
- वडा नं ८ को दाक्चाख, पुङखीम लाई आलु पकेट जोन, खोकहीमलाई किवी पकेट जोन, खोक्सीमलाई कागती, भञ्ज्याङलाई सुन्तला, बराताङ्गलाई लिची आँप, वाक्चाख, कापालाई अलैची पकेट जोन, वाडुराङ्ग, खोक्सीमलाई अइवा, वाक्चाखालाई अदुवा/खुर्सानी, किवी पकेट जोनका रुपमा विकास गर्ने ।
- पूङवीम, खखलालाई चिराइतो उत्पादन क्षेत्र भनि विकास गर्ने ।
- छोइलेखानीलाई सुन्तला, कागती/मकै, कटुन्जेलाई किवी/एभोकाडो/नास्पाती, अलैची उत्पादन गर्ने तथा खाक्ताङ्गमा आलु र वारपोटालाई पशु पकेट क्षेत्र ।
- अल्लो उत्पादनलाई प्रोत्साहन गरी यस सम्बन्धित उद्योग व्यवसायलाई बढावा दिने ।
- कृषिबाली पात्रो तयार गरी वितरण गर्ने ।

- कृषि शीत भण्डार केन्द्र स्थापना गर्ने ।
- कृषि विकास नीति तथा योजना तर्जुमा गर्ने ।
- कृषि यन्त्र, प्रविधि तथा मेसिन उपकरणहरुको प्रयोग सम्बन्धी प्राविधिक एवम् सैद्धान्तिक ज्ञान र सीप प्रदान गरिने ।
- कृषिको यान्त्रिकीकरण कार्यक्रम अन्तर्गत मकै गोड्ने हाते मेसिन, ससाना गह्राहरुमा खनजोत गर्नका लागि खन्ने साधन, मकै गहुँ धान लगायतका बाली व्यवस्थापन गर्नका लागि सजिलो तथा कम खर्च लाग्ने कृषि औजार तथा यन्त्र निर्माण गर्नकालागि राष्ट्रिय आविष्कार केन्द्रसँग समन्वय तथा सहकार्य गर्ने ।
- उत्कृष्ट किसानलाई पुरस्कृत गरी प्रोत्साहन गरिने ।
- कृषि फार्म तथा कृषकको क्षमता वृद्धि गर्नका लागि बैंक तथा वित्तीय संस्था सँग सहकार्य गर्दै सहुलियत दरमा कृषि ऋणको व्यवस्था गरिने ।
- मोबाइल एप मार्फत कृषि सुचना, कृषि उपजको मुल्य, मौसमी प्रक्षेपण, विषयगत ज्ञान, मूल्य सुचना आदिको जानकारी गराउने ।
- जैविक तथा प्राङ्गारिक मल, गड्यौला आदिको व्यवसायिक रुपमा व्यापक उत्पादन गर्दै बजारमा नियमित रुपमा उपलब्ध गराउन सहकारी क्षेत्रसँग सहकार्य गरिने ।
- लागत न्युनीकरण र उत्पादन वृद्धि गर्नका लागि कृषिमा हाते ट्रयाक्टर वितरण तथा कृषिमा यान्त्रीकीकरण गरिने
- व्यवसायिक पशुपालनमा अनुदानको पहल गरिने ।
- कृषि बीमा कार्यक्रम, कृतिम गर्भाधान सेवा विस्तार, पशुसुत्केरी सेवा कार्यक्रम आदिलाई प्रभावकारी बनाउन पहल गरिने ।
- न्युन सिंचाइ सेवा आवश्यक पर्ने प्रजातिका खेतीबालीको प्रवर्द्धन गर्ने ।
- व्यवसायिक कृषिमा आवद्ध तथा अन्य कृषकका लागि आवश्यक तालिमको व्यवस्था गरिने
- गाउँपालिका भित्रका खेतियोग्य जमिनमा दीगो रुपमा सिंचाई सुविधा उपलब्ध गराउन कुलो मर्मत, निर्माण तथा बैकल्पिक उपायको खोजी गरी आवश्यक पूर्वाधारको निर्माण गरिने ।
- कृषिका लागि आवश्यक मल, उन्नत बीउमा अनुदान दिने तथा समयमै उपलब्ध गराउन पहल गरिने ।
- फापर, गहुँ, कपास, सिलाम, खूर्सानी, आलुपंखे, फापर, जुनेलो, सिस्नु, मकै, स्कूस, कोदो, घनकुट जस्ता रैथाने बालीको संरक्षणमा जोड दिइने ।
- प्रत्येक वडाहरुमा उच्च स्थानमा रिचार्ज पोखरी निर्माण गर्ने ।
- कृषक परिचय वितरण कार्यक्रम सञ्चालन गरि सोही अनुसार सेवा सुविधा उपलब्ध गराउने ।
- माछापालन, मौरीपालन, बाखापालन, बंगुरपालन, आदिमा प्रोत्साहन गर्दै खोर, घार, पोखरी निर्माणमा अनुदान पहल गर्ने ।
- वडा नं. १ को ओखे र वडा नं. ६ को बैकुण्ठेमा, वडा नं. ४ को दलगाउँमा र वडा न. ३ को भुल्केमा कृषि सङ्कलन केन्द्र स्थापना गर्ने ।
- वडा नं. १ को ओखे र वडा न. ३ को भुल्केमा चिस्यान केन्द्र स्थापना गर्ने ।
- आलुबाट चिप्स, दुधजन्य उत्पादनमा आधारित साना तथा घरेलु उद्योग सञ्चालन गर्ने ।
- वडा नं. ४ को दलगाउँ र वडा नं. ५ को मानेभञ्ज्याङमा वधशाला निर्माण गर्ने ।
- कृषि उपजको बजार प्रवर्द्धन एवम् संरक्षणका लागि ब्रान्डिंग गर्ने, सामुहिक व्यापार चिन्ह, भौगोलिक संकेत लिने व्यवस्था मिलाइने ।
- ४० वर्ष सम्मका युवा तथा वैदेशिक रोजगारबाट फर्केका युवालाई कृषिमा आकर्षित गर्न विशेष अनुदानको र आवश्यक तालिमको व्यवस्था गरिने ।

रामप्रसादराई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हँसपुर, भोजपुर कोशी प्रदेश, नेपाल

आज मिति २०८१ साल श्रावण १८ गतेका दिन राम प्रसाद राई गाउँपालिकाको सभाहलमा गाउँपालिकाका अध्यक्ष श्री श्याम बहादुर राई ज्यूको अध्यक्षतामा कृषि रणनीतिक गुरु योजनाको मस्यौदा प्रतिवेदनको छलफल तपसिल बमोजिमको उपस्थितिमा देहाय अनुसारको निर्णय गरियो।

उपस्थिति

१. अध्यक्ष श्री श्याम बहादुर राई
२. उपाध्यक्ष श्री वीरेन्द्र राई
३. प्र.प्र. वडा अध्यक्ष श्री राजकुमार लामा
४. सन्तोष पोखरेल (प्र.प्र.अ.)
५. वडाध्यक्ष अजय राई
६. वडाध्यक्ष सविना तामाङ
७. रोजगार संयोजक श्री मन्दिरा राई
८. कार्यपालिका सदस्य श्री प्रतिमा राई
९. श्री सरोज श्रेष्ठ (सूचना अधिकारी)
१०. श्री खोलराज भट्टराई ( ,, )
११ श्री अनल राई (आधिकृत सातौं)
१२ श्री राजेन्द्र प्रसाद पौडेल (ना.प्र.अ.)
१३ श्री इन्द्र कुमार घिमिरे (लेखापाल)
१४ श्री ? प्र.शाहि ?
१५ श्री जोशन कटेल इन्जिनियर
१६ श्री दान बहादुर भट्टराई (प्र.स.)
१७ श्री आशीष कुमार स्वकार्य प्राविधिक सहायक
१८ श्री सुमन श्रेष्ठ (ना.प्रा.स.)
१९. श्री धिरज कुमार ठाकुर (कृषि प्राविधिक)
२०. श्री भद्र बहादुर कार्की इन्चार्ज सहायक लेखापाल
२१ श्री डा. भागवत रिमाल — परामर्शदाता
२२ श्री इन्दुलाल — ,,

रामप्रसादराई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हँसपुर, भोजपुर कोशी प्रदेश, नेपाल

प्रस्ताव नं. १ – कृषि रणनीतिक गुरु योजना प्रतिवेदन माथि छलफल तथा सुझाव ।

निर्णय नं. १: राम प्रसाद राई गाउँपालिकाको कृषि रणनीतिक गुरु योजनाको मस्यौदा प्रतिवेदन माथि छलफल गरियो। छलफलबाट आएका सुझाव, थपघट सुधार सहितलाई प्रतिवेदनमा समावेश गरी अन्तिम प्रतिवेदन पालिकामा बुझाउने निर्णय गरियो।

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
कोशी प्रदेश, नेपाल






गोल्मे भिर

